◆ **सम्पादकीय-**

- आन्दोलन अविश्रान्त यात्राक्रम हो - २

◆ **आन्दोलन विशेष**

- आन्दोलनको एक वर्ष- **महासचिव माधवकुमार नेपाल** - ३
- संयुक्त जनआन्दोलनको एक वर्षको उपलब्धी- **भरतमोहन अधिकारी** - ५
- संयुक्त जनआन्दोलनको दिशा - **भीम रावल** - ७
- राजीनामा आयो, आशंका कायमै - १०
- आन्दोलनको एक वर्ष र सुधार्नुपर्ने कुरा - **रघु पन्त** - ११
- संयुक्त आन्दोलन र यसका विशेषता - **कोमल भट्टराई** - १३
- आन्दोलनबारे केही कुरा - १८

◆ **स्मृति**

- कमरेड मदन भण्डारीलाई सम्झँदा - **राजेन्द्र श्रेष्ठ** - २०
- मेरो सम्झनामा कमरेड आश्रित- **युवराज ज्ञवाली** - २३
- राष्ट्रले खोजेको राजनेता- **राजेन्द्र गौतम** - २५

◆ **म कसरी कम्युनिष्ट भएँ ?**

- पहिलो पटक कम्युनिष्ट नै बन्नुपर्छ भन्ने अठोट गरें - **वामदेव गौतम** - २६

◆ **संस्मरण**

- जनआन्दोलन ०४६ को इतिहास - **कियोको ओगुरो** - २८

◆ **सरोकार**

- संसारकै गरीब देश: सबभन्दा धेरै सुविधा- **सूर्य थापा** - २९

◆ **अर्थ**

- नेपालको निर्यात व्यापारका चुनौती - **डा. गोविन्दबहादुर थापा** - ३१

◆ **मोफसल**

- कपिलवस्तुमा कम्युनिष्ट आन्दोलन - **बलराम अधिकारी** - ३३

◆ **कविता**

- पञ्च विस्मृतका तीन कविता - ३४

◆ **रोचक इतिहास**

- महिला र मताधिकार- **कमल कोइराला** - ३५

◆ **समाचार**

- मजदुर वर्गको राष्ट्रिय महाधिवेशन - ३६

◆ **कृति परिचय** - ३७

◆ **चिनारी**

- कम्युनिष्ट आन्दोलनका प्रेरक व्यक्तित्व- **कृष्ण पौडेल** - ३८

◆ **नेतृत्व परिचय** - ४०

# आन्दोलन अविश्रान्त यात्राक्रम हो

*संयुक्त जनआन्दोलनले एक बर्षे अवधि पार गऱ्यो । नेपालको राजनीतिक आन्दोलनको यो रेकर्ड हो । आजभन्दा अगाडि यसरी निरन्तर, अटुट श्रृंखलाका रूपमा बर्ष दिनसम्म उही गतिमा आन्दोलन सञ्चालन हुन सकेको थिएन ।*

*चैत १९ गतेबाट आरम्भ भएको आन्दोलनले नेपाली राजनीतिको उत्कर्ष प्राप्त गरेको छ । राजाले ठिनेमिने पार्टीहरूसँग सल्लाह गर्न थाल्नु, राजधानीलाई दंगाग्रस्त क्षेत्र घोषणा गर्नु र फिर्ता लिनु आखिरमा प्रधानमन्त्री थापाको राजीनामा आउनु माथिल्लो उचाइमा उठेको आन्दोलनको प्रतिफल हो ।*

*लामो समयसम्म पार्टीहरूको भनिएको आन्दोलन अन्तमा जनताको आन्दोलन भएको छ । पार्टी र नागरिक एवम् जनवर्गीय संगठनमात्र होइन, सबैखाले सामुदायिक, पेशागत संगठनहरूसमेत आन्दोलनमा सहभागी भएका छन् ।*

*यसपालि मानवअधिकारवादी संघ-संस्था र पत्रकार संगठनहरूलाई समेत राजाको सरकारले आन्दोलनमा उत्रिन बाध्य पाऱ्यो । यो नेपाली राजनीतिको सर्वाधिक नयाँ र आन्दोलनको पक्षमा आएको परिवर्तनको संकेत हो ।*

*आन्दोलनको एक बर्ष बितिसकेको छ । तर पनि जनताका मागहरू पूरा भएका छैनन् । जनताका माग पूरा नहोउन्जेल आन्दोलन जारी हुनुपर्छ, आन्दोलनलाई अझ सशक्त र जुझारू बनाउन नयाँ नारा र मागहरूको खोजी हुनुपर्छ ।*

*के होला त्यस्तो नारा ? त्यो नाराले जनताको सार्वभौमसत्ताको पूर्ण ग्यारेन्टी गराउनुपर्छ । नेपाली जनताले धेरैपटक राजनीतिक स्वतन्त्रताका लागि लडाईं लडिसकेका छन् र जनताको सार्वभौमिकताको सुनिश्चितताको अभावमा बारम्बार उही मुद्दाका लागि जीवनको बलिदान दिँदै आएका छन् । यसपालि यो निरन्तरता टुट्नुपर्छ ।*

*वर्तमान राजनीतिको नेतृत्व राजासँग सहकार्य गरेर अघि बढ्ने मान्यतामा अझै प्रतिवद्ध छ । तर नेपाली युवा जनमत राजासँग सहकार्य गर्ने विन्दुबाट धेरै अगाडि बढिसकेको छ । त्यो सही छ कि गलत भन्ने अहिलेको बहसको विषय होइन । अहिलेको बहस हो, त्यसले राजनीतिलाई निकास दिन्छ कि दिँदैन ।*

*एकचोटी फेरि जागरूक समुदाय निष्कर्षका लागि तयार होस् । नारा लाउनु भनेको नाराले निकास खोज्नु पनि हो । हाम्रो चाहना राष्ट्रिय समस्याको समाधान हो । राजा दलहरूलाई शासन गर्न नदिने, राजालाई शासन गर्न सभ्यताले नदिने, माओवादीले आफ्नो निरंकुशता खोज्ने यो त्रिशङ्कुमा अड्किएको नेपालको राजनीतिक निकास के हो ? आन्दोलनको नारा त्यही हो ।*

# आन्दोलनको एक बर्ष

**' माधवकुमार नेपाल, महासचिव**

एक बर्षअघि संयुक्त जनआन्दोलन शुरू गर्दा धेरै मानिसहरूलाई आन्दोलनले यो उचाइ र आकार ग्रहण गरेर राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रको ध्यान यसरी आकर्षित गर्ला भन्ने लागेको थिएन। समाजका सबै तह, तप्का र वर्गका जनसमुदायलाई आन्दोलनले समेट्न सक्ला भन्ने पनि धेरैको विश्वास थिएन। आज आन्दोलन जुन उचाइ र विन्दुमा पुगेको छ, यसले प्रजातन्त्रप्रति विश्वास राख्ने आम जनताको शीर ठाडो भएको छ। राजनीतिक पार्टीहरूकै कारण प्रजातन्त्रको पक्षमा जनविश्वास बढाउन सम्भव भएको छ। अहिलेको आन्दोलन अब पाँचवटा राजनीतिक दलहरूको दायरामा मात्र सीमित छैन, यसले जनव्यापी स्वरूप ग्रहण गरिसकेको छ। आन्दोलन काठमाडौंमा मात्रै केन्द्रित छैन, यसले राष्ट्रव्यापी आकार ग्रहण गरिसकेको छ। यस अर्थमा चालु संयुक्त आन्दोलन प्रजातन्त्रको निम्ति वास्तविक जनआन्दोलनको रूपमा अगाडि बढिरहेको छ। आन्दोलनले यो उचाइ हासिल गर्ने क्रममा तीन जना साथीहरूले शहादत प्राप्त गर्नुभएको छ। बुटवलका विद्यार्थी देवीलाल पौडेल र रौतहट जिल्लाका पुराना किसान नेता एवं नेकपा (एमाले) को जिल्ला कमिटीका सदस्य कमरेड ताहिर मियाँ अन्सारी तथा बर्दियाका पार्टी सदस्य गजेन्द्रबहादुर शाहीले आन्दोलनकै दौरानमा मृत्युवरण गर्नुपरेको छ।

आन्दोलनका सिलसिलामा धेरै अग्रपंक्तिका नेताहरूका टाउका फुटेका छन्, हात-खुट्टा भाँचिएका छन् र कैयौंले अपमानजनक दुर्व्यवहारहरूको सामना गर्नुपरेको छ। आतंक र त्रास पैदा गर्न पछिल्लो अवधिमा आएर सरकार चक्रपथभित्रको क्षेत्रलाई दंगाग्रस्त क्षेत्र घोषणा गरी शान्तिपूर्ण आन्दोलनमाथि क्रूर दमनमा उत्रियो। लाठीचार्ज, विषालु ग्याँस र सीसा कोटेड गरिएका रबरका गोलीसमेत प्रयोग गर्‍यो। नेपाल मुस्लिम इत्तेहाद संगठनका अध्यक्ष नजिर मियाँ र नेकपा (एमाले) तल्लो सगरमाथा अंचल समन्वय कमिटीका सदस्य कमरेड राममणि पोखरेल तथा बागलुङका पार्टी सदस्य विपिन खड्काको शरीरमा त्यस्ता थुप्रै गोली लागेर घाइते हुनुभयो। प्रजातान्त्रिक राष्ट्रिय युवासंघका योद्धा रमेश शर्माले यही आन्दोलनका क्रममा आफ्नो एउटा आँखा गुमाउनुभयो। विषाक्त अश्रुग्याँसका कारण कमरेड ताहिर मियाँ अन्सारीले शहादत प्राप्त गर्नुभयो। सरकारले दमनको ताण्डव देखायो, तर बहादुर नेपाली जनता आन्दोलनको मैदानबाट पछि हटेनन्। कत्ति पनि आतंकित र विचलित भएनन्। २०६० चैत १९ गतेदेखि चालु नयाँ चरणको आन्दोलन लगातार एक महिनाभन्दा बढी अवधि चलेको छ। यसमा जनसहभागिता र जनसमर्थन निरन्तर बढिरहेको छ। फलतः प्रधानमन्त्री सूर्यबहादुर थापाले राजीनामा दिनुपरेको छ।

युवा-विद्यार्थीहरूमाथि अनेकौं झुट्टा आरोप लगाउने क्रममा राजकाज अपराधको मुद्दा चलाउनेसम्मको प्रयास भयो। राजनीतिक दलहरूबीचको एकतालाई टुक्र्याउन कुनै एक पक्षमाथि प्रहार केन्द्रित गर्न उद्यत तमाम चालबाजी र दमनकारी कदमलाई आन्दोलनले विफल तुल्याएको छ। यस अर्थमा चालु आन्दोलनले बितेको एक बर्षमा थुप्रै आरोह, अवरोहका अनुभव भोगेको छ।

यस अवधिमा विभिन्न पार्टीहरू आ-आफ्ना कार्यक्रम लिएर पनि जनताको माझमा पुग्ने काम गरेका छन्। हाम्रो पार्टीले शान्ति र प्रजातन्त्रको लागि दुई महिना लामो जनअभियान सम्पन्न गर्‍यो। यसक्रममा देशका तीन हजारभन्दा बढी गाउँ विकास समितिहरूसम्म पार्टीको नेतृत्व तहका कमरेडहरू पुग्ने काम भयो। जनतासँगको पार्टीको घनिष्ट सम्बन्धलाई अवरूद्ध गर्न खोज्ने प्रत्येक प्रयत्नलाई विफल पार्दै अनेकौं खतराको सामना गर्दै हाम्रो पार्टीका नेता-कार्यकर्ताहरूले र्‍याली, पदयात्रा, सभा र जुलुस गर्ने काम भयो। यस ढंगले आन्दोलनको पक्षमा जनमत बढाउने काम गरियो। साथै पार्टी र जनताबीचको सम्बन्धलाई नवीकरण गर्ने काम भयो। यस सिलसिलामा माओवादीले हाम्रो पार्टीको बाजुरा जिल्ला कमिटीका उपसचिवको अपहरण गरी हत्या गरे। अरू थुप्रै कमरेडहरू अपहरणमा परी कुटपिट भएर अंगभंग हुनुपर्‍यो। एकातिर राजाका सेना र सुरक्षा निकायले आन्दोलन दबाउने कोसिस गरे भने अर्कोतिर आफूलाई क्रान्तिकारी बताउने माओवादीले पनि अप्रजातान्त्रिक दमन र अवरोधको प्रयास गर्‍यो। आन्दोलनले दुबैखाले अवरोधलाई चिर्दै अघि बढेर यहाँसम्म आउन सफल भएको छ। यसरी संघर्षको मैदानमा दृढतापूर्वक जुटिरहने हाम्रो पार्टीका सम्पूर्ण नेता, कार्यकर्ता, जनवर्गीय संगठनका सदस्य, समर्थक, शुभेच्छुक र तमाम आन्दोलनकारी जनसमुदायप्रति हामी जुझारू अभिवादन व्यक्त गर्न चाहन्छौं। नेपालको इतिहासमा बितेको एक बर्षको आन्दोलनले विशिष्ट स्थान हासिल गर्न सकेको छ। यसले नेपाल राष्ट्रको गौरवलाई माथि उठाउने काम गरेको छ। यसले नेपाली जनताको प्रजातान्त्रिक संकल्पलाई उजागर गरेको छ।

आन्दोलन चलिरहँदा हामीले पटक-पटक राजासँग भेटघाट र संवाद गरेका छौं। तर ती भेटघाट र कुराकानी सार्थक हुन सकेनन्। फलतः त्यस्ता भेटघाटप्रति जनतामा नै नकारात्मक भावना पैदा हुन पुगेको छ। जनतामा आशंका बढाउने काम गरेको छ। जब जब आन्दोलन उत्कर्षतिर अघि बढेको हुन्छ, तब तब भेटघाटको सिलसिला चल्ने गर्दा आशंका र भ्रम उत्पन्न हुनु स्वभाविक हो। ती भेटघाटले आन्दोलन मत्थर पार्ने र आन्दोलनकारीहरूका बीच भ्रम पैदा गर्ने कोसिस त गरिएको होइन ? भन्ने प्रभाव परेको छ। जनताको यो भावनालाई समेत मध्यनजर गरेर हामी राजनीतिक पार्टीका नेताहरू चल्नु जरूरी छ। जनताको भावना बुझ्न र आत्मसात गर्न नसक्ने नेतृत्वले कहिल्यै पनि आन्दोलन हाँक्न सक्तैन। यसरी वार्तालाई सार्थक निष्कर्षमा पुर्‍याउने स्थितिमा मात्र भेटघाट गर्नुपर्छ भन्ने हाम्रो धारणा रहेको छ। किनकि यस्तो

वार्ता र संवाद गर्ने भनेको जनताको सार्वभौमसत्ता र राजकीय सत्ता जनताकै हातमा फिर्ता हुनुपर्छ भन्ने उद्देश्यमा केन्द्रित गर्नका लागि हुनुपर्छ। प्रस्तुत उद्देश्यका निम्ति हामीले आन्दोलन गरिरहेका छौं र यही उद्देश्यलाई ध्यानमा राखी वार्ता गरेर आन्दोलन टुंग्याउने हो।

यतिबेला एउटा विडम्बनापूर्ण स्थिति छ। एकातिर राजालाई भएको अधिकारले पुगेन र बढी अधिकार चाहियो भन्ने माग छ। अर्कोतिर राजा राख्नै हुँदैन र गणतन्त्रभन्दा तल मान्नै हुँदैन भन्ने खालको माग बढिरहेको छ। यी दुवैखाले मागको बीचमा हामीले सार्वभौमसत्ता र राजकीय सत्ता जनताको हातमा हुनुपर्छ भन्ने मूल सैद्धान्तिक प्रश्न उठाएका छौं। यदि सम्पूर्ण अधिकार जनताको हातमा आयो भने जनचाहनाभन्दा बाहिर कोही पनि जानसक्दैन। यस सन्दर्भमा हामीले कुनै प्राविधिक कुरा उठाएकै छैनौं। हाम्रो माग स्पष्ट र सैद्धान्तिक रहेको छ। यसको छिनोफानो भयो भने बाँकी समस्याको समाधान गर्न सजिलो हुन्छ। किनभने सवाल भनेको जनताको हातमा सार्वभौमसत्ता फिर्ता आउने कि नआउने भन्ने नै हो। सो हुनाले सवाल सम्पूर्ण शक्ति जनताको हातमा हुनुपर्छ भन्ने नै हो। मलाई लाग्छ-मूलभूत प्रश्नमा मानिसहरूको ध्यान पुगिरहेको छैन। दमनपूर्ण र निरंकुश शासनले गर्दा जनतामा आक्रोस बढेको छ। त्यही आक्रोसले राजा नै नराखौं भन्ने खालको विचार बढिरहेको छ। तर हामीले अहिले पनि मूलभूत सैद्धान्तिक मान्यतामा जोड दिएर अघि बढ्नुपर्छ। यसको आशय हो- सिंगो समाज र राज्य संयन्त्रको प्रजातान्त्रिकरण गर्नुपर्छ। त्यसो हुन सकेन, अधिकार जनताको हातमा आउन सकेन, सार्वभौमसत्ता र सम्प्रभुसत्ता जनताको हातमा आउन सकेन भने कुनै पनि परिवर्तनले राष्ट्र र जनताको हित गर्न सक्दैन। हामीले ल्याउन खोजेको राष्ट्र र जनताको जीवनमा परिवर्तन ल्याउन सक्ने किसिमको परिवर्तन हुनुपर्दछ र मुलुकलाई अग्रगमनको दिशामा लैजान सक्नुपर्छ।

अग्रगमनको लागि हाम्रो पार्टीले नौ सूत्रीय प्रस्ताव अघि सारेको छ। मुलुकमा विद्यमान द्वन्द्व समाधान गर्नको निम्ति नै यो प्रस्ताव अघि सारेका हौं भने समग्र राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा आमूल परिवर्तनको हाम्रो सोचलाई प्रतिविम्बित गर्न ३५ सूत्रीय प्रस्ताव अघि सारेका छौं। हामी यही परिप्रेक्ष्यमा अघि बढ्नुपर्दछ र आम जनसमुदायलाई प्रशिक्षित गरेर यस दिशामा अभिमुख गराउनुपर्छ। यो नै सबैको साझा मिलनविन्दु हुनसक्छ भन्ने हाम्रो ठहर छ।

# कति जनता चाहिने हुन् ?

**' योगेश भट्टराई, प्रचार प्रमुख, उपत्यका**

प्रजातन्त्रलाई जीवनपद्धति ठान्ने राजनीतिक कार्यकर्तामात्र होइन, आम नागरिकहरू नै सडकमा आएका छन्। आन्दोलनमा यति ठूलो र निरन्तरको सहभागिता दुनियाँका कमै आन्दोलनमा देखा पर्दछ। प्रतिगमनको त कुरै छोडौं, यथास्थितिमा समेत मुलुक चल्न सक्दैन भन्ने महसुस सर्वत्र भएको छ। त्यसैले अग्रगमनको ढोका खोल्न दलहरूको आन्दोलनको सान्दर्भिकता र औचित्य दिनदिनै थप पुष्टि हुँदै गएको छ।

आफ्ना विरूद्ध कति मान्छे सडकमा उत्रिएपछि राजा ज्ञानेन्द्रलाई पुग्ने हो ? कतिले रगत बगाएपछि पर्याप्त हुने हो ? हामी त्यसका लागि तयार छौं। तर जति मान्छे चाहिने हुन् त्यति सडकमा निस्किसकेका छन्। अब यो आन्दोलनमा संख्यात्मक सहभागिताको गणना गौण भइसकेको छ। यसको क्षेत्र यति व्यापक र विस्तार भएको छ प्रत्येक पेशा, व्यवसायीदेखि आम नागरिक पनि यसको समर्थनमा उत्रिएका छन्। युवापंक्तिमा गणतन्त्रको तीव्र चाहना प्रकट भइरहेको छ। क्याम्पस-क्याम्पसमा गणतन्त्रको मागले विधिवत मान्यता र अनुमोदन पाउँदै गएको छ। यसलाई पनि नेपालको इतिहासमा अतुलनीय मान्नुपर्छ।

# संयुक्त जनआन्दोलनको एक बर्ष र यसका उपलब्धी

**' भरतमोहन अधिकारी**

**ने** कपा (एमाले)को केन्द्रीय कमिटीले केन्द्रीय जनआन्दोलन संचालन समिति गठन गरेको विदितै छ। त्यसमा सचिवालयसहित १९ जना सदस्य र संयोजक रहेका छौं। चालु आन्दोलन नेकपा (एमाले)लगायतका पाँच राजनीतिक दलहरूको साझा नेतृत्वमा भएको संयुक्त जनआन्दोलन हो। पाँच पार्टीको सहमतिमा साझा मुद्दाहरूको आधारमा संयुक्त जनआन्दोलन अघि बढिरहेको छ।

हाम्रो पार्टीका आफ्नै माग र एजेन्डा छन्। ती एजेन्डालाई संयुक्त आन्दोलनको समेत मुद्दा बनाउने एउटा प्रक्रिया र पद्दति रहेको छ। विभिन्न चरणको स्वरूप, मुद्दा र समग्र आन्दोलनको लक्ष्य निर्धारण गर्ने सम्बन्धमा हाम्रो पार्टीले गहन भूमिका खेल्दै आएको छ। त्यसको लागि हामीले केन्द्रीय जनआन्दोलन संचालन समितिको बैठकमा बसी गहन छलफल गरेर आफ्नो प्रस्ताव तयार गर्छौं। त्यो प्रस्तावमा पाँच पार्टीका प्रमुख नेताहरूको शीर्षस्थ बैठक वा शीर्षस्थ नेताहरूद्वारा गठित एउटा

केन्द्रीय कार्यदलमा प्रस्तुत हुन्छ। पाँचवटै पार्टीका प्रस्तावमा त्यही कार्यदलले बृहत् छलफल गरी सहमतिको आधारमा आन्दोलनको स्वरूप र कार्यक्रम तर्जुमा गरेर सार्वजनिक गर्छ।

उदाहरणको लागि भर्खरै वैशाख २९ र ३० गते आम हड्ताल सम्पन्न भयो। चैत १९ देखि चालू काठमाडौं केन्द्रित आन्दोलनले उचाइ प्राप्त गरेको अवस्थामा थप उचाइमा पुग्नको लागि हाम्रो पार्टीले आम हड्तालको प्रस्ताव राखेको थियो। हाम्रो प्रस्ताव पाँच पार्टीको कार्यदलमा गएपछि साझा सहमतिको आधारमा दुई दिन आम हड्ताल गर्ने घोषणा भयो। विभिन्न पार्टीका तर्फबाट आउने प्रस्तावहरू ठीक यही ढंगबाट सहमतिपश्चात् साझा कार्यक्रम बन्ने प्रक्रियामा अघि बढ्छन्।

हाम्रो पार्टीको पछिल्लो केन्द्रीय कमिटीको बैठकले चालू आन्दोलनलाई शान्ति र प्रजातन्त्रको निम्ति केन्द्रित गरेर अघि बढ्ने फैसला गरेको छ। उक्त निर्णयअनुरूप हामीले पाँच दलका आफ्ना निर्णय र प्रस्ताव राख्यौं। त्यसमा पर्याप्त बहस र छलफल भएर हत्या-हिंसाको विरूद्ध शान्तिबहालीको लागि, प्रतिगमनका विरूद्ध प्रजातन्त्रको निम्ति र मानवअधिकारको बहालीका पक्षमा आन्दोलनलाई अघि बढाउने निर्णय भयो। शान्ति र प्रजातन्त्रको लागि हाम्रो पार्टीले अघि बढाएको प्रस्ताव सिंगो राष्ट्रको मागको रूपमा अघि बढेको छ। चालू आन्दोलनको मुद्दा पनि शान्ति, प्रजातन्त्र र मानवअधिकारको बहाली गर्नु रहेको छ।

२०६० भदौ १८ गतेदेखि हामीले राजधानी जाम गर्ने योजना बनाएका थियौं। तर पछि त्यसको सट्टा आन्दोलनलाई जिल्ला-जिल्लामा विकेन्द्रित गर्ने निर्णय भयो। त्यसबेला भदौ १० गते माओवादीले युद्धविराम र शान्तिवार्ता भंग गरेको घोषणा गरे। त्यसको लगत्तै पाँच पार्टीका शीर्षस्थ नेताहरूको बैठक बसी काठमाडौं केन्द्रित निर्णायक आन्दोलनको स्वरूप परिवर्तन गरी विकेन्द्रित गर्ने निर्णय भयो। त्यतिबेला नेपाली कांग्रेसको बृत्तबाट कूटनीतिक क्षेत्रबाट सकारात्मक संकेत आएको कुरा पनि भयो। यदि सहमतिको आधारमा प्रतिगमनको अन्त्य र प्रजातन्त्रको बहाली हुन्छ भने त्यस हिसाबले अघि बढ्नुपर्छ भन्ने धारणा आयो र नेपाली कांग्रेसले त्यसका निम्ति जोड गरेकै हो। तर कुनै सहमतिको कुरा भएन, त्यसले आम जनतामा संकेत आउनासाथ आन्दोलन रोकिन्छ भन्ने छाप पर्न गयो।

भदौ १८ पछि कूटनीतिक क्षेत्रलगायत आन्दोलनकारी नेताहरूलाई राजाबाट जुन धोका दिने काम भयो, त्यसले अन्तर्राष्ट्रिय समुदायमा पाँच पार्टीले गरेको आन्दोलन जायज छ, उनीहरूको गल्ती छैन, किनकि उनीहरू सहमतिका निम्ति तयार रहेछन्, सहमतिको वचनबद्धताबाट राजा नै पछि हट्ने काम भएको छ भन्ने सन्देश पुग्नसक्यो। यसले आन्दोलनमा सकारात्मक योगदान पनि पुगेको छ। तर त्यतिखेर जुन संकेतको आधारमा आन्दोलन मत्थर पार्ने काम भयो, त्यसको प्रभाव जनमानसमा अत्यन्तै नकारात्मक पर्न गयो। त्यसपछि आन्दोलनलाई उठाएर आजको उचाइमा ल्याइपुऱ्याउन हामीले निकै मेहेनत गर्नुपऱ्यो। तर माओवादीले हिंसात्मक घटना बढाएको, राजधानीमै सैनिक अधिकारीमाथि हमला गरी एकजना कर्णेलको हत्या गरेका, नेपाली कांग्रेसको तर्फबाट सकारात्मक संकेतको कुरा आएको र मौसममा अत्यन्तै प्रतिकूलता देखापरेको स्थितिमा त्यतिबेला निर्णायक भनिएको आन्दोलन विकेन्द्रित गर्नुपरेको कुरा साँचो हो। त्यसबाट हामीले के शिक्षा लिएका छौं भने आन्दोलनमा कुनै ठोस उपलब्धी हासिल नगरी संकेतका आधारमा कुनै निर्णयमा पुग्नु गलत हुँदोरहेछ। त्यही शिक्षाको आधारमा यसपालि राजाले भेटघाटको निम्ति बोलाउँदा पाँच पार्टीले वार्ताको निश्चित वातावरण बनाउन आग्रह गर्ने काम भयो। सूर्यबहादुर थापाको सरकार बर्खास्त गरी नयाँ सरकार बन्दैछ भन्ने स्थितिमा मात्र हामी भेटघाटमा आउँछौं भनेर हाम्रो पार्टीले स्पष्ट शब्दमा भन्ने काम गऱ्यो-'राजाले आन्दोलनका एजेन्डामा छलफल गर्न तयार छु भनी संवादको लागि सार्वजनिक आह्वान हुनुपऱ्यो। फलतः विगतमा जस्तो संकेतको आधारमा आन्दोलन शिथिल पारिएको भन्ने असन्तुष्टि व्यक्त गर्ने अवस्था यसपाली हामीले सिर्जना हुन दिएनौं।

विगत एक बर्षको दौरानमा संयुक्त आन्दोलनले नयाँ उचाइ हासिल गर्न पुगेको छ। अब यो पाँच पार्टीको मात्र हो भन्ने स्थिति छैन र यसले संयुक्त जनआन्दोलनको आकार लिइसकेको छ। शुरूमा आन्दोलनमा जनताको न्यून सहभागिता रहेको भन्ने गरिन्थ्यो, तर चैत १९ पछि लाखौंलाख जनसमुदाय आन्दोलनमा उत्रिने काम भयो। काठमाडौंमात्र होइन, झापा, विराटनगर, पोखरा, बुटवल, नेपालगञ्ज, धनगढी आदि ठाउँहरूमा समेत हजारौं हजार जनता प्रजातन्त्रका लागि सडकमा उत्रिसके। यतिमात्र होइन, युवा, विद्यार्थी, महिला, मजदुर, प्राध्यापक, डाक्टर, वकिल, इन्जिनीयर, बुद्धिजीवी, पत्रकार, साहित्यकार, कलाकार, निजामती कर्मचारी, अपाङ्गलगायतका तमाम संघ संस्थाले चालु आन्दोलनप्रति ऐक्यबद्धता मात्र जनाएको स्थिति छैन, प्रत्येक संघ-संस्थाहरू आन्दोलनमा होमिने काम भएको छ। यस्तो स्थिति २०४६ सालमा पनि देखिएको थिएन।

यो आन्दोलनले राजालाई नंग्याइदिएको छ। राजाको पक्षमा कुनै एउटा पनि स्थापित संस्था रहेको देखिन्न। आम जनसमुदायले राजाले संविधान मिचेको र जनताको अधिकार खोसेको कुरामा सहमत भई आफ्नो अधिकार प्राप्तिको लागि आन्दोलित हुनैपर्छ भन्ने महसुस गरेको अवस्था छ। यो राजा र पार्टीबीचको लडाईमात्र होइन, यो त नेपाली जनता र राजाबीचको लडाई हो भन्ने कुरा आन्दोलनले प्रष्ट्याउने काम गरेको छ। तसर्थ आज आम जनता आफ्नो अपहरित अधिकार बहालीको लागि जर्मुराएर उठिरहेका छन्। यो सबभन्दा ठूलो उपलब्धी हो-आन्दोलनको।

आन्दोलन चर्किंदै जाँदा माओवादीले पनि खोज्नुपरेको छ-यसमा हाम्रो स्थान कहाँ छ ? जुन माओवादी नेताहरूले पहिले राजा र माओवादीमध्ये एक कित्ता रोज्न हामीलाई सल्लाह दिन खोज्थे, अहिले उनीहरू स्वयं आन्दोलनमा आफ्नो स्थान खोज्न बाध्य हुनुपरेको छ। किनकि एक महिनादेखि नेपालभित्र र सारा अन्तर्राष्ट्रिय क्षेत्रको मुद्दा बनेको छ-जनआन्दोलन। भर्खरै नेपालमा सम्पन्न दातृसंस्थाहरूको 'नेपाल विकास मञ्च'को बैठक पनि आन्दोलनको मुद्दामा केन्द्रित हुनुपऱ्यो। शान्ति, प्रजातन्त्र र मानवअधिकारको पक्षमा उनीहरूले आफ्नो सरोकार र समर्थन जाहेर गरेका छन्। यसरी आन्दोलनले उचाइ र उपलब्धी हासिल गरेको छ, तर अझै लक्ष्य र अभीष्टमा पुगन चाहिँ सकेको छैन। प्रतिगमनलाई अझै परास्त गरेको छैन, तर नेपालको इतिहासमा आन्दोलनले यति व्यापक दायरा र उचाइ प्राप्त गरेको अर्को कुनै आन्दोलन भएको छैन। २०४६ को ऐतिहासिक

जनआन्दोलन सफल हुँदा पनि यति उचाइमा पुगेको थिएन । अहिलेको उचाइमा पुग्दा यो आन्दोलनले प्रतिगमन परास्त हुन्छ र जनताको जीत निश्चित छ भन्ने आधार तयार गरेको छ ।

देशका युवा-विद्यार्थीहरूले आज गणतन्त्रको आवाज बुलन्द गरिरहेका छन् । यसरी नेपाली नागरिकलाई गणतन्त्रको आवाज उठाउने अधिकार छ । २०४७ को संविधान मस्यौदा गर्ने एकजना सदस्य रहेको हैसियतमा म स्पष्ट पार्न चाहन्छु-त्यतिखेर यस विषयमा पनि छलफल चलेको थियो र मैले भनेको थिएँ-नेपाली नागरिकले शान्तिपूर्णरूपमा गणतन्त्रको प्रचार गर्न पाउनुपर्छ । जस्तो बेलायतमा राजतन्त्र छ । तर त्यहाँ अहिले पनि बेला-बेलामा राजतन्त्रको उन्मूलन गरेर गणतन्त्रको स्थापना गर्नुपर्छ भन्ने आवाज उठ्ने गर्छ । तर परिणाममा राजतन्त्रको जीत हुन्छ र गणतन्त्रले हार्छ । मेरो मतलव हो-'जुनसुकै राजाले आफ्नो पिँढीका नेपाली जनतालाई चित्त बुझाउनुपर्छ । फौजको चार दिवारीभित्र रहेर मात्र राजतन्त्र सुरक्षित र टिकाउ हुनसक्दैन । राजतन्त्र टिक्नको लागि उसले जनताको विश्वास जितेको हुनुपर्छ ।' अहिले युवा-विद्यार्थीले उठाएको गणतन्त्रको माग उनीहरूको अधिकार हो ।

तर हाम्रो पार्टी वा आन्दोलनरत पाँच पार्टीको मागमा कुनै अस्पष्टता र अन्योल छैन । राजाबाट संविधान मिचेर प्रतिगमन भएको छ । संविधानको उल्लंघन गर्ने राजाको कदम गलत र असंवैधानिक हो । यसको विरोध गर्दै हामीले प्रतिगमनको अन्त्यका निम्ति आन्दोलन गरिरहेका छौं । पाँच पार्टीको आन्दोलनको लक्ष्य सर्वदलीय सरकार वा प्रतिनिधिसभा पुनर्स्थापना गरी माओवादीसँग वार्ता गरेर मुलुकमा शान्ति बहाली गर्ने नै रहेको छ । अझ हाम्रो पार्टीले राष्ट्रिय समस्या समाधान गर्ने सम्बन्धमा नौ बुँदे प्रस्ताव अघि सारेको छ ।

आज देश-विदेशमा सबैले भन्ने गरेका छन्-'नेपालको समस्या समाधान गर्न सर्वदलीय सरकार अपरिहार्य छ । हाम्रो साझा मागप्रति सबै सहमत र सकारात्मक भइरहेको र राजा नितान्त एक्लो बनेको अवस्थामा आन्दोलनको नारा र लक्ष्य फेर्नु आवश्यक छैन । यही माग र नाराका लागि सडकमा प्राध्यापक, वकिल, डाक्टर, इन्जिनीयर, बुद्धिजीवी, युवा, विद्यार्थी र आम जनसमुदायले टाउको फुटाएका छन् । यस्तो अवस्थामा पाँच पार्टीले आन्दोलनको यो माग र लक्ष्य परिवर्तन गर्दा ठूलो भ्रम र अन्योल सिर्जना हुन्छ । त्यसकारण म युवा-विद्यार्थी साथीहरूलाई अनुरोध गर्दछु-तपाईंहरूको भावनाप्रति हामी सम्मान गर्दछौं । गणतन्त्रको आवाज उठाउनु तपाईंहरूको अधिकार हो । तर पाँच पार्टीको साझा सहमतिमा आन्दोलनको जुन माग र लक्ष्य तय गरिएको छ, अहिले तत्काल हामी त्यसमा तलमाथि गर्ने पक्षमा छैनौं ।

जहाँसम्म हाम्रो पार्टीको कुरा छ, हामी संवैधानिक राजतन्त्रका पक्षपाती होइनौं । संवैधानिक राजतन्त्र हाम्रो एजेन्डा पनि होइन । ०४६ को आन्दोलन टुंगोमा पुग्दा वाममोर्चा, नेपाली कांग्रेस र राजाको बीचमा संवैधानिक राजतन्त्र स्वीकार गरेर अघि बढ्ने जुन सम्झौता भयो, त्यसमा हामीले सहमति जनाएका हौं । जननेता मदन भण्डारीले भन्नुभएको छ-'यो सम्झौतामात्र हो । हामी यसको पालना गर्न इमानदार छौं । अरूले यो सम्झौता उल्लंघन नगरेसम्म हामी यसको पालना गर्छौं ।' राजा ज्ञानेन्द्रले यो सम्झौता तोडेको हुनाले नै हामीले आन्दोलन गरिरहेका छौं । फेरि युवा-विद्यार्थीभन्दा हामी राजनीतिक पार्टीहरू बढी जिम्मेवार हुनैपर्छ । त्यसैले आज देश-विदेशमा संयुक्त जनआन्दोलनको जुन माग, नारा र लक्षको प्रचार-प्रसार भएको छ, यसले जुनरूपमा समर्थन र ऐक्यबद्धता प्राप्त गरेको छ, यस अवस्थामा हामीले आन्दोलनको माग र लक्ष्य परिवर्तन गर्न उचित ठान्दैनौं । किनभने जुन नारा र लक्ष्यको आधारमा आन्दोलन यो उचाइसम्म आइपुगेको छ, अब अन्तिम टुंगोमा पनि यही नाराको आधारमा पुग्न सकिन्छ भन्ने हाम्रो स्पष्ट धारणा रहेको छ । तर हामी स्पष्ट गर्न चाहन्छौं-आज देशभरि जुन ढंगले गणतन्त्रको पक्षमा आवाज उठेको छ, यसको कारक राजा ज्ञानेन्द्रलाई मान्नुपर्छ । राजा ज्ञानेन्द्रकै व्यवहारले गर्दा यो नारा दिनप्रतिदिन चर्को रूपमा उठिरहेको छ । राजाको व्यवहार जति खराब हुन्छ, गणतन्त्रको नारा उति चर्को हुने निश्चित छ । यो स्थितिको जिम्मेवारी राजा ज्ञानेन्द्रले लिनुपर्छ ।

आन्दोलन कुन स्थितिमा टुंगोमा पुग्छ त ? पाँच पार्टीले स्पष्ट शब्दमा भन्दै आएका छौं-विघटित संसदमा रहेका पार्टीहरूको सल्लाह र सिफारिसमा प्रधानमन्त्रीको नियुक्ति र प्रधानमन्त्रीको सिफारिसमा सर्वदलीय सरकारको गठन हुनासाथ राष्ट्रमा सहमतिको प्रक्रिया अघि बढ्छ । जब यो उद्देश्य हासिल हुन्छ, तब यो आन्दोलन टुंगो लाग्छ । जहाँसम्म पाँच पार्टीले अघि सारेका अठार बुँदाको कुरा हो, ती राजासँग छलफल र सहमति गर्ने बुँदा होइनन् । हामी अठार बुँदाप्रति एकदम प्रतिबद्ध छौं । तर ती अठार बुँदा भनेका प्रतिगमन परास्त भएर सार्वभौमसत्ता नेपाली जनतामा फिर्ता आएको स्थितिमा जनताको सरकारले ती बुँदा लागू गरेर अघि बढ्नुपर्छ । तीमध्ये कतिपय बुँदा लागू गर्न संविधानमा परिवर्तन गर्नुपर्छ भन्ने कतिपय बुँदा नयाँ ऐन-कानुन बदलेर लागु गर्नुपर्छ । राजासँग छलफल गरेर लागु गर्ने कुरा हुँदै होइन । यति सामान्य कुरा नबुझेर भाषण गर्ने केही नेता-कार्यकर्ताहरूको अन्योल र भ्रम देख्दा मलाई आश्चर्य लाग्छ । हामी चाहन्छौं-पाँच पार्टीका अठार बुँदाका साथै माओवादीसँग वार्ता गरी साझा कार्यक्रम तयार गरी मुलुकमा शान्ति र प्रजातन्त्रको भविष्य सुनिश्चित गर्दै अघि बढ्नुपर्छ । यसका निम्ति हाम्रो पार्टीले अघि सारेको नौ बुँदे प्रस्तावले स्पष्ट मार्गनिर्देश गरेको छ ।

राजाले आन्दोलनकारी पार्टीहरूले साझा एजेन्डा र प्रधानमन्त्रीको साझा उम्मेदवार दिन नसकेको जस्ता कुरा कतिपय व्यक्तिलाई 'दर्शनभेट' दिंदा बताएको भन्ने जुन चर्चा छ, राजाबाट आएको हो भने पनि यो शतप्रतिशत झुटो कुरा हो । एक बर्षअघि जेठ १६ गते जब प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले राजीनामा दिए र नयाँ प्रधानमन्त्री बनाउने कुरा चल्यो । तव विघटित प्रतिनिधिसभामा रहेका पार्टीहरूलाई दरवारमा बोलाएर राजाबाट परामर्श लिने काम भयो । त्यसक्रममा पाँच पार्टीले हाम्रो पार्टीका महासचिव माधवकुमार नेपाललाई प्रधानमन्त्रीको साझा उम्मेदवारको रूपमा प्रस्तुत गरे । त्यस प्रस्तावमा नेपाली कांग्रेस (प्रजातान्त्रिक)को केन्द्रीय समितिको बैठकले नै सहमति जनाउने निर्णय गर्‍यो । यसरी विघटित प्रतिनिधिसभाका ६ वटा पार्टी र ९४ प्रतिशत सांसदको प्रतिनिधित्व गर्ने पार्टीहरूले आफ्नो साझा उम्मेदवार दिएकै थिए । तर त्यसलाई लत्याएर कसैले नामसमेत उच्चारण नगरेका सूर्यबहादुर थापालाई प्रधानमन्त्री नियुक्त गर्ने काम राजा ज्ञानेन्द्रबाट भयो । प्रजातन्त्रमा

सबैको शतप्रतिशत सहमतिको कुरा हुँदैन । अहिले राजतन्त्रको पक्षमा पनि शतप्रतिशत समर्थन छैन । के राजाले राजीनामा गरेर गद्दी त्याग्नुहुन्छ ? विद्यार्थीले नमूना जनमत संग्रह गराउँदा गणतन्त्रको पक्षमा ९० प्रतिशत भोट खसिरहेको छ, के राजा राजीनामा दिएर हट्न तयार हुनुहुन्छ ? प्रजातन्त्रमा सकेसम्म सर्वसम्मति, त्यसो नभए दुई तिहाई र त्यो पनि नभए साधारण बहुमतको आधारमा निर्णय गर्ने परम्परा विकास भएको छ । अझ प्रधानमन्त्री चयन त सामान्य बहुमतको आधारमा गर्ने हो । सातमध्ये छ र विघटित प्रतिनिधिसभामा रहेका सांसदमध्ये ९४ प्रतिशतलाई प्रतिनिधित्व गर्ने पार्टीहरूले सिफारिस गरेको उम्मेदवारलाई लत्याएर अन्यथा कुरा गरिरहन मिल्छ ? पाँच पार्टीको त्यो सिफारिस र नेपाली कांग्रेस (प्रजातान्त्रिक)को समर्थन त अहिले पनि कायमै छ । यसमा कुनै विवाद छैन । त्यसकारण पार्टीहरूले साझा एजेन्डा र उम्मेदवार दिएनन् भन्ने राजाको गफमात्र हो । कसैले सिफारिस र प्रस्ताव नगरेको नाम राजालाई किन र कसरी साझा लाग्यो ? यो प्रश्न अझै अनुत्तरित रहेको छ ।

## *हामी टुलुटुलु हेर्न सक्दैनौं*

***' शम्भु थापा, अध्यक्ष, नेपाल बार एशोसिएसन***

*अहिले नागरिकका न्यूनतम अधिकारहरू पनि खोसिने क्रम जारी छ । हामी चुप लागेर बस्दा मानवअधिकार र शान्तिको अधिकार पनि खोसिँदै जानेछन् । यो चेतना आम नागरिकमा बढ्दै गएको छ । दलहरू नै जनताप्रति उत्तरदायी संस्था हुन् र तिनले मात्रै जनताको प्रतिनिधित्व गर्छन् भन्ने कुरा झन्-झन् प्रमाणित हुँदै गएको छ । त्यही कारणले जनसहभागिता बढिरहेको छ । फेरि धेरै मान्छे सहभागी हुनेबित्तिकै राम्रो हुने भन्ने होइन । अधिकार त सडकमा ननिस्किएकाहरूको पनि खोसिएको छ । मूल कुरा आन्दोलनको माग के हो भने नै हो । दलहरूले उठाएको माग र उनीहरूको दृष्टिकोण स्पष्ट छ ।*

*जनअधिकार बहालीका लागि हामी वकिलहरू पनि सडकमा आएका छौं । कानुनका सामाजिक अधिकार र व्यक्तिगत अधिकारका दुई अवधारणामध्ये हामीले सामाजिक अधिकारको मागलाई प्राथमिकता दिएका छौं । नेपाल बार एशोसिएसन जनताका अधिकारप्रति सचेत र प्रतिवद्ध छ । त्यसैले विनाकारण र विनाआधार घोषणा भएको दंगाग्रस्त क्षेत्रको घोषणाको तत्काल विरोध गर्दै हामी सडकमा निस्क्यौं र गिरफ्तारी दियौं, किनभने हामी जनताका अधिकार खोसिएको टुलुटुलु हेर्न सक्दैनौं ।*

# संयुक्त जनआन्दोलनको दिशा

**' भीम रावल**

**प्र**तिगमनविरूद्ध तथा जनताको सार्वभौमसत्ताको लागि संचालित संयुक्त जनआन्दोलन सशक्तरूपमा अगाडि बढिरहेको छ । आन्दोलनमा जनताको सहभागिता र चासो छैन भनी जनआवाजप्रति उपेक्षाभाव राख्नेहरू पनि वर्तमान चरणमा आइपुग्दा राजनीतिक दलहरूको अगुवाईमा जनता क्रमशः परिचालित हुँदै गइरहेको कुरालाई महसुस गर्न बाध्य भएका छन् । जनशक्तिद्वारा जनाधिकारका लागि संचालित सामयिक आन्दोलन बाङ्गोटिङ्गो बाटो पार गर्नुपरे पनि अन्ततः जनसमर्थन प्राप्त गर्दै अघि बढ्छ भन्ने तथ्यलाई नेकपा (एमाले) लगायत पाँच राजनीतिक दलहरूको नेतृत्वमा एक बर्षदेखि सञ्चालित संयुक्त जनआन्दोलनले पुष्टि गरेको छ । आरम्भमा, राजाको प्रतिगमनकारी घोषणालाइ निन्दा गर्दै मुलुकमा जारी हिंसा र विध्वंसलाई समेत ध्यानमा राखेर नेकपा (एमाले) ले अन्य राजनीतिक दलहरूको प्रतिक्रिया तथा आफ्नै संगठनात्मक तयारीको पक्षप्रति पनि गम्भीररूपमा ध्यान दिई राष्ट्रिय राजनीतिको गर्भमा हुर्किंदै गरेका सबै कुराहरू उद्घाटित होउन् भन्ने धारणा राखेको थियो । यी सबै कुराहरूको अध्ययन-विश्लेषण र अन्य सबै राजनीतिक पक्षहरूको भूमिकासमेत स्पष्ट भइसकेपछि जनाधिकारको लागि आन्दोलनको निश्चित रूप र दायरा निर्धारण गर्दै नेकपा (एमाले) संयुक्त जनआन्दोलनको संचालनको अग्रभागमा रहेर भूमिका खेल्दै आएको छ ।

**कार्यगत एकताको पक्ष**

२०४६ सालको जनआन्दोलनका उपलब्धिहरूमाथि प्रहार गर्दै २०५९ साल असोज १८ गते राजाबाट राज्य संचालनको कार्यकारी अधिकार आफ्नो हातमा लिएपछि त्यस्तो प्रतिगमनकारी कदमका विरूद्ध उचित तयारीका साथ आन्दोलनमा उत्रनैपर्ने थियो । जनताको सार्वभौमिकताको सिद्धान्तमा आधारित बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको मर्ममा नै राजाबाट आघात पुऱ्याइएको अवस्थामा प्रजातन्त्रको पक्षमा उभिने सबै राजनीतिक दलहरूसंग मिलेर आन्दोलनको मार्गमा अगाडि बढ्नु आवश्यक थियो । सोही अनुरूप नेकपा (एमाले) ले संसदमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरूलाई संयुक्त जनआन्दोलनमा उत्रन आह्वान गर्नुका साथै त्यसका लागि पहलसमेत गऱ्यो । यसक्रममा नेकपा (एमाले) को पार्टी कार्यालयमा पार्टीहरूका संयुक्त बैठकका श्रृंखलाहरू भए । यही छलफलको क्रममा नै संसदमा रहेका पाँच राजनीतिक दलहरूका बीच संयुक्तरूपमा आन्दोलनमा ओर्लने सहमति भएको थियो । राजाको प्रतिगमनकारी कार्यको स्पष्ट विरोध गर्छ भने नेपाली कांग्रेस (प्रजातन्त्रवादी) लाई समेत संयुक्त आन्दोलनमा सहभागी गराउनु पर्दछ भनी वार्ताको क्रममा नेकपा (एमाले) ले अघि सारेको धारणा विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरूलाई राजाको निरंकुशताको विरूद्ध एकतावद्धरूपमा

संघर्षको मैदानमा उतार्नुपर्दछ भन्ने मान्यतामा आधारित थियो। यद्यपि नेपाली कांग्रेसको संकीर्णताका कारण संयुक्त आन्दोलनमा नेपाली कांग्रेस (प्रजातान्त्रिक) को सहभागिता हुनसकेन। प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने नेपाली कांग्रेस (प्रजातान्त्रिक) लाई मात्र होइन साझा मागको आधारमा प्रतिगमनविरोधी संयुक्त संघर्षमा सहभागी हुन तत्पर रहन्छ भने वाममोर्चालाई समेत आन्दोलनमा सरिक गराउनु पर्दछ भन्ने नेकपा (एमाले) को धारणा पनि व्यापक प्रजातान्त्रिक आन्दोलनको सिर्जना गर्ने आसयबाट नै प्रेरित थियो।

यस प्रकार जनताको सार्वभौमसत्ताको रक्षा तथा प्रतिगमनको अन्त्यका लागि नै अन्य पार्टीहरूसंगको संयुक्त मोर्चा र सहकार्य आवश्यक थियो। यही आवश्यकता अनुरूप नै अहिले पनि नेकपा (एमाले) अन्य चार राजनीतिक दलहरूसँग हातेमालो गर्दै अगाडि बढिरहेको छ। यसरी अघि बढिरहँदा पार्टीको आफ्नो स्वतन्त्र अस्तित्व, कार्यक्रम, निर्णय प्रक्रिया र विचारधारा गौण भएर जान्छ भन्ने होइन। कार्यगत एकता भइरहेको समयमा पनि अन्य सहकर्मीहरूसँग राजनीतिक र वैचारिक मतभेदहरू छन् र ती मतभेदहरू तत्कालको साझा उद्देश्यका लागि स्थगित मात्र गरिएका हुन् भन्ने वास्वविकतालाई हेक्का राख्नु पर्दछ। अन्य पार्टीहरूसँग सहकार्य गरिरहँदा उनीहरूसँगको भिन्नता, संघर्ष वा अन्तरविरोधलाई नदेख्ने तथा मतभेद र द्वन्द्व भइरहँदा सहकार्य हुनसक्ने सम्भावनालाई बिर्सने जस्तो गल्ती कहिल्यै गर्नुहुँदैन। त्यस्तो गल्ती गरियो भने विश्लेषण र निर्णयमा एकपक्षीयता हावी भई पार्टीलाई क्षति पुग्नजाने खतरा हुन्छ। अन्य पार्टीहरू, विशेषतः दक्षिणपन्थी पार्टीहरू, ले प्रगतिशील राजनीतिको मान्यतालाई ग्रहण गर्ने र इमान्दार जनपक्षीय राजनीतिको अनुशरण गर्ने कार्य गर्छन कि गर्दैनन् भन्ने कुरालाई उनीहरूकै व्यवहारबाट जाँचिरहनुपर्ने आवश्यकताको महत्वप्रति आँखा चिम्लिनु हुँदैन। साथै आफूले गर्ने निर्णयहरू पनि अन्य पार्टीहरूका काम र व्यवहारप्रतिको प्रतिक्रियाको घेरामा सीमित नराखी देश र जनताको बृहत्तर हितको मान्यताबाट निःसृत गरिनु पर्दछ।

संयुक्त जनआन्दोलनमा अन्य पार्टीहरूसँगको सहकार्यको औचित्य र सीमालाई सन्तुलितरूपमा नबुझ्दा अन्य पार्टीहरूलाई यात कत्तिपनि विश्वासै नगर्ने या उनीहरूमाथि अति भर पर्दै आफ्नो राजनीतिक लक्ष्य र जनताप्रतिको प्रतिवद्धतालाई नै बिर्सने सम्भावना रहन्छ। यसो हुँदा अन्तमा असफलता र धोकाको पीडाबोधबाट छटपटिनुपर्ने हुन्छ। अतः हाल चलिरहेको संयुक्त जनआन्दोलनका सहभागी अन्य राजनीतिक दलहरूसँग नेकपा (एमाले) का कतिपय मतभेदहरू छन् तथापि राजाको प्रतिगमनकारी कार्यका विरूद्ध एवं देशमा प्रजातान्त्रिक पद्धतिको पुनर्स्थापनाका लागि नेकपा (एमाले) ले ती मतभेदहरूलाई हाल थाँती राखेर साझा सवालमा आन्दोलनलाई व्यापक र सशक्त बनाउनुपर्दछ भन्ने स्पष्ट नीति अख्तियार गरिरहेको छ। सोही नीति अनुरूप इमान्दारीपूर्वक आन्दोलनको मोर्चामा नेकपा (एमाले) पंक्ति डटिरहेको छ। यस्तै इमान्दारी अन्य सहकर्मी दलहरूले पनि प्रदर्शन गरून् भन्ने चाहना र माग राख्नु एकदमै जायज हो।

कसै कसैले सार्वजनिकरूपमा भने वा दावी गरेझैं नेकपा (एमाले) एक वर्षदेखि संचालित संयुक्त आन्दोलनमा अरू कसैका मान्यता वा विचारका पछि लागेर वा अरू कसैलाई नेता मानेर अग्रसर भएको होइन। साझा सवालमा समानताको आधारमा संघर्षमा उत्रेको हो। यो पार्टी मुलुकको सबैभन्दा ठूलो, जनाधारित र लोकप्रिय भएर पनि यसले आन्दोनलमा संलग्न अन्य पार्टीहरूसँग समानताको सिद्धान्तलाई इमान्दारीपूर्वक पालन गरेको छ। यस वास्तविकताप्रति, आफूलाई अरूको समेत नेता घोषित गर्ने धृष्टता गर्नेहरूले ध्यान दिनु उचित हुन्छ। जसको जतिसुकै शक्ति र भूमिका भएपनि आन्दोलन सामुहिक नेतृत्वमा संचालित छ। नेकपा (एमाले) ले आफ्नो अग्रभूमिकालाई अरू कसैको भूमिकलाई नकार्ने गरी कहिल्यै उपयोग गरेको छैन। अरूले पनि त्यसो गर्नु अनुचित हुन्छ।

राजनीतिक दलहरूको बीचमा संसदीय अभ्यास र सरकार संचालनको क्रममा विगतमा रहेको कटुता र द्वन्द्वका कारण पारस्परिक विश्वास कायम गर्न केही समय लाग्नु स्वाभाविक हो। यस्तो द्वन्द्व र कटुता निमेषभरमै समाप्त हुन सक्दैन। विश्वास र निकटता प्रजातान्त्रिक मान्यताको अनुशरण गर्दै साझा सवालहरूको आधारमा अघि बढ्दा मात्र हासिल गर्नसकिने कुरा हो। यस तथ्यलाई आत्मसात गर्ने हो भने संयुक्त आन्दोलन भइरहेको समयमा प्रजातान्त्रिक मूल्य र मान्यता तथा इमान्दारीलाई सबैले व्यवहारमा आत्मसात् गर्न कुनै पनि किसिमले चुक्नुहुँदैन।

**आन्दोलनका मागहरू**

राजाबाट असोज १८ गते गरिएको घोषणा असंवैधानिक र अप्रजातान्त्रिक छ भन्दै त्यसको नेकपा (एमाले) ले तत्काल भर्त्सना गरेको थियो। प्रतिगमनकारी शाही घोषणाको प्रतिसंहरण गरी अधिकार सम्पन्न सर्वदलीय सरकारको गठन गरिनु पर्दछ भन्ने नेकपा (एमाले) को माग रहेको थियो। यस मागको मूल मर्म राजाबाट नेपाल अधिराज्यको संविधान, २०४७ मा अभिलिखित जनताको सार्वभौमसत्ताको सर्वोच्चतामाथि गरिएको अतिक्रमण समाप्त हुनुपर्दछ र जनसमर्थन प्राप्त जनप्रतिनिधिहरूले राज्य संचालनको कार्यभार सम्हाल्नु पर्दछ भन्ने थियो। राजनीतिक दलहरूका बीच पनि संयुक्त जनआन्दोलन संचालन गर्ने सम्बन्धी आवधारणापत्रमा सहमति हुँदा उक्त मूलभूत मागमाथि नै जोड दिइएको थियो। त्यसलाई तत्काल राज्य संचालनको जिम्मेवारी राजनीतिक दलहरूको हातमा ल्याउनका लागि नेकपा (एमाले) द्वारा ठोसरूपमा अघि सारिएको सर्वदलीय सरकार र नेपाली कांग्रेसद्वारा अगाडि सारिएको प्रतिनिधिसभाको पुनर्स्थापनाको मागमा अभिव्यक्त गरिएको थियो। साझा सहमतिको लागि यी दुवै मागहरूलाई एकै ठाउँमा मिलाएर प्रस्तुत गरिएको थियो। अतः कसै-कसैले मनोगतरूपमा बखान गरेझैं कोही कसैको मान्यताको पछि नकुदेर साझा मागको निर्क्योल गरी सोही आधारमा संयुक्त आन्दोलनमा आ-आफ्नो भूमिका निर्वाह गर्ने सहमति भएको थियो।

राजाबाट राजनीतिक दलहरूद्वारा अघि सारिएका मागप्रति ध्यान दिइएन। उल्टै राजनीतिक दलहरूलाई होच्याउने, धम्क्याउने र उपेक्षा गर्ने किसिमका विचार र व्यवहार भए। यसले राजनीतिक दलहरूमा राजाको नियतमाथि समेत शंका उत्पन्न हुनु स्वाभाविक थियो। फलस्वरूप राजनीतक दलहरूले अझ अगाडि बढेर १८ सूत्रीय मागहरू अगाडि सारे। यही १८

सूत्रीय मागहरूलाई, राजाद्वारा संवादको लागि प्रयत्न भइरहेको वर्तमान समयमा कसरी अघि सार्ने भन्ने विषयमा छलफल पनि चलिरहेको छ । राजाबाट सक्रिय राजतन्त्रको मार्ग अनुशरण गर्दै चालिएको कदम सच्याइनु पर्दछ र देशमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको मान्यता मिचिनु हुँदैन भन्ने आन्दोलनकारी दलहरूको आरम्भिक मागको औचित्य अहिले पनि समाप्त भएको छैन । तर पछिल्ला दिनहरूमा राजाबाट अभिव्यक्त विचारहरू तथा राजाको मनोनीत सरकारबाट भएको प्रजातान्त्रिक पद्धति र मानवअधिकारको गम्भीर उल्लंघनको कारण राजतन्त्रको औचित्यमा नै प्रश्न उठिरहेको छ । अहिले युवा पिंढीले सडकबाट मात्र गणतन्त्रको नारा घन्काएको छैन देशका विभिन्न भागका क्याम्पसहरूमा नमूना जनमत संग्रहको आयोजना गर्दै राजतन्त्रको विरूद्धमा तथा गणतन्त्रको पक्षमा युवाहरूको अत्यधिक मत रहेको तथ्य सार्वजकि हुँदै आएको छ । जति-जति राजा र राजाको मनोनीत सरकार स्वेच्छाचारी किसिमले दमनमा उत्रिँदै गएको छ त्यति नै आन्दोलन उग्र र व्यापक बनिरहेको छ । आफ्ना मागहरूलाई शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट जोडदार रूपमा प्रस्तुत गरेर मुलुकलाई प्रजातान्त्रिक बाटोमा हिंडाउने उद्देश्य आन्दोलनकारी दलहरूको उद्देश्य हुँदाहुँदै पनि पार्टीका शीषर्स्थ नेताहरूलाई समेत प्रजातन्त्र, मानवाधिकार र संवैधानिक व्यवस्थाको विपरीत गिरफ्तार गरेर राजाको मनोनीत सरकारले अरू मुठभेड र अराजकतालाई निम्त्याएको छ । यस्तो सरकारी क्रियाकलापको कारण पार्टीहरूले आजसम्म राख्दै आएका मागहरू अझ कठोररूपमा प्रस्तुत हुने वातावरण राजा र सरकार स्वयंबाट भइरहेको छ। यद्यपि हालसम्म नेकपा (एमाले) ले अधिकारसम्पन्न सर्वदलीय सरकारको गठन गर्दै अग्रगमनको दिशातिर अग्रसर हुनु नै उपयुक्त हुन्छ भन्ने कुरा अगाडि सारिरहेको छ । यस सन्दर्भमा नेकपा (एमाले) ले धेरै अगाडि सार्वजनिक गरेको ३५ सूत्रीय प्रस्ताव तथा राष्ट्रिय समस्याको समाधानको लागि हालै प्रस्तुत नौ बुँदे प्रस्ताव उल्लेखनीय छन् । यी प्रस्तावहरूमा नेकपा (एमाले) खुला रहेको छ र राष्ट्रिय समस्याको समाधानका लागि अगाडि सारिने कुनैपनि उपयुक्त बस्तुवादी प्रस्तावमाथि छलफल गर्न पार्टी तयार रहेको छ ।

पार्टीहरूले अगाडि सारेका मागहरू पूरा गर्ने प्रक्रियाका सम्बन्धमा पनि केही भ्रमहरू देखा परिरहेका छन् । पार्टीले अघि सारेका मागहरूमध्ये जनताको सार्वभौमसत्तालाई स्वीकार्दै सर्वदलीय सरकार गठनको लागि मार्ग प्रशस्त गर्न राजाबाट आन्दोलनरत दलहरूको सहमति र सिफारिसमा प्रधानमन्त्रीको नियुक्ति गर्ने र त्यसभन्दा अगाडि वर्तमान असंवैधानिक सूर्यबहादुर थापा प्रधानमन्त्री रहेको मन्त्रिपरिषद्लाई बर्खास्त गर्ने दायित्व राजाको हो । तर राज्य संचालनसम्बन्धी अन्य विषयमा निर्णय गर्ने अधिकार राजनीतिक दलहरूद्वारा निर्मित सरकार र संसदलाई नै हुन्छ र हुनुपर्दछ ।

**प्रजातान्त्रिक मूल्य, मान्यता र मानवाधिकारको प्रश्न**

राजनीतिक दलहरूलाई वर्तमान संविधानप्रदत्त अधिकारहरूको समेत उपभोग गर्न नदिने, सर्वमान्य मानवाधिकारहरूको उपयोग गर्ने राजनीतिक दलका नेता र कार्यकर्ता, मानवाधिकारवादी कार्यकर्ताहरू, पत्रकार, विभिन्न पेशा र व्यवसायकर्मीहरू, बुद्धिजीविहरू, मजदुर, किसान एवं प्रजातन्त्रको पक्षमा उभिएका अपाङ्गहरूलाई समेत सुरक्षाकर्मी लगाएर गैरकानुनी रूपमा गिरफ्तार गर्ने, थुन्ने, पिट्ने र दुर्व्यव्यवहार गर्ने जस्ता दमनकारी क्रियाकलापहरूलाई व्यापक पारेर राजाको मनोनीत सरकारले संविधान, प्रजातन्त्र र मानवअधिकारको खिल्ली उडाएको छ । सरकारको यस्तो तानाशाही कार्यका विरूद्ध राजनीतिक दलका नेता र कार्यकर्ताहरूमात्र होइन समाजका सबै वर्ग, पेशा र समुदायका मानिसहरू संगठितरूपमा सडक प्रदर्शनमा ओर्लिएका छन् । समाजका चेतनशील र संगठित मानिसहरू किन यसरी सडकमा ओर्लिरहेका छन् भन्नेतिर ध्यान दिनु त कता हो कता उल्टै तिनमाथि सुरक्षाकर्मीहरूद्वारा लट्ठी, अश्रुग्यास, प्लास्टिकका गोली र ईंटा बर्षाउन लगाएर राजाको मनोनीत सरकारले विश्वका सामु आफ्नो निर्लज्ज अप्रजातान्त्रिक अनुहारको प्रदर्शन गरिरहेको छ । हालसम्म हजारौं प्रदर्शनकारीहरू गिरफ्तार गरिएका छन् । सयकडौं प्रदर्शनकारीहरूलाई प्रहरीबाट आक्रमण गर्न लगाई घाइते तुल्याइएको छ । कयौं अंगभंग भएका छन् । राष्ट्रिय साधन र स्रोतको दोहन भइरहेको छ। तर जनता र देशप्रति अनुत्तरदायी राजाको सरकार आँखा चिम्लेर दमनको सहारामा कुर्सीमा टाँसिरहने मूर्खतापूर्ण काम गरिरहेको छ । यस्तो तानाशाही कृत्यको भरमा सत्ताधारीहरू टिक्न सक्दैनन् । पार्टीहरूको नेतृत्वमा प्रजातन्त्र, मानवाधिकार, जनताको सार्वभौमसत्ता, संवैधानिक पद्धति र प्रक्रियाको बहालीको लागि संचालित आन्दोलन कुनैपनि दमन र षडयन्त्रबाट विफल हुँदैन ।

जनताबाट तिरस्कृत, जनतामाझ कुनै संगठन नभएका तथा आफ्नो निजी हित र स्वार्थमा लिप्त मानिसहरूलाई मन्त्रिपरिषद्मा राखेर तिनै मानिसहरूले जनअनुमोदित, देश र जनताको उज्ज्वल भविष्यको लागि स्पष्ट कार्यक्रमका साथ समर्पित नेता र पार्टीहरूलाई सत्तालोलुपताको पगरी गुताउनु जो चोर उसैको ठूलो स्वर भन्ने उखानलाई चरितार्थ गर्नुमात्र हो ।

**राजासँग वार्ताको प्रसंग**

नेकपा (एमाले) सधैं राजा, माओवादी वा अन्य आवश्यक पक्षसँग देश र जनताको हित एवं अधिकारको लागि संवाद गर्न तयार छ । तर त्यस्तो संवाद प्रजातान्त्रिक मान्यतामा आधारित र अग्रगामी परिवर्तनका लागि सहायक हुनुपर्दछ तथा त्यसले जनभावनाको सम्मान गरेको हुनुपर्दछ भन्ने पार्टीको धारणा हो । यही धारणाअनुरूप नेकपा (एमाले) ले राजासँग गरिने वार्ता विगतका वार्ताझैं अर्थहीन र अझ अविश्वास तथा द्वन्द्व बृद्धि गर्ने किसिमको नहोस् र त्यो अर्थपूर्ण होस् भन्ने अडान सार्वजनिक गर्दै आएको छ ।

विगतमा, राजाबाट नेताहरूसँग सहमतिको दिशामा सार्थक कदम चालिने भनी पटक-पटक भएका प्रतिवद्धता पूरा नभई झन अप्रजातान्त्रिक अभिव्यक्ति र कामहरू भएकाले अब उप्रान्त त्यस्तो नहोस् भनी सचेत रहनु एकदमै आवश्यक छ । यसरी सचेत रहनुपर्दछ भन्नुको अर्थ राजासँग आफ्ना कुरा राख्न डराउनु वा हिच्किचाउनु हो भन्ने अर्थ लगाइनु हुन्न । बरू संवादलाई सार्थक तुल्याउन न्यूनतम वातावरणसमेत तयार नगरी वार्ताका लागि वार्ता गर्नु जनतामा भ्रमको सिर्जना गर्नु र उभारको अवस्थामा पुगेको जनआन्दोलनमाथि चीसो पानी खन्याउनुमात्र ठहरिन्छ ।

**सरकार गठन र संचालनको मान्यता**

कुनैपनि प्रजातान्त्रिक देशमा सरकार संचालन गर्ने अधिकार त्यहाँको संसदमा सबभन्दा ठूलो  र जनसमर्थन प्राप्त पार्टीलाई हुन्छ । सरकार संचालनमा अनेक पटक असफल वा अयोग्य सावित भएका संसदीय स्थान, जनसमर्थन वा संगठनात्मक शक्तिको दृष्टिबाट तुलनात्मकरूमा साना दलहरूले प्रजातन्त्रमा सरकारको नेतृत्व गर्ने दावीसमेत गर्दैनन् । अतः प्रजातान्त्रिक पद्धति र मान्यताको सम्मान गर्ने हो भने जनमत र संगठनात्मक शक्तिसमेतको आधारमा मुलुकको सबैभन्दा ठूलो राजनीतिक दल नेकपा (एमाले) ले वर्तमान संकटपूर्ण अवस्थामा राज्य संचालनको अभिभार पाउनुपर्ने हो । अझ विगतमा नेकपा (एमाले) को नौ महिने सरकारको पालामा भएका कामहरू तथा जनताले हाल गरिरहेको अपेक्षालाई समेत विचार गर्ने हो नेकपा (एमाले) लाई देशको संकट निवारणको लागि जिम्मेवारी दिइनु युक्तिसंगत छ । यसतर्फ ध्यान नदिई विगतमा अनेकपटक विफलताको पर्याय बनिसकेका र जनतामाझ बदनाम भइसकेकाहरूले नै पुनः आफू बाहेक अरूलाई राज्य संचालनको जिम्मेवारीमा पुगेको देख्न नचाहने हो भने फेरि पनि यथास्थिति र विगतका त्रुटिहरूको पुनरावृत्ति हुने खतरा रहने छ । यसो भनिरहँदा नेकपा (एमाले) पंक्तिले सरकारमा जाने कुरा गरियो भनेर लजाउनुपर्ने वा हच्किनुपर्ने आवश्यकता छैन । नेकपा (एमाले) यो देशलाई सुबाटोमा हिंडाउने शक्ति, क्षमता र जनसमर्थन प्राप्त भएको पार्टी हो । विगतमा मुलुक बर्बादीको दिशातिर धकेलिएको तथ्यलाई मनन गर्ने हो भने नेकपा (एमाले) को सरकार संचालन गर्न पाउने दाबी अत्यन्तै स्वाभाविक र समयसापेक्ष छ । वर्तमान आन्दोनलको उद्देश्य पनि यथास्थितिलाई कायम गर्ने वा विगतकै पुनरावृत्ति गर्ने कदापी होइन ।

वर्तमान जटिल र कठीन परिस्थितिमा सरकार संचालनको अर्थ राजनीतिक दलहरूद्वारा अघि सारिएका अग्रगमनका कार्यक्रमहरूको कार्यान्वयनको दिशामा पाइला चाल्ने तथा देशले सामना गरिरहको माओवादी समस्याको उचित समाधानको मार्ग प्रशस्त गर्ने र यसका लागि राष्ट्रिय सहमतिको वातावरण निर्माण गर्ने पनि हो । देश र जनताले कष्टपूर्ण किसिमले सामना गरिरहेको हत्या, हिंसा, विध्वंस, द्वन्द्व र मुठभेडको निराकरणका लागि राजनीतिक, आर्थिक र सामाजिक सबै क्षेत्रमा सक्रियता र आँटका साथ सुधार र परिवर्तन गरी अघि बढ्नुपर्ने आवश्यकता छ । यसैका लागि नै जनताको सार्वभौमसत्ता र प्रजातान्त्रिक मान्यतामा आधारित अधिकारसम्पन्न सर्वदलीय सरकारको आवश्यकता परेको हो । जनताले निरंकुशतन्त्रको अन्त्यको माग गरेका हुन् ।

**आन्दोलनको महत्व**

राजाबाट चालिएको प्रतिगमनकारी घोषणाका विरूद्ध नेकपा (एमाले) सहितका पाँच राजनीतिक दलहरूद्वारा संचालित एक बर्ष लामो संयुक्त जनआन्दोलनले नेपाली राजनीतिका विविध पक्षहरूलाई उद्घाटित गरेको छ । यी पक्षहरूलाई राम्ररी मनन गरिनुपर्दछ । वस्तुगत जगतलाई बुझेर अघि बढ्नुभन्दा व्यक्तिगत शान, मान र स्वार्थमा लिप्त प्रतिक्रियावादीहरूले संयुक्त जनआन्दोलनले सतहमा ल्याएका महत्वपूर्ण पक्षहरूलाई नबुझ्न सक्छन् वा बुझ्न नचाहन सक्छन् । तर  जनता र प्रजातन्त्रप्रति प्रतिबद्ध अग्रगामी कुनैपनि  राजनीतिक दल र तिनका नेताहरूले भने यथार्थलाई आत्मसात् गर्नै पर्दछ । विगतका गल्ती-कमीहरूको कदापी पुनरावृत्ति हुनुहुँदैन ।

संयुक्त जनान्दोलनमा संलग्न राजनीतिक दलहरूका बेग्ला-बेग्लै सिद्धान्त, कार्यक्रम र कार्यशैलीका कारण समय-समयमा कतिपय समस्याहरू देखापरे पनि मूलभूतरूपमा आन्दोलनले निरंकुश राजतन्त्रको विरूद्धमा तथा प्रजातन्त्र र मानवाधिकारको पक्षमा उल्लेखनीय रूपमा जनमतको सिर्जना गरेको छ । जनाधिकारको पक्षमा र निरंकुश शासनको विरूद्धमा राजनीतिक नेता, कार्यकर्ता, मानवाधिकारवादी, पत्रकार, मजदुर, बुद्धिजीवी लगायत विभिन्न पेशा र समुदायका जनताले जस्तोसुकै दमनको पनि सामना गर्न देखाएको तत्परता र गरेको योगदान प्रशंसनीय छ र यसबाट राजनीतिक दलहरूले जनआकांक्षाको मापन गर्नुपर्दछ । आन्दोलनले, कसैले पनि तानाशाही लादेर देशलाई घिसार्न सक्दैन भन्ने कुराको स्पष्ट सन्देश दिएको छ । आन्दोलनको क्रममा परिचालित लाखौं जनताको मनमस्तिष्कमा स्थापित प्रजातन्त्र, मानवाधिकार, सुशासन, अग्रगामी परिवर्तनको राजनीतिक चेतनाले निरंकुशता विरोधी जनमतलाई मात्र बलियो तुल्याएको छैन त्यसले राजनीतिक दलहरूलाई समेत विगतका गल्ती-कमीहरूलाई सच्याएर अघि बढ्न दिशानिर्देशित गरेको छ । यसको प्रभाव नेपालको भावी राजनीतिमा निश्चय पनि महत्वपूर्णरूमा पर्ने छ ।  संयुक्त जनान्दोलनदेखि तर्सिएका र प्रजातन्त्रको विरूद्धमा रहेकाहरूले संचालित संयुक्त जनान्दोलनलाई जतिसुकै महत्वहीन भनी आत्मरतिमा रमाउने धृष्टता गरेपनि यसले निरंकुश राजतन्त्रको विरूद्धमा र जनताको सार्वभौमसत्ताको पक्षमा देश भित्र र बाहिर दुबै क्षेत्रमा नयाँ चेतना र तरंगको सिर्जना गरेको छ ।

यसरी मुलुकको राजनीतिमा महत्वपूर्ण स्थान ओगट्दै सफलताको विन्दुतिर अग्रसर आन्दोलनका उपलब्धिहरूलाई सार्थकरूपमा जगेर्ना गर्ने जिम्मेवारी अब राजनीतिक दलहरूको काँधमा छ । यो आन्दोलन सफलताको विन्दुतिर गइरहेको बेला पुनः विगतका संकीर्ण, स्वार्थपरक र विकृत प्रवृत्तिहरू प्रकट नहोउन् र प्रजातान्त्रिक मान्यताको आधारमा जनभावनाअनुरूप सबै निर्णयहरू होउन् भन्नेतर्फ राजनीतिक दल र सबै आन्दोलनकारीहरू सजग रहनुपर्दछ । यसरी अघि बढेमा आन्दोलन सार्थक उपलब्धिसहित जनताको विजयको प्रतीक बन्ने छ ।

*- २३ वैशाख २०६१*

# आन्दोलन देशव्यापी भएको छ

**' रविन्द्र अधिकारी, महासचिव, प्ररायुसंघ**

प्रतिगमनविरूद्ध प्रजातन्त्रका लागि संचालित संयुक्त जनआन्दोलन न्यायपूर्ण आन्दोलन हो । प्रजातन्त्रका लागि संचालित जनआन्दोलनमा जनताको पूर्ण समर्थन नहुने कुरै भएन । विगत केही समयदेखि चालु आन्दोलनमा जनताको सहभागिता व्यापक बन्दै गइरहेको छ । आन्दोलन देशव्यापी भएको छ । प्रतिगमनविरूद्धको यो आन्दोलन अब दलहरू विशेषको मात्र

आन्दोलन नभएर समाजका सबै प्रजातन्त्र पक्षधरहरूको आन्दोलनको रूपमा विकसित भएको छ। जनताको समर्थन र सहभागिता नभएको भए यो आन्दोलन निरन्तर रूपमा अगाडि बढिरहन सक्ने थिएन। दिनप्रतिदिन आन्दोलनमा जनताको सहभागिता बृद्धि भइरहेको र आन्दोलन जुझारू ढंगले अगाडि बढिरहेको छ। जनताको आन्दोलनको दवावबाट नै गिरफ्तार आन्दोलनकारीहरू रिहा गर्न र दंगाग्रस्त क्षेत्र घोषणा फिर्ता लिन सरकार बाध्य भएको हो।

जनताको बलिदानीपूर्ण संघर्षबाट २०४६ सालमा बहुदलीय प्रजातन्त्रको स्थापना भएको हो। आन्दोलनको सफलतापश्चात् जनता सार्वभौमसत्ता सम्पन्न भएका हुन्। सार्वभौम जनता रैती बन्न तयार छैनन्। हामी एक्काइसौं शताब्दीमा छौं। निरंकुशता स्वीकार्य हुन सक्दैन। जनताको न्यायपूर्ण आन्दोलन कहीं कतै पराजित भएको इतिहास छैन। राजनीतिक पार्टीहरूको एकता मजबुत छ। जनताको एकता क्रमशः सबल बनिरहेको छ। आन्दोलनले जनताको सहभागितासहित दिनप्रतिदिन गति लिइरहेको छ। प्रतिगमन पराजित हुनु अनिवार्य छ, प्रजातन्त्र र जनताको आन्दोलनको विजय अवश्यंभावी छ।

# सफल नहुने कुरै छैन

*' गौरी प्रधान, अध्यक्ष, एलायन्स नेपाल*

पाँच दलद्वारा संचालित आन्दोलन शुरूमा कार्यकर्ताहरूको मात्रै आन्दोलन थियो। तर पछिल्लो अवधिमा जनसहभागिताको क्रम दिनहुँ बढिरहेको छ। पेशाकर्मी र मानवअधिकारकर्मीहरूले पनि यसप्रति समर्थन र ऐक्यबद्धता जनाएका छन्। पहिलो, यो प्रजातन्त्रको लडाईं हो भन्ने कुरा आम नागरिकले बुझ्दै गएका छन् भने दोस्रो, सरकारको दमनकारी नीतिले आन्दोलनमा ऊर्जा थपेको छ।

नागरिकमाथिको बर्बर दमन र अत्याचार देखेर हामी मानवअधिकारकर्मीहरू सडकमा ओर्ल्यौं। प्रजातन्त्रबिना मानवअधिकारको कल्पना गर्न सकिंदैन। प्रजातन्त्र र मानवअधिकार एक सिक्काका दुई पाटा हुन्। राजनीतिक कार्यकर्तामाथिको दमन, अमानवीयता, गैरकानूनी ढंगले उनीहरूलाई कुटेको र थुनेको देख्यौं। यसले प्रजातन्त्रको मुकुण्डोधारी यो सरकार पूरै नांगिएको छ भन्ने हामीलाई लागेको छ।

अहिलेको प्रजातान्त्रिक आन्दोलन सफल नहुने कुरै छैन। दमनले आन्दोलनलाई अलमल्याउँछ तर रोक्न सक्दैन। सावल ढिलो-चाँडोको मात्रै हो। फेरि यो आन्दोलनप्रति राष्ट्रिय-अन्तर्राष्ट्रिय समर्थन व्यापकरूपमा बढिरहेको छ। युवा तथा विद्यार्थीले गणतन्त्रको नारा निरन्तर लगाइरहेको स्थिति बढिरहेको छ। यस्तो बेलामा माओवादीले उठाएका आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक सवालहरूलाई समेट्ने गरी अग्रागमी अब निकास निकाल्नुपर्छ।

# राजीनामा आयो, आशंका कायमै

जनअधिकार र सार्वभौमिकताका लागि नेकपा(एमाले) लगायत पाँच राजनीतिक दलद्वारा जारी आन्दोलनले सफलताको थप एक सिढी पार गरेको छ। जनआन्दोलन दबाउने अनेक प्रयत्नमा पूर्ण विफल भएपछि अन्ततः राजाद्वारा एघार महिनाअघि स्वेच्छाले नियुक्त प्रधानमन्त्री सूर्यबहादुर थापाले पदबाट राजीनामा दिनुभएको छ। वैशाख २५ गते उहाँले आन्दोलनको बढ्दो रापका कारण पदबाट राजीनामा दिनुभएको हो भन्ने तथ्य स्पष्ट भएको छ। तर पनि समस्या समाधान गर्न राजा अझै गम्भीर र सम्वेदनशील नदेखिएको महशुस भएको छ। प्रधानमन्त्रीको राजीनामा स्वीकृत गर्नेक्रममा राजदरबारबाट प्रकाशित विज्ञप्तिले समस्या समाधानका लागि भन्दा पनि राजा अझै आफ्नो पुरानै असफल प्रयोग दोहोऱ्याउने उपक्रममा लाग्न थालेको आभाष हुन छाडेको छैन।

सम्वाद र सहमतिका लागि राजनीतिक दलसँग विश्वासको वातावरण तयार गर्नुपर्नेमा राजामा पुनः पहिलेको जस्तै हठ र अहम् देखिएको छ। वैशाखको दोश्रो साता शुरू भएको 'दर्शनभेट' को राजनीतिप्रति दलहरू आकर्षित नभएपछि राजाका सामु विकल्प झन् सिमित हुँदै गएका थिए। आन्दोलनका मागमा छलफल नहुने भएपछि राजासँगको भेटको कुनै अर्थ नहुने अडान दलहरूले राखेका थिए। नेकपा(एमाले) ले प्रष्टरूपमै सम्वादका लागि थापाको राजीनामाको माग गरेको थियो। उहाँको राजीनामापछि सम्वादको वातावरण बनेको पार्टीको ठहर छ। जनतामा सार्वभौमसत्ता र राजकीयसत्ता फिर्ता गर्नुपर्ने र त्यसका लागि ०५६ को प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सिफासिश र सहमतिमा सर्वदलीय सरकार गठन गर्नुपर्ने मागमा पार्टी दृढ र प्रतिबद्ध छ।

राजाले पुनः 'स्वच्छ छवि' को पुरानै थेगो दोहोऱ्याएपछि राजनीतिक दल र आम नागरिकमा समस्या समाधान हुने कुरामा थप आशंका सिर्जना भएको छ। सार्थक सम्वाद र सकारात्मक परिवर्तनका लागि दलहरू जति लचिलो र जिम्मेवार छन्,

जनताका अधिकारहरू फिर्ता गराएरै छोड्ने अडानमा पनि त्यत्तिकै दृढ छन्। यो सच्चाइलाई आत्मसात गर्दै वार्ता र आन्दोलनलाई एक अर्काको परिपूरकका रूपमा लिनुपर्छ। राजकीयसत्ता र सार्वभौमिकताको रक्षाका लागि पाँच दलबीचको कार्यगत एकतालाई ध्यानमा राख्दै अघि बढ्नुपर्छ।

आन्दोलनको माग, नारा र उद्देश्य प्रष्ट छ। यो आन्दोलनले नै लोकेन्द्रबहादुर चन्दलाई पदबाट हटाएको हो। त्यतिखेर आन्दोलनरत पाँच दल र नेपाली कांग्रेस(प्रजातान्त्रिक) को प्रष्ट समर्थन हुँदाहुँदै नेकपा(एमाले) का महासचिव माधवकुमार नेपाललाई प्रधानमन्त्री नबनाएर राजा आफैले द्वन्द्व र मुडभेडलाई निम्त्याएको तथ्य त्यसयताका घटनाक्रमहरूले पुष्टि गरिसकेका छन्। राजाका कारण नेपाल र नेपालीको एक वर्ष खेर गयो। नेपाली जनताको प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको सहमतिलाई लत्याएर राजा एक्लै अघि बढ्न खोज्दा सम्पूर्ण राष्ट्रले त्यसको ठूलो मूल्य चुकाउनुपरेको छ। लोकेन्द्रबहादुर चन्दको सट्टा सूर्यबहादुर थापालाई नियुक्त गरेर राजाले समस्या समाधान गर्न उपयुक्त बाटो नअपनाएको दलहरूको अडान आरोप मात्र थिएन भन्ने कुरा बितेका एघार महिनाले पनि प्रष्ट पारिसकेको छ। अब पनि दलहरूलाई लत्याएर राजा अघि बढ्छन् भने हामीले त्यसको जवाफ आन्दोलनको मैदानबाटै दिनुपर्छ।

आन्दोलनका क्रममा सयौ नेता, कार्यकर्ताको रगत सडकमा पोखिएको छ। हाम्रो बलिदान र संघर्षले विजय पाउनु अनिवार्य छ। यति बलिदानले पुगेन भने अझै थप बलिदानका लागि हामी मानसिकरूपमा तयार हुनुपर्छ। तर अर्को पक्ष पनि त्यसको सामना गर्न तयार हुनुपर्छ। स्वाभाविक छ, त्यसपछि सबै अहिलेकै माग र नारामा अडिग रहने अवस्था रहँदैन। एक पक्षले आफ्नो बाटो रोजेपछि अर्को पक्षले पनि आफ्नो बाटो रोज्नैपर्दछ।

यो पंक्ति लेखिरहँदासम्म सहमतिको राजनीति आरम्भ हुने मुर्त आधार देखिएको छैन। सम्वादमा देखिएको विलम्ब मात्र होइन, आफ्ना एजेण्डा दिएर सरकार गठनको प्रक्रिया आरम्भ गर्ने राजाको घोषणाले सबैलाई आशंकित गराएको छ। दलहरूबीच नै फाटो ल्याउने प्रयत्नहरू पनि यो बीचमा देखिएका छन्। अब पनि नचेतेर तिकडममा लागिरहने हो भने समस्याले कसरी निकास पाउँछ ?

अहिलेलाई अठार बुँदा नै दलका राजनीतिक एजेण्डा हुन्। अग्रगमनका यी एजेण्डामा सबैको ध्यान केन्द्रित गर्नुपर्छ। सम्बैधानिक राजतन्त्रको मर्यादा, मान्यता र अवधारणालाई कुल्चेर राजाबाट लिइने कुनै पनि निर्णयहरूको परिणाम नकारात्मक र घातक हुने कुरा स्पष्ट भइसकेको छ। आफैंद्वारा नियुक्त सूर्यबहादुर थापा घाँडो भएको यथार्थ राजाले महसुस गर्नुपर्दछ।

# आन्दोलनको एक बर्ष र सुधार्नुपर्ने कुराहरू

## ' रघु पन्त

**आ**न्दोलन वास्तवमा पार्टीका नेता र कार्यकर्ताहरूको परीक्षा लिने सबैभन्दा उपयुक्त समय हो। आन्दोलनले अघि बढ्दै जाँदा अनेकौं प्रकारका जटिलता र नयाँ-नयाँ अप्ठ्यारा परिस्थितिहरूको सामना गर्नुपर्ने हुन्छ। नयाँ-नयाँ जटिलता र अप्ठ्यारा परिस्थितिको सामना गर्दै आन्दोलनलाई अघि बढाउने कुरामा नेताहरूले कसरी नेतृत्व दिन्छन्, त्यसमा नै नेतृत्वको खुबीको परीक्षण हुन्छ। कार्यकर्ताहरू कसरी समर्पित भएर आन्दोलनमा लाग्छन्, कत्तिको क्रियाशीलता देखाउँछन् र मैदानमा उत्रेर कत्तिको खट्छन् भन्ने कुराले कार्यकर्ताहरूको परीक्षण भइरहेको हुन्छ। कुन कार्यकर्तामा कत्तिको संगठन क्षमता छ, जनतालाई प्रेरित र संगठित गर्दै संघर्षमा ल्याउने सक्रियता कति छ र पार्टीका सदस्यहरू कत्तिको पार्टी र आन्दोलनप्रति समर्पित छन् भनेर जाँच्ने उपयुक्त थलो र बेला पनि आन्दोलनकै बेला र मैदान हो। अहिलेको आन्दोलनले नेता, कार्यकर्ता र पार्टीका सदस्यहरू सबैको परीक्षण गरिरहेको छ।

आन्दोलनले नेताहरूलाई धेरै नयाँ कुराहरू सिकाउँछ। अनुभव, अनुभूति र आन्दोलन हाँक्ने विषयमा प्रत्यक्ष रूपले नयाँ-नयाँ तथ्य र सदस्यहरूलाई नजिकैबाट बुझ्ने मौका प्रदान गर्छ। देशको परिस्थिति, राजनीतिक सन्तुलन र जनताको मनस्थिति यी सबै कुराहरूलाई नजिकबाट बुझ्ने मौका आन्दोलनले दिन्छ। त्यसैले आन्दोलन राजनीतिक पार्टी र नेता-कार्यकर्ताहरूको लागि सबैभन्दा जीवन्त पाठशाला हो।

आन्दोलनले सकारात्मकमात्र होइन, नकारात्मक पाठ पनि सिकाउँछ। ढङ्ग र बुद्धि पुऱ्याउन नसकेको खण्डमा आन्दोलनले उपलब्धिहरू मात्र होइन क्षति पनि पुऱ्याउन सक्छ। आन्दोलन यस्तो परीक्षण मैदान हो जहाँबाट राजनीतिक दलहरूले शक्ति र सत्ता हासिल गर्न सक्दछन्, लोकप्रियता र प्रचण्ड जनसमर्थन हासिल गर्न सक्दछन् भने बुद्धिमता र दूरदर्शिता देखाउन नसकेको खण्डमा भएको आधार र जनसमर्थन गुमाउन पनि सक्दछन्।

२०६० साल वैशाख २१ गतेदेखि आरम्भ भएको प्रतिगमनविरोधी वर्तमान आन्दोलनले एक बर्ष पूरा गर्दाको अवधिमा कैयौं क्रान्तिकारी कुरा गर्ने नेता र नेतृहरूलाई आन्दोलनले उनीहरूको सक्कली स्वरूपमा उभ्याइदिएको छ। चर्का कुरा गर्ने, आदर्शको बखान गर्ने, आन्दोलनका बारेमा ठूला-ठूला कुरा गर्ने तर आन्दोलनमा निरन्तर सामेल नहुने, आन्दोलनका बारेमा नकारात्मक टिकाटिप्पणी गर्ने र आन्दोलनकारी कार्यकर्ता पंक्ति र जनसमुदायप्रति भन्दा दरबारप्रति आशावादी हुने प्रवृत्ति आन्दोलनकै अवधिमा विभिन्न राजनीतिक पार्टीका नेता र नेतृहरूमा देखियो। यस्तो प्रवृत्तिलाई आन्दोलनकारी पंक्तिले छेउ लगाइदियो। तर पनि यस्तो प्रवृत्ति विद्यमान रहेसम्म कुनै पनि बेला झाङ्गिएर आउने खतरा रहिरहन्छ। आन्दोलनले अप्ठ्यारो व्यहोर्नुपरेको बेलामा त झन् यस्तो प्रवृत्तिले टाउको उठाउने र कैयौं इमान्दार नेता-कार्यकर्तालाई भड्काउने अवसर समेत

प्राप्त गर्छ । त्यसैले यस्ता पलायनवादी, निराशावादी र आत्मसमर्पणवादी चिन्तनका विरूद्ध पार्टीहरूले निरन्तर वैचारिक संघर्ष र प्रशिक्षण जारी राख्नुपर्ने हुन्छ ।

विगत एक बर्षदेखि चलेको आन्दोलनका निकै महत्वपूर्ण र सकारात्मक पक्षहरू देखापरेका छन् भने यो आन्दोलनका क्रममा नकारात्मकरूपमा पनि केही कुराहरू देखापरेका छन् । ती सबै सकारात्मक र नकारात्मक कुराहरूको विश्लेषण अहिले गर्न संभव छैन । यहाँ म एक दुईवटा पक्षहरूको मात्र चर्चा गर्न चाहन्छु ।

आन्दोलनकारी दलहरूले सुधार गर्नैपर्ने एउटा अत्यन्त महत्वपूर्ण पक्ष भनेको उनीहरूको संगठनात्मक स्थिति हो । नेकपा ( एमाले), नेपाली कांग्रेस, जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी र नेपाल मजदुर किसान पार्टीमध्ये यो आन्दोलनका दुई महत्वपूर्ण शक्ति भनेका नेकपा (एमाले) र नेपाली कांग्रेस नै हुन् । नेपाली कांग्रेस विभाजित भएको र उपत्यकालगायत देशका विभिन्न भागबाट कैयौं पुराना र नयाँ कांग्रेसी कार्यकर्ताहरू शेरबहादुर देउवाले नेतृत्व गरेको नेपाली कांग्रेस (प्रजातान्त्रिक) तर्फ लागेकोले गर्दा पनि नेपाली कांग्रेसको शक्ति अहिले केही कमजोर भएको छ । कांग्रेस विभाजनको असर राम्रैसँग उपत्यकाका तीन जिल्लामा परेको कारणले नेपाली कांग्रेस तुलनात्मक रूपले उपत्यकामा कमजोर देखिएको छ । चुनावी दृष्टिकोणबाट मात्र हैन, अन्य दृष्टिकोणबाट पनि नेकपा (एमाले) को संगठन उपत्यकामा अविभाजित नेपाली कांग्रेसभन्दा बलियो थियो । यो बलियो संगठनमा नेकपा (एमाले) विभाजित भएको अवस्थामा केही क्षति पुग्न गए पनि एकीकरणपछि संगठन जति चुस्त, दुरूस्त र क्रियाशील हुनुपर्ने हो हुनसकेको देखिएन ।

कैयौं संगठित सदस्यहरू बैठकमै नआउने, पार्टीमा क्रियाशील नहुने र आन्दोलनमा सामेल नहुने अवस्थामा देखिए । राजनीतिक चेतना राम्रोसँग प्राप्त गर्न नसकेका कैयौं व्यक्तिहरूले प्राविधिकलगायत अन्य कैयौं कारणले संगठित सदस्यता पाए पनि राजनीतिक र संगठनात्मक दृष्टिकोणले उनीहरू योग्य देखिन सकेनन् । पार्टी सदस्यताको पहिलो आधार भनेको राजनीतिक योग्यता, प्रतिबद्धता र संगठनात्मक चेत नै हो । जुन सदस्यहरूमा यस्तो योग्यता छैन र योग्यता हासिल गर्न खोज्ने सामान्य चाहना पनि छैन, त्यस्ता सदस्यहरूले पार्टीलाई सामान्य योगदान पनि दिन सक्दैनन् । यस्ता सदस्यहरू मिटिङ-बैठकमा आउँदैनन्, पार्टीका नीति बुझ्न चाहँदैनन् र आन्दोलनमा पनि सहभागी हुँदैनन् । ५० जना संगठित सदस्य भएको ठाउँमा पाँच जना सक्रिय हुने र सय जना संगठित सदस्य भएको ठाउँमा दश जनामात्रै सक्रिय हुने हो भने बाँकी अरू सदस्य भइरहनुको के औचित्य हुन्छ ?

उपत्यकामा मात्र नभएर सम्भवतः यस्तो लक्षण देशैभरी विद्यमान छ । त्यसैले यस्तो रोगको उपचार समयमै खोज्नको लागि केन्द्रीयरूपमा नै आवश्यक नीति बनाएर कार्यान्वयन गर्नु आवश्यक देखिन थालेको छ ।

संगठनात्मक रूपमा नबुझेका मात्र होइनन् राम्रो राजनीतिक चेतना भएका विभिन्न दलका कतिपय कार्यकर्ता र सदस्यहरू पनि आन्दोलनमा अझै राम्ररी सक्रिय भएका छैनन् । यस्तामध्ये धेरैमा अनेकौं प्रकारका असन्तुष्टीहरू रहेका छन् । पार्टीभित्र पद, पैसा र सम्पन्नताको लोभ बढ्दै गएको आरोपसमेत कतिपयले लगाउने गर्दछन् । यो आरोपमा सत्यता नभएको होइन । मन्त्री भएका केही नेताहरूमा देखापरेको राजावादी विचलनका कारणले उनीहरूलाई कारबाही गर्ने परिस्थिति उत्पन्न हुनु, मन्त्री, सांसद हुनुभन्दा अगाडि सामान्य डेरामा बसेर जीवन गुजार्नेहरूले थोरै समय मन्त्री र केही बर्ष सांसद भएकै आधारमा भव्य घर र गाडीहरू जोड्ने गर्नुले पनि कतिपय कार्यकर्ताहरूमा आक्रोश, अविश्वास र निराशा देखापरेको छ । यससम्बन्धी कार्यकर्ताहरूका गुनासाहरूलाई जायज ढंगले सुन्ने र तिनको सही उत्तर दिने हिम्मत नेताहरूले गर्नैपर्छ ।

नेताहरूले पारदर्शी जीवनशैली यापन गरून् र खुला-खुलस्त कुरा नेताहरूबाट आओस् भनेर कार्यकर्ताहरूले चाहनु स्वभाविक हो । यो स्वाभाविक चाहनालाई जसले पूरा गर्न सक्दैन उसले कार्यकर्ताहरूको विश्वास र सम्मान आर्जन गर्न पनि सक्दैन ।

गुटबन्दीको समस्या अधिकांश राजनीतिक दलमा छ । पार्टीलाई भित्रभित्रै धमिराले खाएर खोक्रो बनाउने अर्को रोग भनेको गुटबन्दी पनि हो । गुटबन्दीले इमान्दार मान्छेहरूलाई पाखा लगाउँछ । सक्रिय, सक्षम र योग्य भए पनि गुटमा नरहेकालाई महत्व नदिने प्रवृत्तिको विकास गर्छ । यसले सक्षम, इमान्दार र क्रियाशील कार्यकर्ताहरूलाई निराश पार्छ र निस्क्रिय हुने स्थितिमा पुऱ्याउँछ । त्यसैले गुटबन्दीविरूद्ध निरन्तर अन्तरपार्टी संघर्ष जारी राख्नुपर्दछ । विभिन्न पार्टीहरूमा विद्यमान गुटबन्दीले पनि आन्दोलनलाई केही नकारात्मक असर पारेको छ ।

माथिका यस्ता केही नकारात्मक कुराहरू भए पनि ती मुख्य पक्ष होइनन् । मुख्य र सर्वाधिक महत्वपूर्ण पक्ष भनेको विगत एक बर्षदेखि आन्दोलनलाई गति र ऊर्जा प्रदान गर्दै निरन्तर उचाइतर्फ लैजाने कुरामा प्राप्त भएको सफलता नै हो । यसको लागि नेकपा (एमाले) र अन्य आन्दोलनरत पार्टीका नेता-कार्यकर्ताहरूलाई धन्यवाद दिनैपर्छ । पाँच दलको नेतृत्वमा आरम्भ भएको आन्दोलन अहिले प्रतिगमनविरोधी सामूहिक आन्दोलनमा रूपान्तरण हुँदै गएको छ । यो आन्दोलन अहिले पत्रकार, लेखक, कलाकार, प्राध्यापक, शिक्षक, डाक्टर, इन्जिनीयर, किसान, मजदुर, विद्यार्थी, युवा, महिला, अन्धा, अपाङ्ग, उत्पीडित जाति र जनजातिहरूको साझा आन्दोलन भएको छ । उपत्यकाबाट शुरू भएको यो आन्दोलन अहिले पोखरा, धरान, बिराटनगर, इटहरी, कैलाली, कञ्चनपुर, राजविराज, लहान, दमक, इलाम, नेपालगञ्ज, चितवन, इलाम हुँदै गाउँहरूमा समेत फैलिएको छ । यो आन्दोलन राजनीतिक र भौगोलिक रूपले मात्र नभएर सहभागिताको दृष्टिकोणले समेत राष्ट्रिय जनआन्दोलनका रूपमा विस्तारित हुँदै गएको छ ।

आन्दोलनलाई अहिलेको उचाइमा पुऱ्याउन महत्वपूर्ण भूमिका उपत्यकाको नै रहेको छ । उपत्यकाका सबैभन्दा बलियो अवस्थामा रहेको नेकपा (एमाले)का कार्यकर्ताहरूको भूमिका नै यसको लागि निर्णायक रहेको छ । यसका साथसाथै अरू आन्दोलनकारी राजनीतिक दलहरूको सक्रियता र सहभागिता पनि उल्लेख्य छ । सबैको सामूहिक प्रयासले नै अहिले आन्दोलनमा सबै पेशा, तह र तप्काका जनता सामेल भएका छन् ।

आन्दोलन विस्तृत र व्यापक बनेको छ । राष्ट्रिय रूपमा मात्र हैन, अन्तर्राष्ट्रिय रूपमा समेत आन्दोलनले समर्थन पाउने क्रम निरन्तर बढ्न थालेको छ । तर अझै पनि आन्दोलन विजयको निर्णायक चरणमा पुगिसकेको छैन । आन्दोलनलाई निर्णायक चरणमा पुऱ्याउन आम जनसमुदायलाई अझ धेरै संख्यामा सडकमा ओराल्न आवश्यक छ । उपत्यकाका किसान र आन्दोलनले नछोइरहेको दश जोड बाऱ्हका निजी विद्यालयसम्म आन्दोलनलाई पुऱ्याउन बाँकी छ । सरकारी क्याम्पसका विद्यार्थीहरू आन्दोलनमा उत्रे पनि अत्याधिक संख्यामा उपत्यकाका स्थानीय विद्यार्थीहरू पढ्ने निजी क्षेत्रका शैक्षिक संस्थाहरूमा आन्दोलनले राम्ररी छुन सकेको छैन । निजी शैक्षिक संस्थाका विद्यार्थी र शिक्षकहरूलाई समेत आन्दोलनमा तानेपछि आन्दोलनले अविभावकहरूलाई समेत छुन्छ र आन्दोलन अझ व्यापक बन्छ ।

आन्दोलनकारी दलहरूले आफूहरूबीचको एकता, विश्वास र सौहार्दतालाई अझ बलियो बनाउँदै निश्चित लक्ष्य प्राप्त नगरेसम्म आन्दोलनलाई अघि बढाउनुपर्छ । आन्दोलन लम्बिन सक्छ तर विजयको लक्ष्यसम्म पुगेर मात्र थामिन्छ भन्ने अठोटका साथ अघि बढ्दै जनतालाई आश्वस्त तुल्याउनुपर्छ । यो आन्दोलनले जनतालाई जागरूक, चेतनशील र आफ्नो अधिकारप्रति सचेत तुल्याएको छ । हक खोसिंदा संघर्ष गर्नुपर्छ भन्ने कुरा सिकाएको छ । सबैभन्दा महत्वपूर्ण कुरा त नेपालका राजा र सामन्ती तथा प्रतिक्रियावादी शासक वर्गको प्रभावकारी रूपमा प्रतिरोध गरेको छ । आन्दोलनको यो अत्यन्त महत्वपूर्ण उपलब्धी हो, उज्यालो पक्ष हो, जसलाई कदापि बिर्सनु हुँदैन ।

# प्रजातन्त्र फेरि शिशु नहोस्

**' आनन्द पोखरेल, सदस्य, प्राकृतिक सरोकार समूह नेपाल**

पाँच दलले प्रतिगमनविरूद्ध संचालन गरेको जनआन्दोलन शुरूमा राजनीतिक पार्टीको मात्र हो कि जस्तो अनुभूति भएको थियो । यो आन्दोलनबारे कतिपय संस्थाले प्रश्न पनि उठाउँथे । नारा र मागको बारेमा पनि विवाद उठाउँथे । निरन्तर दलहरूले आन्दोलन अघि बढाएपछि अहिले मुलुकका सबै पार्टी, नागरिक समाज, कर्मचारी र पत्रकार एवम् मानव अधिकारवादी समेत आन्दोलित भई एउटै माग र नारामा जुन ढंगले ऐक्यबद्धता जाहेर गरेका छन्, यसले पाँच दलको माग र नारा स्पष्ट थियो र यो सवाल र मागले मान्छे, मान्छे हुने कि नहुने भन्ने प्रश्न उठाएको थियो ।

सार्वभौमसत्ता जनतामा हस्तान्तरण भनेको पूर्ण नागरिक हुनु हो । ०५९ असोज १८ पछि यही कारण आन्दोलन उठेको हो । यसले जुन उचाई प्राप्त गरेको छ र जुन नेतृत्व प्रदान गरेको छ, यसबाट एक आन्दोलनकारी कार्यकर्ताको हैसियतले म खुशी छु । अब बारम्बार प्रजातन्त्रलाई शिशु बनाउने प्रतिक्रियावादी तागतको घाँटी निमोठ्ने गरी आन्दोलनको नेतृत्व गर्नुपर्छ ।

# संयुक्त आन्दोलन र यसका विशेषता

## ' कोमल भट्टराई

० ६० चैत १९ बाट संयुक्त आन्दोलनको दोस्रो बर्षमा अवज्ञा आन्दोलनको रूपमा शङ्खघोष भएको छ । पहिलो बर्षको आन्दोलन प्रचारात्मक नै रह्यो र हालको यो आन्दोलनले कार्यात्मक आन्दोलनको रूप लिइरहेको छ । पहिलो बर्षको आन्दोलन १८ बूँदे तत्कालिक राजनैतिक तथा अर्थिक-सामाजिक कार्यक्रमको आधारमा संचालन भइरहेकोमा अबका दिनमा आन्दोलनमा राजतन्त्रको औचित्यता र सीमाको खोज, माओवादीलाई मूलधारमा ल्याउने प्रयत्न र यस अवधिसम्म राज्यले पछि पारेका जातजाति, वर्ग र क्षेत्रका जनतालाई राष्ट्रको राजनैतिक, आर्थिक तथा सामाजिक मूलधारमा ल्याउने प्रस्तावना थपिनु पर्ने युवा विद्यार्थी तथा बुद्धिजीवीको जोड रहेको छ । आन्दोलन दोस्रो बर्ष आइपुग्दा देशको यथास्थितिलाई मात्र कायम राख्न खोज्ने नेपाली काँग्रेसको एक हिस्सा खासगरी त्यसको युवाविद्यार्थी शक्ति अग्रगमनका लागि तयार भएको छ तर, यसको नेतृत्व यस कुरामा अडिग रहन सक्नेमा विश्वास गर्ने आधार देखिंदैन । त्यसैले आन्दोलनको ताप बढ्दै जाँदा नेपाली काँग्रेसको नेतृत्व र युवा शक्तिबीचको अन्तरकलहहरू देखा पर्न थालेका छन् । तैपनि काँग्रेसको नेतृत्वले हालसम्म राजतन्त्रलाई यथास्थितिमा राख्नेगरी खुलारूपमा सम्झौता गर्न सकेको छैन । अन्य वामपन्थी दलहरू एमालेका लागि परपीडक भएका कारणले पनि काँग्रेसले यी शक्तिहरूलाई एमालेको विरोधमा बेलाबेलामा उक्साइरहेको छ र यिनीहरूकै अफवाहका कारण काँग्रेसले एमालेलाई दोषारोपण गर्दै आन्दोलनबाट भाग्ने आधार बनाउन सक्ने शंका पनि जन्मेको छ । यी विविध अप्ठ्यारा अवस्थाहरूबीचमा पनि यो आन्दोलन आफ्नै महत्वका साथ संचालन भइरहेको छ । मुख्यतः यस आन्दोलन नेपालको मरणोन्मुख सामन्तवादी शासनको पतन र अविकसित पूँजीवादी समाजको प्रवर्द्धनका लागि महत्वपूर्ण आधार बनेको छ । यसैगरी यस आन्दोलनका समाचार तथा घटनाहरूलाई वर्गीकरण गरी विश्लेषण गर्दा निम्न विशेषताहरू देखिन्छन् :-

**१. वामपन्थी र गैरवामपन्थीको सहहस्ताक्षरबाट आर्थिक तथा सामाजिक प्रस्तावहरूसहित सामन्तवादी शासकका विरूद्ध राजनैतिक आन्दोलन संचालन**

२०४६ सालमा वामपन्थी र गैरवामपन्थीहरूले राजनैतिक परिवर्तनका लागि २०४६ माघ २७ गते हस्ताक्षार गरी संयुक्त आन्दोलन संचालन गर्ने घोषणा गरेका थिए । तर त्यसबेला आर्थिक तथा सामाजिक प्रस्तावका बारेमा यिनीहरूबीच छलफल भएन पनि र त्यसपछिका दिनमा यिनीहरूबीच व्यापक मतभिन्नता रहेको थियो । यी दलहरूबीच न्यूनतम सहमतिका बिन्दू खोज्ने काम भएन । बेलाबेलामा हाम्रो पार्टीले सामाजिक न्याय र वितरण प्रणालीका बारेमा १२ बर्ष करीव १० बर्ष सरकारमा

आसिन नेपाली काँग्रेसलाई यस प्रस्तावनामा छलफल गर्न आग्रह गरेपनि यसले ध्यान दिएन । तर प्रतिगमनपश्चात् काँग्रेसको नेतृत्व यी प्रस्तावहरूमा छलफलमा आउन बाध्य बनेको छ र न्यूनतम सहमतिका प्रस्तावमा सहहस्ताक्षारी बनेको छ । यसको निरन्तरतामा शकां त छ तर, त्यसभित्रका युवाशक्तिले आफ्नो भविष्यप्रति ध्यान दिएर यसमा अडिग रहन नेतृत्वलाई दबाव दिने र माओवादी समस्याको समाधानको कूञ्जीका रूपमा रहेकाले केही आशा पनि देखिएको छ ।

**२. दलहरूद्वारा आन्दोलनको पकड र नेतृत्व**

२०४६ सालको आन्दोलन दलहरूद्वारा आह्वान गरिएपनि अन्ततः जनताको स्वतःस्फूर्त सहभागिता रहन पुग्यो । असंगठित पेशा र वर्गका जनताको स्वतन्त्र आन्दोलन र सहभागिता प्रशस्त रहेको थियो । यसपटक आन्दोलन दलहरूद्वारा आह्वान गरियो र शुरूमा त कार्यकर्ता केन्द्रित आन्दोलनमात्र बन्यो । बिस्तारै मात्र पेशागत तथा विभिन्न वर्गका जनता सामेल हुन थालेका छन् । ०४६ सालको आन्दोलनमा सशक्तरूपमा सहयोगी बनेको स्वास्थ्यकर्मीहरू यस पटक निस्क्रिय सहभागीमात्र रहेपनि अन्य पेशागत संगठन प्रजातन्त्रमाथिको आक्रमणका विरूद्ध सक्रियताका साथ सहभागी बनेका छन् । प्रेस जगत आन्दोलनको सहयोगीमात्र बनेन, यसै दौरानमा उसले आफ्नो पेशालाई सम्मानजनक पेशाको रूपमा स्थापित गर्‍यो र पेशाजन्य क्षमताको प्रदर्शन गरेर बेकारीको पेशा होइन भन्ने प्रमाणितसमेत गर्‍यो । मानवअधिकार गैरसरकारी संघसंस्थाको नियमित कार्य र पेशा होइन, यो आन्दोलन हो भन्ने कुरालाई डा. मथुराप्रसाद श्रेष्ठ र कृष्ण पहाडीको सक्रियताले पुष्टि गर्ने मौकासमेत दिएको छ । यो आन्दोलनमा जुलुसको नेतृत्व गर्न नेताहरूको होडबाजी देखापर्‍यो । यो प्रवृत्ति ०४६ मा थिएन, त्यसबेला नेताहरू नेपथ्यमा थिए र कार्यकर्ताहरू मैदानमा थिए ।

**३. योजनाबद्ध र देशव्यापीरूपमा सञ्चालन :**

आन्दोलन स्वतस्फूर्त र असंगठित रहेन, हरेक कार्यक्रम घोषित र दलहरूको नियन्त्रणमा सञ्चालन भएका छन् । यसमा लाग्ने नाराहरू प्रतिगमनकारीले प्रचार गरेजस्तो अमूर्त र आन्दोलनकारीको अनिच्छा भन्दा फरक पनि छैन । यो कहिले सहर केन्द्रित र कहिले देशव्यापी विकेन्द्रित घोषणाअनुरूप पटक-पटक परिवर्तन भइरहेका छन् । पाँच दलका हरेक आन्दोलनहरू प्रभावकारी ढंगले सञ्चालन भएका छन् । र, आन्दोलन केन्द्रदेखि वडास्तरसम्म संचालन भइरहेका छन् ।

**४. युवा विद्यार्थीको गणतन्त्रको नारा :**

गणतन्त्रको नारा पूर्ण प्रजातन्त्रका लागि औचित्यपूर्ण छ तर गणतन्त्रको मागेर, माग्नासाथ प्राप्त भइ पनि हाल्दैन । यो प्राज्ञिक हो, प्रचारात्मक हो । यो नारा प्रतिगमनका लागि बाधा पुर्‍याउने र तिनीहरूका दुस्वप्नमा चिसो पानी छ्याप्ने नारा पनि हो । यसपटकको आन्दोलनमा उठेको नारालाई पनि यसै परिप्रेक्ष्यमा लिनुपर्दछ । सदावर्ती दरसन्तान राजा र भारदार, चौतारिया भइरहिन्छ भन्ने हरेकका कुसोचाइलाई प्रजातान्त्रिक सोचाइमा सोच्न बाध्य पार्नका लागि यो नारा महत्वपूर्ण पनि बनेको छ ।

हुन त यस नारालाई रोक्न प्रतिगमनकारी शक्तिले बाहुबलको प्रयोग र राज्ययन्त्रको दुरूप्रयोग नगरेका होइनन् । यिनीहरूले जनतासँग संवाद गर्न नसकेर आफ्ना भाटहरूमार्फत् सकारी संचारसाधन मार्फत् राजाको पक्षमा र अपरिहार्यताका लागि बहस नै चलाए । तर ती बहसमा पुराना पञ्चहरू, अञ्चलाधीश र भाइभारदारहरूमात्र उत्रिएकाले राजाको अपरिहार्यताको पक्षमा भन्दा राजसंस्था अनावश्यक पो हो कि भन्नेमा जनताको सोचाइ बन्यो । खासगरी युवाशक्तिले राजाको विरोधमा दलहरूभित्र दबाव बढाए । यिनीहरूले सरकारी संचारबाट राजाको पक्षमा तयार गरिएको जनमतको परीक्षण गर्न गणतन्त्र र राजतन्त्रबीच नमूना जनमत संग्रहसमेत गराइरहेका छन् । र, यी सर्वेक्षणहरू राजाका लागि सकारात्मक छैनन् । यस परिणामले पनि बारबार प्रतिगमनकारीहरूको संविधानमाथि रहने प्रयत्नहरूलाई निस्तेज पार्न १८ बूँदाका राजनैतिक मागहरू सान्दर्भिक भएको पुष्टि गरेको छ ।

**५. विभिन्न बर्ग, जाति उमेरका व्यक्तिको संलग्नता :**

आन्दोलनलाई पाँच दलले आह्वान गरेकाले सुरूको अवधिमा कार्यकर्ता केन्द्रित आन्दोलन हुनु स्वभाविकै थियो तर चैत १९ गतेपछि विभिन्न वर्ग, जाति, उमेरका व्यक्तिको संलग्नता र सहभागितामा बृद्धि भयो । विभिन्न जनजाति खासगरी दलित जनजाति आफ्नो पहिचानयुक्त ब्यानर बोकेर आन्दोलनमा सहभागी बने । यसैगरी बाल गन्धर्व र ८० वर्ष नाघेका बृद्धबृद्धा दिनहुँ उत्साहपूर्वक गिरफ्तारी दिने तयारीका साथ आन्दोलनमा सहभागी बनिरहेका छन् । दिनहुँ प्रहरी लाठीले घाइते बन्दै गिरफतारसमेत भइरहेका छन् । यसमा अपाङ्गपन भएका व्यक्तिहरू तथा संगठनले समेत सक्रिय भाग लिएका छन् र गिरफ्तारीसमेत दिएका छन् ।

आन्दोलनमा महिलाको पनि उल्लेख्य संलग्नता र सहभागिता रहेको छ । विभिन्न राजनीतिक दलका महिला संगठन र नागरिक समाजका महिलाहरू जुलुसको अग्रपंक्तिमा रहने गरेका छन् । यसै दृश्यलाई देखेर प्रतिगमनकारी केही मुट्ठीभर व्यक्तिले महिला भएर जन्मेको नातालाई दुरूपयोग गर्दै राजाको दर्शनभेट गर्दै आन्दोलनलाई अन्यन्त्र मोड्न प्रयत्न गरे । तर अनुहार देख्नासाथ प्रतिगमनकारीका गोटी हुन् भन्ने सबैले बुझे । यस सन्दर्भमा विभिन्न बर्ग जातिको सहभागिता रहँदा रहँदै पनि उनीहरूको सरोकारका बारे उनीहरूले आन्दोलनभित्र आवाज छिराउन सकेका छैनन्, कयौं जनजातिले आन्दोलनबाट पृथक रहँदा उनीहरूका सरोकारका आवाज आन्दोलनले नसुन्ने डर पैदा भएको छ ।

**६. आन्दोलनमा अन्तर्राष्ट्रिय समर्थन :**

सुरूका दिनमा उग्रवादी कम्युनिस्टको दमन राजाको सेनाबाट हुनसक्ने विश्वासका साथ प्रजातन्त्रविरोधी राज्यको कदमको स्वागत र तटस्थ बस्ने राष्ट्रहरू बिस्तारै राजा र दलहरूबीच सहमति हुनुपर्ने वकालत अभियानमा जुट्न थालेका छन् । खासगरी नेपालको हित चाहने र कुनै स्रोतको दोहन र शोषण गर्ने स्वार्थ नरहेका युरोपेली मुलुकहरू डटेर प्रजातन्त्रको पक्षको आन्दोलनको समर्थनमा छन् । हामीलाई शोषण र दोहन गर्ने र संसारका सारा राष्ट्रलाई तहसनहस पार्ने अहंकारी राष्ट्रहरू हाम्रोजस्तो शान्तिपूर्ण मुलुकमा भाँडभैलो मच्चाउन राजाको कार्यलाई अझै पनि काँध थपथपाइरहेका छन् ।

यस आन्दोलनको विशेष महत्व के छ भने यो आन्दोलन राजनैतिक दलको आफ्नै बलबुतामा भएको छ । यसलाई विदेशी शक्तिको सहयोग होइन, उनीहरूका इशाराले धोकासमेत भएका छन् । हाल उनीहरूको सदाशयतायुक्त इशारालाई समेत राजनैतिक दलहरूले पत्याउन नसक्ने अवस्था बनेको छ । यो आन्दोलन आफ्नै शक्तिमा भइरहेको भएपनि यसलाई दबाउन राष्ट्रप्रेमी राजाले कयौं अपमानजनक सन्धि गरेको अनुमान गर्न थालिएको छ । हालका केही दिनमा नेपालमा प्रजातन्त्र र शान्तिको चाहना राख्ने राष्ट्रहरूले आफूले प्रदान गर्ने गरेको सहयोगका लागि प्रजातन्त्रको पुनर्वहाली र शान्तिको स्थापना हुनुपर्ने जस्ता अप्रत्यक्ष शर्तहरू पनि राख्न थालेका छन् ।

**७. आन्दोलनको टिकाउपन :**

प्रतिगमनको विरोधमा नेपाली जनता उत्रेको करिब १९ महिना पुगेको छ । यस अवधिमा अहोरात्र प्रतिगमन सच्याउन कारबाही भइरहेका छन् । प्रतिगमनकारी शक्ति राज्ययन्त्रको चरम दुरूपयोग, कानुन र संविधानलाई खुल्लमखुल्ला उल्लघंन र प्रचार यन्त्रको दुरूपयोग गर्दै आन्दोलनकारीलाई झुट्टा मुद्दा लगाउने, दङ्गा क्षेत्र घोषणा गर्ने, जनताले तिरस्कार गरेका पुराना पञ्चेलाई स्थानीय निकायमा भर्ति गरी राज्यकोष लुट्न साँचो दिने र आन्दोलनकारी नेता र बहुदलीय व्यवस्थाको विरोध गर्न सरकारी संचार माध्यम र त्यहीँका कर्मचारी र डिएमआईका तलवधारीबाट प्रहसन नियमित प्रसारण गर्ने कामसमेत गरेका छन् । यद्यपि ती सबै हत्कण्डाहरू अब नाकाम भइरहेका छन् । यसका विरूद्ध जुझ्दै दिनप्रतिदिन आन्दोलनमा संख्यात्मक तथा गुणात्मक रूपले सहभागितामा बृद्धि भइरहेको छ । यो आन्दोलन स्वतः स्फूर्तरूपमा उठेकै होइन र कुनै क्रियाको प्रतिक्रिया होइन, यो व्यवस्थित पनि छ टिकाउ पनि छ ।

यो आन्दोलन टिकाउ हुनुमा राजनैतिक दलहरूको देशव्यापी सांगठनिक जाल, नागरिक समाजको संजाल र दलीय व्यवस्थाका सरोकारवालको विशाल जनसंख्याको उपस्थितिहरू हुन् । दलीय व्यवस्थाले सकारात्मक या नकारात्मक असरका रूपमा विशाल मध्यम तथा निम्न मध्यम वर्गको उत्पादन गरेको छ र यसलाई संगठित हुन विभिन्न पेशागत संगठनहरूसमेत उपलब्ध गराएको छ । यस व्यवस्थाले उनीहरू केन्द्रित र शहर केन्द्रित रोजगारी उपलब्ध गराइदिएको पनि छ । गैरसरकारी संघसंस्थाहरूको विस्तार, निजी उद्योग र कम्पनीहरूको विस्तारका कारणहरूले पनि यी वर्गहरूलाई शहरमा केन्द्रित गरेको छ र उनीहरूका सांगठनिक संरचना गाँउगाउँ पुगेका छन् र समुदायहरू संगठित पनि बनेका छन् । यी वर्गको स्वार्थ बहुदलीय व्यवस्थामा मात्र सुरक्षित छ र यिनीहरू यस ब्यवस्थाका सरोकारवाला बनेका छन् । त्यसैले अहिलेको निरकुंशता विरोधी आन्दोलनमा यिनीहरू सक्रिय संलग्न भएका हुन् । यो वर्गको वर्गीय सरोकार नै दलीय प्रणाली हो ।

दलका राजनैतिक कार्यकर्ताहरू दलहरूमा आवद्ध भएकै कारणले मात्रै होइन, उनीहरू सँगै जीवनका विभिन्न क्षेत्रका जनताले पनि जीवनको सुरक्षाका लागि पनि बहुदलीय व्यवस्थाको लागि जीवनमरणको संघर्षमा उत्रनुपर्ने भएको छ । उनीहरू हिजोका दिनमा माओवादीको हत्या तथा आतङ्कका कारण गाँउबाट सदरमुकाममा स्थानान्तरण भएका थिए भने हाल प्रतिगमनकारी राज्यले सदरमुकाम पनि सुरक्षित राख्न नसकेका कारण सदरमुकामबाट राजधानी स्थानान्तरण भएका छन् । यसकारण यिनीहरू प्रतिगमन नसच्चिई गाउँ फर्कनसक्ने अवस्थामा छैनन् । त्यसैले जवसम्म प्रतिगमन सच्चिदैन तवसम्म राजनैतिक दल, कार्यकर्ता र मध्यम वर्ग यो आन्दोलनमा सहभागी हुने प्रष्ट छ । त्यसैले प्रतिगमनकारीले नसोच्दा हुन्छ कि दल थाक्नेछन् र प्रतिगमन सफल हुनेछ र यो १७ साल हुन सक्दैन ।

सारांशमा यसपटकको आन्दोलन सामन्ती शासनका विरूद्ध निर्णायक मोडमा पुगेको छ, यसको परिणामले दक्षिणपन्थी शक्ति नेपाली काँग्रेस र राजाको सीमा र भविष्य स्पष्ट गर्ने छ । यसैसँग माओवादीले हतियारको राजनीति छाडी यस आन्दोलनका प्रस्तावनामा छलफलमा भाग लिए निरकुंश राजतन्त्र खोपीमा बस्न बाध्य हुने सम्भावना पनि बढेको छ ।

## उपत्यकावासीको पूर्ण सहभागिता छ

**' जीवनराम श्रेष्ठ, सदस्य, उपत्यका समन्वय कमिटी**

यो आन्दोलनमा राजधानीका जनताको पनि व्यापक सहभागिता र समर्थन छ । काठमाडौंका जनताको सहभागिता छैन भन्नु परम्परावादी कुरा हो । विगतमा यहाँ आदिवासीहरूमात्रै थिए, अहिले यहाँको जनसंख्या धेरै गुणा बढेको छ । त्यसैले आन्दोलनमा जताततै आदिवासीहरूको अनुहार खोजेर मात्र भएन । प्रहरीको दमनमा परेका आन्दोलनकारीहरूलाई यहाँका बासिन्दाले पानी दिएका छन्, ढोका खोलेर सुरक्षित बनाएका छन् । त्यतिमात्र होइन, आफैं पनि दमनको प्रतिकार गरेका छन् । स्थानीय वासिन्दाको सहभागिता छैन भन्नु दरवारियाहरूको प्रलापमात्र हो ।

एक आन्दोलनकारीको हिसाबले पनि मैले आन्दोलन विजयको शिखरतिर बढिरहेको अनुभव गरिरहेको छु । यसले क्रमशः व्यापकता ग्रहण गरिरहेको छ । जनता गोलबन्द हुँदैछन्, नागरिक समाज क्रियाशील हुँदैछ । जनताले पहिलोपटक यति लामो अवधिसम्म निरन्तर रूपमा राजालाई चुनौती दिएका छन् ।

## *जनमत संग्रहमा जाने हिम्मत छ ?*

***' रत्ना गुरुङ, अध्यक्ष, अनेमसंघ, काठमाडौं***

*राजाको गलत कदम र सोचका विरूद्ध हामी आन्दोलनमा उत्रेका हौं । त्यसैले त्यसलाई पराजित गर्न हामी दृढ छौं । उनी पराजित हुनैपर्छ किनभने उनी गलत छन् । हामी यतिबेला इतिहास निर्माणको प्रक्रियामा छौं । जनमत नबुझ्ने तानाशाहहरू समाप्त भएको दुनियाँको इतिहासले हामीलाई निरन्तर प्रेरित गरिरहेको छ ।*

*हामी सडकमा निस्केको एक बर्ष पूरा भइसकेको छ । तर आत्तिनुपर्ने कुनै कारण छैन । हामी लक्ष्य प्राप्त नहुन्जेल लडिरहन तयार छौं । कतिपय दलको असक्षमताका कारण प्रजातन्त्रप्रति नै वितृष्णा जागेका कारण शुरूमा अपेक्षित जनसहभागिता जुटेको थिएन । तर स्थिति परिपक्व हुँदै गएपछि धेरै भ्रमहरू हटेका छन् र जनता आन्दोलनमा उत्रेका छन् । राजालाई लोकप्रिय छु भन्ने भ्रम छ भने त्यो बेलैमा त्यागिदिनुपर्छ । के त्यसो भए को लोकप्रिय छ भनेर जनमत संग्रहमा जाने हिम्मत छ राजासँग ? हेरौं न त कसको पक्षमा छन् जनता ? नेताले त गल्ती गरेपछि संजाय पाउने नियम आफैं बनाएका छन् तर राजाले गल्ती गरे के सजाय दिने ? के कारबाही गर्ने ? जनता अब यसको छिनोफानो गर्न चाहन्छन् ।*

# जनअवज्ञा कार्यक्रम संचालन गर्न आह्वान

**२७ चैत ०६०**

आन्दोलनरत पाँच पार्टीका उच्चस्तरीय नेताहरूको आजको सर्वदलीय बैठकले राजाको प्रतिगामी सरकारले राजधानीलाई षडयन्त्रपूर्वक दंगाग्रस्त क्षेत्र घोषणा गरेकोमा घोर निन्दा र भर्त्सना गरेको छ । उक्त बैठकले निम्नअनुसार निर्णयहरू गरेको छ-

१. संयुक्त जनआन्दोलनको क्रममा शान्तिपूर्ण ढंगले जुलुस प्रदर्शन तथा विरोधका विभिन्न कार्यक्रमहरू संयमित तवरले संचालित भइरहेको अवस्थामा विविध पेशा, व्यवसाय र बौद्धिक व्यक्तित्वहरूसमेतको व्यापक जनसमुदाय प्रतिगमनका विरूद्ध शान्तिपूर्ण संयुक्त जनआन्दोलनका पक्षमा सडकमा उत्रिएपछि राजधानीलाई दंगाग्रस्त क्षेत्र घोषणा गर्दै प्रतिगामी सरकारले असंवैधनिक, अप्रजातान्त्रिक र जनविरोधी आदेश जारी गरेको छ । लाखौं जनताको विरोध तथा अवज्ञा कार्यक्रममा भएको जनसहभागिताबाट आत्तिएर हतास, विचलित र पराजित मनस्थितिको परिणामस्वरूप राजाको प्रतिगामी सरकारले षडयन्त्रपूर्वक जारी गरेको यस्तो आदेशलाई हामी भर्त्सना गर्दछौं र यसलाई अस्वीकार तथा अवज्ञा गर्ने घोषणा गर्दछौं ।

तसर्थ प्रतिगमनविरूद्ध आज दिनको २ बजे रत्नपार्कबाट शुरू हुने भनिएको विरोध कार्यक्रम यथावत संचालन हुने कुराको जानकारी गराउँदै उक्त कार्यक्रममा समर्थन सहयोग तथा सहभागिताका लागि सम्पूर्ण जनसमुदायमा हार्दिक आह्वान गर्दछौं ।

३. भोलि २०६० चैत २८ गते दिनको २ बजे रत्नपार्कबाट विरोध प्रदर्शनीको कार्यक्रम संचालन गरिने छ । ... ...

५. शान्तिपूर्ण संयुक्त जनआन्दोनलमा माओवादी पक्षको घुसपैठ भनी असंवैधानिक सरकारद्वारा भईरहेको प्रायोजित र षडयन्त्रपूर्ण प्रचारको हामी भर्त्सना गर्दछौं । यो कपोकल्पित र आधारहीन आरोप भएको पुष्टी गर्दै यस्तो ष्डयन्त्रकारी आधारहीन लान्छनाबाट उत्पन्न हरेक परिस्थितिको लागि सरकार जिम्मेवार हुने कुरा प्रष्ट गर्दछौं ।

६. शान्तिपूर्ण संयुक्त जनआन्दोलन जनतालाई पूर्णतः सार्वभौम बनाउने, प्रजातान्त्रिक अधिकार पुनर्वहालीको आन्दोलन भएकोले यसलाई अहिलेसम्म सहयोग, समर्थन तथा सहभागिता जनाउनु हुने सम्पूर्ण नागरिक समाज, जनसमुदाय संघ/संस्था तथा उद्यमी व्यवसायी र अन्तर्राष्ट्रिय समुदायलाई हार्दिक धन्यवाद दिंदै आगामी दिनमा अझ प्रभावकारीरूपले सहयोग समर्थन गर्नुहुन हार्दिक आह्वान गर्दछौं ।

**प्रधानमन्त्रीको कथन पूर्णतः झुठ**

**२९ चैत ०६०**

नेकपा (एमाले) ले आज एक विज्ञप्ति जारी गरी 'प्रधानमन्त्री सूर्यबहादुर थापाले प्रतिगमन विरोधी आन्दोलनको नेतृत्व गरिरहेका पार्टी र तिनका नेताहरूका बारेमा गर्नुभएका टिप्पणीहरू पदीयमर्यादा विपरीत, सम्पूर्णरूपले गलत र झुठा रहेको' जनाएको छ । "प्रधानमन्त्रीबाट अभिव्यक्त भएका 'प्रदर्शनकारीले नै गोली हान्न अनुरोध' गरे, 'पाँच दलका नेताहरूसँग भित्रभित्रै वार्ता भइरहेको' छ भन्ने जस्ता भनाइहरू राष्ट्रिय अन्तर्राष्ट्रिय जनसमुदायमा भ्रम फैलाउन गरिएका षडयन्त्रकारी प्रयत्न मात्र हुन् । हाम्रो पार्टीले वर्तमान असम्बैधानिक सरकारसँग अहिलेसम्म वार्ता गरेको छैन र वार्ता गर्ने कुनै संभावना पनि छैन । हाम्रो पार्टी प्रधानमन्त्रीको यस्तो बोलीप्रति खेद व्यक्त गर्दछ र राज्य संचालनको कुर्सीमा बसेर जथाभावी नबोल्न आह्वान पनि गर्दछ ।" कार्यालय सचिव काशीनाथ अधिकारीद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

'सरकारको जालझेल, षडयन्त्र, दमन र श्वेतआतंकलाई परास्त गर्दै जनताको प्रतिगमन विरोधी शान्तिपूर्ण जनआन्दोलन विजयको दिशामा अघि बढिरहेको छ । काठमाडौंमा उचाईमा पुगेको यो आन्दोलनलाई राष्ट्रव्यापी रूपमै माथिल्लो उचाइमा पुऱ्याउने गरी आन्दोलनमा सहभागी हुन हाम्रो पार्टी सम्पूर्ण जनसमुदाय समक्ष हार्दिक अपील गर्दछ ।' उक्त विज्ञप्तिमा उल्लेख छ ।

**सुरक्षा कानूनको पूर्जी बदर गर्न माग**

**२ बैशाख ०६१**

काठमाडौं । शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा सहभागी पाँच राजनीतिक दलहरूको नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) को कार्यालय त्रिपुरेश्वरमा सम्पन्न सर्वदलीय बैठकले नेता लीलामणि पोखरेल, परी थापालगायतका आन्दोलनकारीहरूलाई सार्वजनिक सुरक्षा कानून अन्तर्गत पूर्जी दिनुलाई षड्यन्त्रको गम्भीर कडी ठानेको छ । बैठकले उक्त कानुनका पूर्जीहरू बदर गरी, गिरफ्तार नेता तथा कार्यकर्ताहरूको स-सम्मान रिहाईको माग गरेको छ ।

नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, नेकपा (एमाले)का महासचिव माधवकुमार नेपाल, जनमोर्चा नेपालका अध्यक्ष अमिक शेरचन, नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छे र ने.स.पा. (आनन्दीदेवी)का उपाध्यक्ष भरतविमल यादव सहभागी हुनुभएको उक्त बैठकले वैशाख ३ गते दिउसो २ बजे रत्नपार्कमा हुने सभामा सहभागी हुन सम्पूर्ण जनसमुदायमा हार्दिक आह्वान गरेको छ ।

उक्त सर्वदलीय बैठकका निर्णयहरू यस प्रकार छन् :

१. शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा बढ्दै गइरहेको व्यापक जनसमर्थनबाट अत्तालिएर वर्तमान असंवैधानिक सरकार सुनियोजित षड्यन्त्र र हथकण्डामा नांगो रूपमा ओर्लिएको छ । पाँच राजनीतिक दलहरूको शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा फूट पार्ने र आन्दोलन माथि दमनचक्र चलाउने कुचेष्टास्वरूप शान्तिपूर्ण अवज्ञा कार्यक्रमबाट गिरफ्तार जनमोर्चा, नेपालका श्री लीलामणी पोखेल, श्री परी थापा, श्री हरी आचार्य, श्री रश्मीराज नेपाली, श्री पेशल खतिवडा, श्री हरिश्चन्द्र गिरी, श्री ठाकुर ढकाल, श्री शक्तमान बुढा, श्री वासु शर्मा, श्री भीम लामा, श्री पारस वि.क. र नेपाल विद्यार्थी संघका श्री कुन्दनराज काफ्ले, श्री राजकुमार ढुङ्गाना र श्री सन्तोष पाण्डेलगायत थुप्रै आन्दोलनकारीहरूलाई सार्वजनिक सुरक्षा कानून अन्तर्गत पूर्जी दिनुलाई हामीले यस्तो षड्यन्त्रको एउटा गम्भीर कडी ठानेका छौं । असंवैधानिक, अप्रजातान्त्रिक सरकारका सबै मिथ्या एवं कपोलकल्पित आरोप र लाञ्छनाको घोर भर्त्सना गर्दै आन्दोलनकारीहरू विरूद्धका उक्त आदेश र सुरक्षा कानूनका पूर्जीहरू बदर गरी गिरफ्तार नेता तथा कार्यकर्ताहरूको स-सम्मान रिहाईको माग गर्दछौं ।

२. शान्तिपूर्ण संयुक्त जनआन्दोलनका दौरान नेता, कार्यकर्ता, पेशागत समूह, बुद्धिजीवी र महिला समेतलाई लछारपछार गर्दै गिरफ्तार गरी परिवारजनसँग भेट गर्न नदिई अज्ञातस्थानमा लुकाउने र अमानवीय ढंगले थुनामा राख्ने अप्रजातान्त्रिक र निरंकुश शैली राज्यले अपनाएको छ । राज्यको यस प्रकारको क्रियाकलापको भर्त्सना गर्दै गिरफ्तार आन्दोलनकारीलाई सार्वजनिक गरी तत्काल रिहा गर्न र हिरासतमा मानवीय व्यवहार गर्न हामी पुनः जोड दिन्छौं । ... ...

५. प्रतिगमन विरूद्धको विरोध तथा अवज्ञाको नियमित कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसलाई सशक्त बनाउन प्रतिगमनविरूद्धका देशव्यापी विरोध र अवज्ञाका कार्यक्रमलाई प्रभावकारी ढंगले निरन्तरता दिइनेछ । काठमाडौं उपत्यकाको हकमा सबै नगरपालिकाका सबै वार्डहरूमा स्थानीयस्तरमा संयुक्त जनआन्दोलनका सशक्त कार्यक्रमहरू संचालन गरिनेछ ।

६. शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा व्यापक सहयोग, समर्थन र सहभागिताका लागि आभार व्यक्त गर्दछौं । त्यस क्रममा सरकारद्वारा संचारकर्मीहरूमाथि गरिएको दमन, अभद्र व्यवहार, अन्ध, अपाङ्गहरूमाथिको दुर्व्यवहार एवं संयुक्त जनआन्दोलनमा ऐक्यबद्धता दर्शाउन सडकमा उत्रिएका चिकित्सक, बुद्धिजीवी, अन्ध, अपाङ्ग, पेशागत समूहका व्यक्ति र राजनीतिक व्यक्तित्वहरूले नेतृत्व गरेको जुलुसमा भएको सरकारी दमन र हस्तक्षेपको घोर निन्दा गर्दै आगामी कार्यक्रमहरूमा अझ थप सहयोग, समर्थन र सहभागिताका लागि पुनः हार्दिक आह्वान गर्दछौं ।

**के के हुन सार्थक वार्ताका पूर्वाधार ?**

**११ वैशाख ०६१**

दरबारबाट राजनीतिक पार्टीका नेताहरूसँग भेटघाट र परामर्श सुरू भएको सम्बन्धमा नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले आज एक प्रेस वक्तव्य जारी गर्नुभै भन्नुभएको छ - विगतमा पनि यस्ता प्रयत्नहरू नभएका होइनन् तर त्यसबाट अन्योल र द्वन्द्व बढ्ने मात्र परिणाम जनता र राष्ट्रले भोग्दै आएको कुरा सबैलाई थाहा छ ।

भेटघाटको प्रक्रिया अगाडि बढाउनु भन्दाअघि महासचिव नेपालको वक्तव्यमा चार पूर्वाधार अघि सारिएका छन् । वक्तव्यमा उहाँले भ्रम र अन्योलमा नपर्न र निर्धारित लक्ष्य तथा कार्यक्रम अनुरूप आन्दोलनको मोर्चामा अझ सशक्तरूपमा लाग्न सबैलाई आह्वान समेत गर्नुभएको छ ।

महासचिव नेपालको प्रेस वक्तव्यको पूर्ण पाठ यसप्रकार छ :- “विगत १९ चैतदेखि संयुक्त जनआन्दोलन हरेक प्रकारले सशक्त बन्दै गएको, त्यसमा जनताको हरेक पक्ष संलग्न हुँदै गएको, त्यसले राष्ट्रिय जनआन्दोलनको स्वरूप ग्रहण गर्न थालेको र सिंगो राष्ट्रले अग्रगामी राजनीतिक निकासको खोजी जबर्जस्त रूपले गरिरहेको बेलामा फेरि दरवारबाट राजनीतिक पार्टीका नेताहरूसँग भेटघाट र परामर्श सुरू भएको छ । विगतमा पनि यस्ता प्रयत्नहरू नभएका होइनन् तर त्यसबाट थप अन्यौल र द्वन्द बढ्ने मात्र परिणाम जनता र राष्ट्रले भोग्दै आएको कुरा सबैलाई थाहा छ । त्यसैले दरबारले सुरू गरेको भेटघाटको प्रक्रिया सकारात्मक दिशामा अघि बढाउनका निम्ति हो भने यस्तो प्रक्रिया अगाडि बढाउनुभन्दा अगाडि निम्न कुराहरू गर्न जरूरी छ ।

१. समग्र राजनीतिक वातावरणलाई सकारात्मक दिशामा अघि बढाउनका निम्ति प्रधानमन्त्री सूर्यबहादुर थापाको राजीनामा हुनु पर्दछ ।

२. फेरि पनि गैरपार्टी वा अराजनीतिक व्यक्तिहरूको सरकार बनाउने र मुलुकका सामू थप बोझ बोकाई परिस्थितिलाई झन् जटिल गराउने कुनै पनि प्रयत्नलाई दुरूत्साहित गर्नुपर्दछ ।

३. वर्तमान जटिल परिस्थितिबाट मुलुकलाई सकारात्मक दिशामा अघि बढाउँदै दीगो शान्ति स्थापना गर्ने दिशातिरको पहिलो कदमका रूपमा विघटित प्रतिनिधि सभामा रहेका राजनीतिक दलहरूको सहमति र सिफारिसमा सर्वदलीय सरकार बनाउनुपर्छ भन्ने कुरालाई आत्मसात गर्नुपर्दछ ।

४. त्यस्तो सरकार कसरी बनाउने र मुलुकलाई कसरी अघि बढाउने भन्ने सम्बन्धमा पहल गर्न विघटित संसदमा रहेका र आन्दोलनरत राजनीतिक पार्टीहरूसँग गरिने सार्वजनिक आह्वानले सार्थकता प्राप्त गर्न सक्नेछ ।

यो नै राजनीतिक पार्टीहरूसँगको सार्थक वार्ताको पूर्वाधार हुनुपर्दछ भन्ने हाम्रो पार्टीको दृढ ठहर छ । यसरी मात्र मुलुकलाई विद्यमान संकटको अवस्थाबाट मुक्त गर्न सकिन्छ । त्यसैले विद्यमान परिस्थितिमा कुनै पनि प्रकारका भ्रम र

अन्यौलमा नपर्न र आफ्ना निर्धारित लक्ष्य र कार्यक्रम अनुरूप आन्दोलनको मोर्चामा अझ सशक्त रूपले डटेर लागिरहन हाम्रो पार्टी आम जनसमुदाय, नागरिक समाज, संघ, संस्था तथा सबै राजनीतिक पार्टीहरूलाई हार्दिक तथा जोडदार आह्वान गर्दछ। ”

**अन्सारी जनआन्दोलनको शहीद घोषित**

**११ बैशाख ०६१**

नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालको अध्यक्षतमा आज बसको स्थायी कमिटीको बैठकले मोहम्मद ताहिर अन्सारीलाई जनआन्दोलनको शहीद घोषणा गरेको छ। नेकपा (एमाले) रौतहट जिल्ला कमिटीका सदस्य तथा अखिल नेपाल किसान संघका जिल्ला अध्यक्ष अन्सारी काठमाडौंमा संचालित आन्दोलनका कार्यक्रमहरूमा सक्रिय सहभागी हुनुभएको थियो। त्यसैक्रममा निरंकुश सत्ताले रसायनिक ग्यास प्रगोग गरी उहाँलाई घाइते तुल्याएको थियो। अस्पतालमा उपचार गराउँदा गराउँदै यही वैशाख ५ गते उहाँको निधन भएको थियो।

यसैगरी माओवादीद्वारा अपहरणपश्चात हत्या गरिनुभएका नेकपा (एमाले) बाजुरा जिल्ला कमिटीका उपसचिव ताराचन्द्र रेग्मीलाई पनि स्थायी कमिटीको बैठकले पार्टीको निष्ठावान कार्यकर्ता भएको ठहरका साथ शहीद घोषणा गरेको छ। ज्ञातब्य छ, हालै उहाँको खोजीमा गएको मानवअधिकारवादीहरूको टोलीलाई उहाँको हत्या भैसकेको जानकारी माओवादीहरूले दिएका थिए।

**आन्दोलनले आफ्नो घेरा फराकिलो पार्नुपर्छ**

नेपाल कम्युनिष्ट पार्टी स्थापना भएको आज ५५ वर्ष पूरा भएको अवसरमा नेकपा (एमाले)का महासचिव माधवकुमार नेपालले एक प्रेस वक्तव्य जारी गर्नु भै विगत ५५ वर्षदेखि प्रजातान्त्रिक हक अधिकार प्राप्त गर्ने राजनीतिक संघर्षमा कम्युनिष्ट पार्टीले अग्रवाई गर्दै आएको जनाउनुभएको छ। जनताको सार्वभौमसत्ता स्थापित गर्ने २०४६ सालको जनआन्दोलनमा पनि महत्वपूर्ण र अग्रगामी भूमिका रहेको थियो भने अहिले खोसिएको सार्वभौमसत्ता पुनः नेपाली जनताको हातमा फिर्ता गराउने प्रजातन्त्र पुनर्स्थापनाको आन्दोलनमा पनि आफ्नो पार्टीको भूमिका रहँदै आएको छ- महासचिव नेपालले उल्लेख गर्नुभएको छ।

“राजनीतिमा जनताको सर्वोच्चता स्थापित गर्नु प्रत्येक प्रजातान्त्रिक राजनीतिक शक्तिको दायित्व हो। प्रजातन्त्रमा जनता नै सार्वभौमसत्ता र राजकीय शक्तिको श्रोत हो। अहिले राजाबाट जनताको सार्वभौमसत्ता खोसिएको छ। वर्तमान समयमा चलिरहेको आन्दोलन जनताको खोसिएको सार्वभौमसत्तालाई पुनः जनतामा स्थापित गराउन र अग्रगामी अवस्थामा नेपाली समाजलाई पुर्‍याउन अघि बढिरहेको छ। त्यसैले यो आन्दोलनमा सम्पूर्ण प्रजातान्त्रिक शक्ति र व्यक्तिहरू एकताबद्ध भएर लाग्नुपर्दछ। यो आन्दोलनले पनि बढीभन्दा बढी शक्तिहरूलाई समेट्दै आफ्नो घेरा अझ फराकिलो पार्दै लानुपर्दछ। म सम्पूर्ण नेपाली जनतालाई आफ्नो खोसिएको हक अधिकार प्राप्त गर्न वर्तमान आन्दोलनमा पूर्ण आत्मविश्वास, आँट र साहसका साथ सक्रिय सहभागी भएर अघि बढ्न हार्दिक आह्वान गर्दछु-“महासचिव नेपालले प्रेस वक्तव्यमा भन्नुभएको छ।

**आन्दोलनलाई उचाइमा लैजानुपर्ने आवश्यकता**

आज महासचिव माधवकुमार नेपालको अध्यक्षतामा नेकपा (एमाले) को स्थायी कमिटीको बैठक बस्यो। बैठकमा वर्तमान आन्दोलनको सन्दर्भमा गम्भीर छलफल भएको थियो। बैठकले आन्दोलनबाट खुम्चिने होइन, आन्दोलनलाई अझ व्यापक दायरामा लैजान अन्य आन्दोलनरत पार्टीहरूलाई समेत समेट्नुपर्ने आवश्यकतामा पुनः जोड दिएको छ।

प्रतिगमनविरोधी आन्दोलनको विजयको कुनै विकल्प नभएको जनाउँदै अहिलेसम्म राज्यपक्षका कामकारवाहीलाई हेर्दा आन्दोलनलाई अझै माथिल्लो उचाइमा लैजानुपर्ने आवश्यकताबोध बैठकले गरेको छ। बैठकका निष्कर्षहरूका सम्बन्धमा नेकपा (एमाले) केन्द्रीय सचिवालयका सचिव अमृतकुमार बोहराद्वारा जारी विज्ञप्तिको पूर्ण पाठ यसप्रकार छ :

१. प्रतिगमन विरोधी आन्दोलनले उचाइ लिइरहेको र आन्दोलनमा हाम्रो पार्टीको सकृय र अगुवा भूमिका स्थापित हुँदै गएको वास्तविकतालाई महसुस गरी जनविरोधी तत्वले नेकपा (एमाले) का विरूद्ध फैलाएका भ्रमहरूलाई बैठकले गम्भिरतापूर्वक लिएको छ। हाम्रो पार्टी प्रतिगमन विरोधी आन्दोलनको आरम्भमा प्रस्तुत गरिएको र पटक पटक दोहर्‍याइएको “संयुक्त जनआन्दोलनका सहभागी राजनीतिक दलहरूको परामर्श र सिफारिसमा प्रधानमन्त्रीको नियुक्ति र प्रधानमन्त्रीको सिफारिसमा सर्वदलीय सरकार गठन गरी प्रतिनिधिसभाको पुनर्स्थापना गर्न र माओवादीसँगको शान्तिवार्तालाई सफल एवम् परिणामुखी बनाउने र राष्ट्रलाई समग्रमा अग्रगामी दिशामा बढाउनु शान्तिपूर्ण संयुक्त जनआन्दोलनको लक्ष हो” भन्ने निष्कर्षप्रति हाम्रो पार्टी अहिले पनि पहिलेजस्तै दृढप्रतिवद्ध रहेको कुरामा बैठकले विशेष जोड दिएको छ। हाम्रो पार्टी आन्दोलनबाट खुम्चिने होइन, आन्दोलनलाई अझ व्यापक दायरामा लैजान अन्य आन्दोलनरत पार्टीहरूलाई समेत समेटनु पर्ने आवश्यकतामा पुनः जोड दिन चाहन्छ।

पाँच पार्टीको एकता भाँड्न हाम्रो पार्टीका विरूद्ध फैलाइएका कुप्रचारको भ्रममा नपर्न र जनताका अधिकार पुनर्स्थापित गर्ने आन्दोनलनलाई अझै माथिल्लो उचाइमा पुर्‍याउन बैठकले सम्पूर्ण जनसमुदायमा अपील गरेको छ।

२. चैत्र १९ गतेपछि नयाँ उचाइबाट आरम्भ भएको आन्दोलन, अभूतपूर्व रूपमा अघि बढिरहेको छ। एक महिनादेखि चलिरहेको यो आन्दोलनमा मानव अधिकारवादी, सञ्चारकर्मी, वुद्धिजीवी, पेशागत एवम् सामुदायिक संगठन, नागरिक संघ,संस्था र संगठनहरूको संलग्नताले जनआन्दोलनको विजयलाई सुनिश्चितता प्रदान गरेको छ। हाम्रो पार्टी सबै सहभागीहरूको योगदानको उच्च मूल्याङ्कन गर्दछ, उहाँहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ र आगामी दिनका आन्दोलनमा अझ सकृय एवम् सशक्त सहभागीताका लागि हार्दिक आह्वान गर्दछ।

३. प्रतिगमनविरोधी आन्दोलनको विजयको कुनै विकल्प छैन । तर अहिलेसम्म राज्यपक्षका कामकारबाहीलाई हेर्दा आन्दोलनलाई अझै माथिल्लो उचाइमा लैजानुपर्ने आवश्यकता बैठकले बोध गरेको छ । यसका लागि आन्दोलनकारी पाँच दलका साथैं अन्य आन्दोलनरत पक्षहरूसँग परामर्श गरी निर्णयमा पुग्नुपर्ने निष्कर्ष बैठकले निकालेको छ ।

**प्रतिगमनलाई परास्त गर्ने तहको उचाइमा आन्दोलन**

आज बिहान नेकपा (एमाले) केन्द्रीय जनआन्दोलन संचालन समितिका संयोजक भरतमोहन अधिकारीको संयोजकत्वमा नेकपा (एमाले) केन्द्रीय जनआन्दोलन संचालन समिति सचिवालयको बैठक केन्द्रीय कार्यालय मदननगरमा बस्यो । बैठकले चालु जनआन्दोलनलाई अझ सशक्त, प्रभावकारी र परिणाममुखी बनाउन निम्न निर्णय गर्‍यो :-

१. पार्टीद्वारा संचालित काठमाडौं केन्द्रित कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी बनाउन काठमाडौंमा उपलब्ध पार्टी स्थायी कमिटी सदस्यहरू, पार्टी केन्द्रीय कमिटी सदस्यहरू, केन्द्रीय निकाय र केन्द्रीय विभागका सदस्यहरू, राष्ट्रिय सभाका सांसदहरू, पूर्व सांसदहरू, सम्पूर्णलाई प्रत्येक दिन आन्दोलनका कार्यक्रममा अनिवार्य उपस्थित हुन निर्देशन दिने ।

२. काठमाडौंमा वैशाख २१ गते गरिने प्रतिगमनविरोधी जनप्रदर्शन तथा सभालाई भव्य तथा सशक्त बनाउन उपत्यकामा व्यवस्था गरिएको १५ वटै उपकेन्द्रबाट व्यापक जुलुशसहित रत्नपार्क आउन आह्वान गर्ने

३. प्रतिगमन विरोधी आन्दोलनका कार्यक्रमहरूमा विभिन्न ढंगले ऐक्यबद्धता जाहेर गरिरहेका प्राध्यापक, शिक्षक, चिकित्सक, इन्जिनीयर, कानून व्यवसायी, लेखक-कलाकार, मजदूर तथा किसान संघ संस्था, महिला, उत्पीडित जाति, अपाङ्ग, पेशाकर्मी, कर्मचारी, उद्योगी, व्यापारी, मानवअधिकारवादी, पत्रकार, गैर सरकारी संस्थाहरूलगायत सम्पूर्ण तह र तप्काका प्रजातन्त्रप्रेमी संस्था तथा व्यक्तिहरूलाई आ-आफ्ना पहिचानसहित २१ गतेको कार्यक्रममा आउन आह्वान गर्ने ।

**दुई दिने आम हड्ताालको घोषणा**

शान्तिपूर्ण जनआन्दोलनमा सहभागी राजनीतिक दलहरूको सर्वदलीय बैठकले वैशाख २९ र ३० गते देशव्यापीरूपमा आमहड्ताल गर्ने घोषणा गरेको छ । त्यसक्रममा देशभरका उद्योग, कलकारखाना, व्यापार व्यवसाय, यातायात, शिक्षक संस्था र सार्वजनिक संस्था एवं कार्यालयहरू लगायत सम्पूर्ण क्षेत्र बन्द गरिने कुरा आज बसेको केन्द्रीय जनआन्दोलन संयोजन समिति कार्यदलको बैठकपछि जारी विज्ञप्तिमा जनाइएको छ ।

*' जनआन्दोलन समाचार बुलेटिनबाट*

# 'प्रतिगमनविरोधी आन्दोलन र नजरबन्दीको पूर्जी'

**भक्त गुरुङ, उपाध्यक्ष, अनेरास्ववियु**

प्रतिगमनविरोधी आन्दोलनको क्रममा हामीलाई यही वैशाख ३ गते पुतलीसडकबाट गिरफ्तार गरियो । त्यसबेला गिरफ्तारीमा पर्नेहरूमा हाम्रो संगठनका पर्साका अध्यक्ष मनोज चौधरी, प्ररायुसंघका नेता प्रेम सिलवालसहित हामी १० जना थियौं । त्यहाँबाट एउटा ट्रकमा राखी ज्ञानेश्वर, चावहिल, जोरपाटी हुँदै सिधै भक्तपुरस्थित सशस्त्र प्रहरी बल गुह्येश्वरीगण दुवाकोटमा लगियो । त्यहाँ बेलुकी करिब ६ बजेतिर पुग्दा बित्तिकै हामीलाई लागेको थियो कि अब यसले तुरून्तै छाड्नेवाला छैन । त्यहाँका सुरक्षाकर्मीहरूले हाम्रो तीनपुस्तेसहितका विवरण माग्न थालेपछि त झन् यस कुराको पुष्टी नै भएको थियो । हामीहरू सबैजसो आन्दोलनकारी नै भएकोले त्यस कुराबाट चिन्तित त थिएनौं । बरू सबैको प्रतिबद्धता थियो प्रतिगमनको अन्त्य र अग्रगमनको निकास । हामीलाई दोस्रो दिन राति १० बजेतिर मात्रै काठमाडौंका प्रजिअद्वारा जारी गरिएको थुनुवा पूर्जी र निषेधित क्षेत्र उल्लंघन गरेकोमा सार्वजनिक सुरक्षा ऐन-०४६ अन्तर्गत नजरबन्दको पूर्जी ल्याएर थमाइयो । हामीहरू यसबाट विचलित हुने त कुरै थिएन तर सरकारको लाचारीपूर्ण षड्यन्त्रप्रति भने दया जागेर आयो । उसले अन्तर्राष्ट्रिय मानवअधिकारको नियम-कानुनहरूलाई समेत बेवास्ता गर्दै सामान्य नागरिकहरूलाई प्यारामिलिटरी क्याम्पमा लगेर राखियो, जुन गैरकानूनी थियो । संभवत: हामीलाई दु:ख दिने सरकारी थुप्रै षड्यन्त्रहरू थिए होलान, तर आन्दोलनको उर्लंदो भेलका कारण त्यो हिम्मत उसमा आएन । सात विद्यार्थी संगठनको आँधीबेरीमय विरोधका सशक्त कार्यक्रमहरूसामु यस्तो हुतिहारा प्रतिगामी सरकारको षड्यन्त्र टिक्ने त कुरै थिएन । फलस्वरूप, थुनुमा रहेका विभिन्न पार्टीका ६ जना साथीहरूबाहेक हामी विद्यार्थीहरूलाई पाँचदिनको नजरबन्दीपछि शा.सु. ऐन ०४६ को दफा ३ (१) मा उल्लिखित कार्यबाट तपाईंलाई रोक्न जरूरी भएकोले नजरबन्दबाट रिहा गर्ने आदेश दिएको छु भन्दै ७ गते राति ११ बजे हामीलाई रिहा गरियो । राजाको प्रतिगामी सरकारले आन्दोलनकारीहरूसमक्ष लाचारीपूर्वक झुक्न बाध्य भएको यो घटना संयुक्त विद्यार्थी आन्दोलन र सिंगो प्रतिगमनविरोधी आन्दोलनको लागि एउटा महत्वपूर्ण विजय हो भन्ने लाग्दछ ।

हामी नजरबन्दमा रहँदा पनि नेपाली राजनीतिमा विद्यमान संकटलाई कसरी पार लगाउन सकिएला ? भन्ने विषयमा छलफल गरेर नै हाम्रा अधिकांश समय व्यतित गर्‍यौं । देशमा माओवादीद्वारा जनयुद्धको नाममा गरिदै आएको हत्या-हिंसाको. समस्या त छँदै थियो, राजाको चरम महत्वाकांक्षाबाट सृजित प्रतिगामी कदम अर्को समस्या बनेर खडा भएको छ । नेपाली जनता यिनै दुईखाले अतिवादी राजनीतिको मारमा पिल्सिएका छन् । तर, तत्कालीन अवस्थामा माओवादीहरूको जंगलीराज जति नै राजाको दरवारीया हुकुमी शासन पनि जनताका लागि पीडादायक बनेको छ । आज सडक जुलुसले भरिएका छन् । सरकारी राक्षसी दमन र धरपकडका कारण सडकका अलकत्राहरू आन्दोलनकारीहरूका रगतले रक्ताम्मे बनेका छन् र प्रहरीका कस्टडीहरू प्रजातन्त्रका सेनानीहरूद्वारा भरिभराउ छन् । पाँच राजनीतिक दलद्वारा आह्वान गरेअनुसार विभिन्न वर्ग, तह, तप्का,

पेशा र समुदायका व्यक्तिहरू प्रतिगमनको अन्त्य र पूर्ण प्रजातन्त्रका लागि संघर्षका बलिवेदीमा चढ्न तम्तयार भएर सडकमा उत्रिएका छन् । तर राजा भने रोम जलिरहँदा बाँसुरीको धुनमा ब्यस्त राजा निरोको इतिहासलाई बिर्साउने गरी मस्त निद्रामा डुबेका छन् । आज स्वदेश र विदेशका सम्पूर्ण प्रजातन्त्रका पक्षधरहरूले प्रश्न उठाइरहेका छन्, के राजालाई यसरी मुलुक बर्बाद गर्ने अधिकार छ ? यस्तो अधिकार राजालाई कहाँबाट प्राप्त भयो ?

***– १३ वैशाख, ०६१, बालाजु, काठमाडौं***

# आन्दोलनबारे केही कुरा

*नेपाली संयुक्त जनआन्दोलनका सन्दर्भमा अमेरिकी नागरिक प्रा.डा. ब्राइन कबले अनुभूत गरेका केही निष्कर्षहरू पाठकरूचीसँग सामीप्य राख्ने देखिएको हुनाले संक्षिप्तरूपमा यहाँ प्रस्तुत गरिएको छ । (सम्पादक)*

म नेपालमा निःशुल्क क्लिनिक संचालन गर्न आएको हुँ । यस सन्दर्भमा धेरै गाउँलेहरू, बिरामीहरू र विभिन्नखाले पेशाकर्मीहरूसँग सम्पर्क र कुराकानी भयो । सेना र माओवादीले सर्वसाधारण जनतामाथि ज्यादती गरेको पनि देखें । बालिग मताधिकारको आधारमा आफ्नो सार्वभौमसत्ताको प्रयोग गर्ने जनताको अधिकार र राजनीतिक पार्टीका नेताहरूका विचार र धारणा हेर्दा पनि मलाई लाग्यो-नेपाली जनताको प्रजातान्त्रिक हक, अधिकारमा बाधा, अवरोध खडा गर्ने भनेको राजतन्त्र र माओवादीहरू हुन् ।

सुहार्तोलाई शान्तिपूर्ण जनआन्दोलनबाटै ढालिएको थियो, मार्कोसलाई पनि शान्तिपूर्ण आन्दोलनकै कारण भाग्नपुरेको थियो । यसरी जनता अघि बढ्दा नेपालमा राजतन्त्र टिक्न सक्तैन । राजनीतिक पार्टीका नेताहरूले राजासँग सम्झौता गर्ने र सहयोग पुऱ्याउने गर्दामात्रै यहाँ राजतन्त्र टिक्ने हो ।

हामी अमेरिकीहरू जनताले मतद्वारा चुनेको सरकार हुनुपर्छ भन्ने मान्यतामा स्पष्ट छौं । अभिव्यक्ति स्वतन्त्रता, संगठित हुने स्वतन्त्रता र प्रेस स्वतन्त्रता जस्ता जनताका मौलिक अधिकारहरू सुरक्षित हुनुपर्छ भन्ने हाम्रो स्पष्ट मान्यता हो । अमेरिकी सरकार नैतिक हिसाबले पनि प्रजातन्त्र र जनताको पक्षमा उभिनुपर्छ । म प्रजातन्त्रको पक्षमा उभिने मान्छे हुँ । नेपालमा अहिले जुन सरकार छ, यो वैधानिक छैन । राजाले संविधानको धारा १२७ को गलत ढंगले प्रयोग गरिरहेको स्थिति छ । मार्टिन लुथर किङ भन्नुहुन्छ-"गलत कानूनहरू छन् र कानूनको गलत ढंगले प्रयोग भएको छ भने सार्वभौम जनताले त्यसलाई कहिल्यै पनि मान्नुहुँदैन, त्यसको खिलाफमा जानुपर्छ ।" उहाँको यही भनाइले नेपालको वर्तमान स्थितिमा मलाई अघि बढ्न, बोल्न र आन्दोलनलाई सहयोग गर्न प्रेरित गरेको हो ।

अमेरिका संसारकै एउटा धनी मुलुक हो । राष्ट्रपति जर्ज डब्लु बुस पनि धनी मान्छे नै हुन् । तर उनले बर्षमा दुईलाख डलरमात्र पाउँछन् । सामान्य मान्छेको तुलनामा राष्ट्रपतिको तलब छ गुणामात्रै बढी हुन्छ । तर नेपालको राजाले बर्षमा ६५ करोड खर्च गरेको देखियो । सरदर हिसाबमा यो रकम अरूतिर लैजाने हो भने त्यसले एघार हजार शिक्षक वा नर्सहरूलाई बर्षभरी तलब खुवाउन पुग्छ । शिक्षा र स्वास्थ्य नेपाली जनताको लागि अत्यन्तै आवश्यक कुरा हो । त्यो रकमले धेरै जनताले शिक्षा र स्वास्थ्यको अवसर र सुविधा पाउन सक्छन् ।

राजाले नेपाल अधिराज्यको संविधान-०४७ लाई पूर्णतः उल्लंघन गरेका छन् । उनले भनेका पनि छन्-अबको राजतन्त्र सक्रिय र रचनात्मक हुन्छ । राजाको क्रियाकलाप जनआधारित र जनअनुमोदित नेताहरूको विरूद्धमा रहेको प्रष्टै देखिन्छ ।

मलाई लाग्छ-भोलि जनताले छान्नुपऱ्यो भने माओवादी र राजतन्त्र दुवैलाई छान्ने छैनन्, जनताले प्रजातन्त्रलाई छान्दछन् । प्रजातान्त्रिक शक्तिहरूले मात्र यो मुलुकलाई अघि बढाउन सक्दछन् । अठार महिना भयो, राजाले सम्पूर्ण शक्ति आफ्नो हातमा लिएर माओवादीलाई नियन्त्रण गर्न अघि बढेको, तर उनले यस अवधिमा माओवादीलाई नियन्त्रण गर्न सकेका छैनन् र गर्न सक्दैनन् पनि । जनताले छानेको सरकारले जनताको सहभागितामा मात्र माओवादी समस्याको समाधान गर्न र प्रजातन्त्रलाई बलियो बनाउन सक्दछ ।

संयुक्त राष्ट्रसंघीय मानवाधिकार उच्च नियोग, एमनेष्टी इन्टरनेशनल र ह्युमन राइट्स वाच जस्ता संस्थाहरूले नेपालमा मानवाधिकारको बिग्रदो अवस्थालाई हेरेको मात्र होइन, त्यसलाई दस्तावेजको रूपमा अभिलेख राख्ने र सम्बन्धित निकायमा प्रस्तुत गर्ने काम गरिसकेका छन् । नेपालमा धेरै ठाउँमा बलात्कार, हत्या, गैरकानूनी थुना र बेपत्ता पार्ने जस्ता मानवाधिकार विपरीतका ज्यादती भएका छन् । सबै अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाले यसको अभिलेख राख्ने र दस्तावेजको रूपमा प्रस्तुत गर्ने गरेका छन् । जनताको कुरामात्र होइन, पत्रकारहरूलाई सताउने, समाचार संकलन गर्न नदिने, गिरफ्तार गर्ने, गैरकानूनी थुनामा राख्ने, बेपत्ता पार्ने र हत्या गर्ने जस्ता काम राज्यले गरेको छ । यसबाट नेपालको मानवाधिकार अवस्था दयनीय रहेको प्रष्ट हुँदैन र ?

नेपालको भविष्य ज्यादै अनिश्चित छ । अब के हुन्छ भनेर भनिहाल्न सकिन्न । ग्रीक भाषाको एउटा शब्द क्लेप्टोक्रेसी (भारदारीतन्त्र) जस्तो अवस्था छ-अहिले नेपालमा । यहाँका जननिर्वाचित नेताहरूले कहिल्यै न पूर्ण प्रजातन्त्रको अनुभव गर्न पाए, न त त्यसको अभ्यास नै गरे । त्यसकारण नेपाली जनताले यतिबेला सत्य र साँचो प्रजातन्त्र चाहेका छन् । मलाई लाग्छ-नेपालको सन्दर्भमा अब संवैधानिक राजतन्त्र भन्ने जमाना गइसक्यो । अहिलेको लडाइँ त सक्रिय राजतन्त्र र गणतन्त्रबीचको हुनुपर्छ । यदि सक्रिय राजतन्त्र भयो भने पनि त्यसको लामो भविष्य हुँदैन । किनकि सक्रिय राजतन्त्र हुनु भनेकै गणतन्त्रतिर उन्मुख हुनु हो ।

नेपाली जनता जुन बहादुरी, साहस र हिम्मतका साथ लडिरहेका छन्, त्यसको सबैले उच्च प्रशंसा र मूल्यांकन गर्नुपर्छ। यहाँको निरंकुश शक्तिसँग जनता जुन साहसका साथ लडिरहेका छन्, त्यो अत्यन्तै ठूलो कुरा हो। उनीहरू आफ्नो सार्वभौम अधिकारका लागि लडिरहेका छन्। अमेरिकी जनता पनि राजा जर्ज तेस्रोका विरूद्ध यसैगरी खुब लडेका थिए।

चीन र भारतजस्ता ठूला देशको बीचमा रहेको नेपालमा ८० हजारको हाराहारीमा जुन सेना छ, यसको केही औचित्य छैन। नेपालजस्तो एउटा स्वतन्त्र र सार्वभौम मुलुकका निम्ति पुलिस चाहिँ आवश्यक छ। दुनियाँमा सेना नभएका पनि मुलुक छन् र ती राम्रोसँग चलिरहेका छन्। जस्तो कि कोष्टारिका र स्वीट्जरल्याण्डमा सेना छैन। तर त्यहाँ शान्ति र अमनचयन छ।

नेपालमा सवा दुई करोड जनता एकातिर र राजा अर्कोतिर रहेको अवस्था छ-अहिले। अब आम जनतालाई काठमाडौंमा मात्र होइन, देशभरी आफ्नो अधिकारका लागि सडकमा उतार्न सक्नुपर्छ। जस्तो कि राजधानीका सडकमा दुई चारलाख मान्छे उत्रिन सक्छन्। तिनीहरूमध्ये बुद्धमार्गीले फूल बोकेर तथा सामाजिक विकास र मानवाधिकारवादीहरूले शान्तिको आवाज लिएर उठ्न सक्छन्।

मेरो व्यक्तिगत अध्ययनमा जनताको बीचमा जाने सबभन्दा प्रजातान्त्रिक पार्टी एमाले हो। यसले अब राजतन्त्र, भ्रष्टाचार, माओवादी हिंसा र आतंककारी गतिविधिका विरूद्ध अभियान चलाउनुपर्छ। एमालेको विचार धेरै व्यवहारिक छ। अहिले राजा र माओवादी मिलेर जाने स्थिति छैन। माओवादीसँग वार्ता गरेर जाने हो भने त्यो सबभन्दा उपयुक्त निकास हुन्छ। तर राजतन्त्रको बाघरूपी शासन चलेसम्म नेपालमा शान्ति कायम हुन सक्दैन। यहाँको वस्तुस्थिति र राजतन्त्रको भूमिका हेरेर मैले यो विचार बनाएको हुँ।

# अब सिधै गणतन्त्र

*' रुपनारायण श्रेष्ठ, पी.भी. कमाण्डर*

आन्दोलनको गति र रूप हेर्दा अब नेपालमा राजासहितको प्रजातन्त्र असम्भव छ भन्ने कुरा स्पष्ट हुँदै गएको छ। नेकपा (एमाले)का महासचिव माधवकुमार नेपालले पनि अब सधैंभर राजालाई काँध थाप्न सकिदैन भनिसक्नुभएको छ। सडकको नारा र युवाहरूको उत्साहले सुनौलो भविष्यको संकेत गरेको छ। आन्दोलनको माग र नारा फेर्नुपर्छ भन्ने मेरो धारणा छ। अब संवैधानिक क्रियाशीलता मात्र पर्याप्त छैन, गणतन्त्रलाई कार्यनीतिक नारा बनाउनुपर्छ। राजाको निरंकुशता बढ्दै गएपछि आन्दोलन चर्किएको हो। यसकारण यो राजाविरोधी आन्दोलन हो भन्ने बुझ्नुपर्छ। क्याम्पस क्याम्पसमा सचेत विद्यार्थीहरूले के भनिरहेका छन्? त्यसलाई दलहरूले पनि आत्मसात गर्नुपर्छ। राजाका सबै प्रयोग र परीक्षणहरू असफल सिद्ध हुँदै गएका छन् र उनी आफैं पूर्णतः असफल सावित भइसकेका छन्। यसकारण पनि जनताको विजय निश्चित छ।

# जनता कहिल्यै हार्दैनन्

*' प्रा.डा. मंगलसिद्धि मानन्धर, संयोजक, पेशाकर्मी तथा नागरिक समाज*

आन्दोलनमा दिनहुँ जनसहभागिता बढिरहेको कुरा हामीले भन्नै पर्दैन, आम नागरिकले स्वयं देखेका छन्। प्रतिगमनका विरूद्ध जनता निर्धक्कसाथ सडकमा उत्रेका छन्। ०५६ को निर्वाचनको ९८ प्रतिशत जनमत आन्दोलनमा छ। तर जनताको यस्तो न्यायोचित, जायज र प्रजातान्त्रिक आवाजलाई नसुनेर प्रतिगमनका तानाबाना झन् बुनिदैछन्। आन्दोलनले सफलता प्राप्त गर्न अनिवार्य छ। कतै बीचमै नेताहरूले सम्झौता गर्छन् कि भनेर जनताले खबरदारी गरिरहेका छन्। सबै पेशा, व्यवसायको सम्मान र नागरिक स्वाभिमानको रक्षा प्रजातन्त्रमा मात्र सम्भव छ। त्यही भएर पेशा, व्यवसाय, मानवअधिकार र नागरिक अधिकारसँग सम्बन्धित ४० संस्था मिलेर 'प्रजातान्त्रिक आन्दोलनका लागि पेशाकर्मी तथा नागरिक समाज' गठन गरी आन्दोलनमा उत्रेका छौं। हामीलाई पूर्ण विश्वास छ-यो आन्दोलनले सफलता पाउँछ, जनता कहिल्यै हार्दैनन्। यदि हार्ने भए त दुनियाँमा राजैराजा हुने थिए तर दुनियाँमा स्थिति त्यस्तो छ र?

# प्रतिरोधात्मक क्षमता बढेको छ

*' श्याम ढकाल, सचिव, बर्दिया*

चैत १९ गतेदेखिको राजधानीकेन्द्रित आन्दोलनमा सहभागी भइरहँदा व्यापक जनसहभागिता र समर्थन भएको महसुस भयो। प्रतिगामी सरकारले हामीलाई कुट्ने, थुन्ने, दुर्व्यवहार गर्ने जस्ता अमानवीय व्यवहार गऱ्यो। तर पनि आन्दोलनको गति रोकिएन। यही आन्दोलनको क्रममा जनतामा व्यापक जागरण बढेको र प्रतिरोधात्मक क्षमता धेरै बृद्धि भएको पाइयो। जनअधिकारको बहालीका लागि मात्र होइन, दीर्घकालीन रक्षाका लागि पनि यो सकारात्मक कुरा हो। अहिले मुलुकमा जनता र प्रतिगामी सत्ताका बीचमा अन्तर्विरोध छ। त्यो अन्तर्विरोधमा प्रतिगामी शक्ति एक्लिदै र खुम्चिदै गएको छ भने जनताको शक्ति बढी सुदृढ, संगठित र जुझारू बन्दै गएको छ। यसकै परिणाम हो-प्रायः सबै संघ, संगठन, मानवअधिकारवादी, पत्रकार, लेखक, कलाकार, पेशाकर्मीलगायतको बढ्दो समर्थन र सहभागिता। त्यसैले यसको सफलता सुनिश्चित भएको छ। यो आन्दोलनको लक्ष्य सार्वभौमसत्ता र राजकीय सत्ताको बहाली नै हो। त्यसका लागि पाँच दलले १८ बुँदे कार्यक्रम सार्वजनिक गरिसकेका छन्। त्यसैले अब यसको लक्ष्य तिनै १८ बुँदा हुन्। सुधारका ती बुँदालाई छाडेर आन्दोलन कुनै सम्झौतामा टुंगिनुहुँदैन। आफूले पनि आन्दोलनलाई त्यही ढंगले बुझ्नुपर्छ।

# निरंकुशता कहिल्यै जित्दैन

**' तेजबहादुर चन्द, उपसचिव, दैलेख**

यो जनआन्दोलनको क्रममा पार्टी कमिटीहरू, नेता कार्यकर्ताहरू परिचालित भएका छन् । जनताको बीचमा जनअधिकार, प्रजातन्त्र र मानवअधिकारका महत्वपूर्ण कुरा पु¥याउन सजिलो भएको छ । प्रजातान्त्रिक आन्दोलनमा प्रतिगमनकारीहरूबाट हुनसक्ने षड्यन्त्रका सम्भावनाहरू देखा पर्ने गरेका छन् । त्यसलाई बुझ्न सजिलो हुने भएकाले अझ जनसमुदायलाई आन्दोलनमा गोलबन्द गराउन सकिएको छ । प्रजातन्त्र र शान्ति अलग रहन सक्तैन, प्रेस स्वतन्त्रता, मौलिक अधिकार प्रजातान्त्रिक प्रणालीमा हुने भएकोले निरंकुशताको विरूद्धमा लडाईं लड्नुपर्छ ।

निरंकुशवादी शक्ति संसारको कुनै पनि देशमा सफल भएको छैन । समय जहिले पनि अगाडि बढ्छ । आन्दोलन सफल भएरकै छाड्छ, विजय भएरै छाड्छ । यसमा कसैले शंका नगरे हुन्छ ।

# नयां ढंगले सोच्नुपर्छ

***' रमेश राजभण्डारी, सदस्य, राप्ती***

राजधानी केन्द्रित आन्दोलन संचालन भएदेखि लगातार आम नागरिकको समर्थन र सहभागिता बढिरहेको छ । राजनीतिक दलले उठाएका मुद्दा र मागमा नागरिकहरूले पनि आफ्नो स्वर थपिरहेका छन् । यो अग्रगमनको अभ्यास हो । राजाको प्रतिगामी र निरंकुश सोच जनताका बीच परास्त भइसकेको छ । उनी अझै पनि सचेत हुँदैनन् र सच्चिँदैनन् भने त्यसपछिको परिणाम उनकै लागि तीतो र अनपेक्षित हुनेछ ।

अहिलेको आन्दोलन केन्द्रिकृत अर्थात् राजधानीकेन्द्रित हो । जिल्ला-जिल्लामा पनि यसलाई जारी राख्नुपर्छ । तर मुख्यरूपमा राजधानीमा शक्ति प्रदर्शन गर्नुपर्दछ । आन्दोलनको सफलताको बारेमा शंका गर्नुपर्ने कुनै जरूरी छैन । यदि राजाले अझै सुन्दैनन् भने दलहरूले मात्रै किन एउटै कुरा दोहो¥याइरहने ? उनीहरूले पनि नयाँ ढंगले सोच्नुपर्ने अवस्था सिर्जना हुनसक्छ ।

# अझै आक्रामक बनाउनुपर्छ

***' शेरधन राई, सचिव, भोजपुर***

राजधानी केन्द्रित आन्दोलनमा अझै स्थानीय जनसहभागिता बढाउनुपर्छ । बाहिरबाट हेर्दा त्यसको कमी जस्तो महसुस हुन्छ । आन्दोलनको स्वरूप पनि अझै आक्रामक बनाउनुपर्छ । राज्यका मुख्य निकायलाई दबाव दिने किसिमको कार्यक्रम तय गर्नुपर्दछ ।

आन्दोलनका नियमित कार्यक्रमहरू उत्साहमूलक र प्रभावकारी छन् । आन्दोलन नयाँ उचाइमा पुगेको छ । अब ठोस उपलब्धिबिना यसको गति रोकिंदैन भन्ने महसुस सबैले गरेका छन् । उत्कर्षमा पुगेर त्यतिकै आन्दोलन सेलाउने विगतको कमजोरीबाट शिक्षा लिनुपर्छ । व्यक्तिगतमात्र होइन, संस्थागत सहभागिता छ ।

त्यसैले आन्दोलनलाई अझै माथिल्लो उचाइमा लैजानु पर्छ । जिल्ला-जिल्लामा गरिने आन्दोलनको दबाव केन्द्रको तुलनामा कम हुन्छ । तर पनि आन्दोलन संचालन गरिरहनुपर्छ । स्थानीय जागरण र जुझारू सपनाका लागि क्रियाशील हुनुपर्दछ । मूलतः निर्णायक परिवर्तनका लागि राजधानी केन्द्रित र मुख्य शहरहरूमा बढी ध्यान दिनुपर्दछ ।

# कमरेड मदन भण्डारीलाई सम्झँदा

## ' राजेन्द्र श्रेष्ठ

**मा**र्क्सवादले जनता नै इतिहासका निर्माता हुन् भन्ने मान्यतालाई स्थापित गरेको छ । जनताको इतिहास सामान्यतया एउटा पुस्ताले बनाउने र अर्को पुस्ताले लेख्ने गर्दछ । त्यो इतिहासलाई भावी पुस्ताले युगौंयुगसम्म मूल्यांकन गर्ने गर्दछ । जननेता क. मदन भण्डारी नेपालको प्रजातान्त्रिक तथा कम्युनिष्ट आन्दोलनको इतिहासका महान् व्यक्तित्व हुनुहुन्छ, जसले नेपाली जनइतिहासको निर्माणमा महत्वपूर्ण स्थान ओगट्नुभएको छ । उहाँले नेपाली कम्युनिष्ट आन्दोलनको नेतृत्व सम्हाल्नुभएको बेला देशमा पञ्चायती व्यवस्थाको नाममा राजाको हुकुमी शासन चलिरहेको थियो । हरेक क्षेत्रमा निरंकुश राजतन्त्रले संस्थागत रूप धारण गरेको थियो । तर त्यसको विरूद्धमा जनताको प्रतिनिधित्व गर्ने राजनीतिक शक्तिहरू न्यूनतम राजनीतिक समझदारी कायम गरी संयुक्त संघर्षमा उत्रन सकिरहेको थिएन । सर्वहारा श्रमजीवी वर्गको प्रतिनिधित्व गर्ने कम्युनिष्ट पार्टी पनि कम्तिमा बाह्र टुक्रामा विभाजित भएको थियो । यस्तो विषम परिस्थितिमा ०४६ साल भाद्रमा नेकपा ( माले)द्वारा भूमिगत रूपले सिराहामा आयोजना गरेको नेपाल कम्युनिष्ट पार्टीको चौथो महाधिवेशनमा उहाँ महासचिवमा चुनिनुभएको थियो । पार्टीभित्र रहेको गलत विचारका विरूद्ध २०३७ सालदेखि नै उहाँले वैचारिक संघर्षको थालनी गरेको भए तापनि २०३९ सालदेखि पार्टीको विचार निर्माणमा उहाँको भूमिका स्थापित हुन पुग्यो । राजमोती, मुकुभ पखेली, दिग्विजय सिं

आदि नामबाट उहाँले लेख्नुभएका पुस्तिका तथा लेखहरूबाट लाखौं जनता प्रशिक्षित भए । पार्टीभित्र उहाँको वैचारिक अग्रता देखा पर्न थाल्यो । त्यसको फलस्वरूप उहाँ चौथो महाधिवेशनमा संगठनात्मक रूपले पनि शीर्ष स्थानमा पुग्नुभयो ।

२०४६ सालको जनआन्दोलनको चर्चा शुरू भएको बेला भएको महाधिवेशन हुँदा उक्त महाधिवेशनमा सबैभन्दा धेरै बहस राजनीतिक संयुक्त मोर्चाको निर्माण, आन्दोलनको प्रस्थान विन्दु र मूल नाराको विषयमा भएको थियो । क. मदन भण्डारीले राजनीतिक संयुक्त मोर्चा निर्माणको सन्दर्भमा उक्त महाधिवेशनमा तीनवटा आधारहरू प्रस्तुत गर्नुभएको थियो जुन यसप्रकार छ-

"(क) राजतन्त्रको विरोध गर्ने र  प्रजातन्त्रको स्थापना गर्ने,

(ख) प्रजातान्त्रिक आन्दोलनमा कम्युनिष्ट पार्टीसँग एकता गर्न चाहने,

(ग) एकदलीय तानाशाहीको विरोध गर्ने र बहुदलीय प्रजातान्त्रिक शासन प्रणाली अपनाउने ।" (नेपाली क्रान्तिको वर्तमान कार्यक्रम-पृष्ठ ४५) ।

संयुक्त जनआन्दोलनका लागि न्यूनतम राजनीतिक समझदारी निर्माण गर्न प्रस्तुत ती आधारहरू नेपाली कांग्रेसका लागि मान्य हुन सकेनन् । फलस्वरूप सातवटा कम्युनिष्ट पार्टीहरूबीच मात्र संयुक्त वाममोर्चाको नाममा राजनीतिक मोर्चा निर्माण भयो र नेपाली कांग्रेससँग आन्दोलनमा कार्यगत एकता भयो । ने.का.को कारण २०४६ सालको ऐतिहासिक जनआन्दोलनको माग पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको स्थापनाको सुधारवादी दिशामा केन्द्रित हुन पुग्यो । आन्दोलनको सफलतापछि देशमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र स्थापित भयो । बाह्र बर्षपछि आज फर्केर हेर्दा देशमा राजाद्वारा पश्चगमन हुनु र पुनः प्रजातन्त्रको लागि संघर्ष गर्नुपर्ने परिस्थिति सिर्जना हुनु २०४६ सालको जनआन्दोलनले स्थापित गरेको प्रजातन्त्र अपूर्ण र सीमित प्रकृतिको हुनुले गर्दा हो भन्ने कुरा प्रमाणित भएको छ । यदि क. मदन भण्डारीको नेतत्वमा हाम्रो पार्टीले अगाडि सारेको उपरोक्त तीन आधारलाई नेपाली कांग्रेसले स्वीकार गरिदिएको भए मुलुकमा आज यो परिस्थिति सिर्जना हुने नै थिएन ।

सन् १९१७ को रूसी अक्टोबर क्रान्तिपश्चात् विश्वभरि सामन्तवाद र पूँजीवादबीच संश्रय कायम भएको थियो, जसको कारण पूँजीपति वर्ग पूँजीवादी-जनवादी क्रान्तिको नेतृत्व गर्न असक्षम हुँदै गएको थियो । तथापि चीनमा सनयात सेन जिउँदो रहँदासम्म त्यहाँको कोमिन्ताङ्ग पार्टीले चिनियाँ कम्युनिष्ट पार्टीसँग संश्रय कायम गरी अगाडि बढेको घटना पनि छ । सनयातसेनको रूससित मित्रता, कम्युनिष्ट पार्टीसँग संश्रय र मजदूर किसानलाई सहयोग गर्ने तीन जनसिद्धान्तको कारण १९२४ को कोमिन्ताङ्ग पार्टीको प्रथम राष्ट्रिय सम्मेलनमा कम्युनिष्ट पार्टीसमेत सामेल भयो । तर १९२५ मा सनयातसेनको मृत्युपश्चात् कोमिन्ताङ्ग पार्टी अमेरिकाको पिछलग्गु बन्यो । त्यसपश्चात् चीनमा पूँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्ने दायित्व पनि त्यहाँको मजदूर वर्गको पार्टी कम्युनिष्ट पार्टीको काँधमा आएको हो । सन् १९४९ को नयाँ जनवादी क्रान्तिपश्चात् त्यहाँको कोमिन्ताङ्ग पार्टी भागेर अद्यापि ताइवानमा शासन चलाइरहेको छ । यस घटनालाई नेपाली कांग्रेसका नेता वी.पी. कोइरालाले त्यहाँको कोमिन्ताङ्ग पार्टी कमजोर हुनुमा कम्युनिष्टसँग संश्रयको नीतिलाई जिम्मेवार ठहराए । वास्तवमा यो गलत कुरा थियो । कोमिन्ताङ्ग पार्टी कमजोर हुनुमा उसको अमेरिकी साम्राज्यवादप्रतिको भक्तिभाव हो, न कि कम्युनिष्टसँगको संश्रय । अहिले पनि दक्षिण अफ्रिकामा नेल्सन मण्डेलाको नेतृत्वमा रहेको अफ्रिकी नेशनल कांग्रेस त्यहाँको कम्युनिष्ट पार्टीसँग संश्रयको नीतिकै कारण सफल भैरहेको छ । चीनमा पनि सन् १९४५ मा सम्पन्न चिनियाँ कम्युनिष्ट पार्टीको सातौं महाधिवेशनमा क. माओत्सेतुङ्गले राष्ट्रहितको पक्षमा उभिन च्याङ्गकाइसेकलाई आह्वान गर्दै संयुक्त सरकारको प्रस्ताव राख्नुभएको थियो । त्यसबेला कम्युनिष्ट पार्टीले बहुदलीय व्यवस्था कायमै राख्ने कुरा उल्लेख गरेको थियो । यदि त्यो प्रस्ताव च्याङ्गकाइसेकले मानेको भए कोमिन्ताङ्ग पार्टी ताइवानमा भाग्नुपर्ने थिएन । त्यहाँ पनि दक्षिण अफ्रिकामा जस्तै सहकार्य हुने थियो । यो कुरा वी.पी. र नेपाली कांग्रेसले नबुझ्नुको परिणाम आज नेपालमा तेस्रो पुस्ताले पनि राजतन्त्रको विरूद्ध तथा प्रजातन्त्रको लागि लडाईं लड्नु परिरहेको छ । वी.पी.को राजालाई संवैधानिक बनाई कम्युनिष्टहरूको विरूद्ध राजतन्त्रसँग संश्रय कायम गर्ने नीति नेपालमा पटक-पटक असफल सिद्ध भएको छ ।

अर्कोतर्फ नेपाल कम्युनिष्ट पार्टीले शुरूदेखि नै राष्ट्रियता, प्रजातन्त्र र सामाजिक न्यायका लागि नेपाली कांग्रेससँग सहकार्य गर्ने नीति लियो । २००७ सालमा नेपाली कांग्रेसको अनिच्छाको बाबजुद पार्टीका संस्थापक नेता क. पुष्पलालको नेतृत्वमा कम्युनिष्ट पार्टी आन्दोलनमा सहभागी भयो, २०१७ सालको घट्नापश्चात् राजाको फौजीकाण्डको विरूद्ध विघटित संसदको पुनर्स्थापनाका लागि ने.कां.सँग मिलेर संयुक्त जनआन्दोलन गर्ने प्रस्ताव अगाडि सा-यो । २०४६ सालमा क. मदन भण्डारीले नेपाली कांग्रेसका नेताहरूसँग भेटेर संयुक्त जनआन्दोलनको आधार बनाउन प्रस्ताव पेश गर्नुभयो । यी प्रत्येक घटनाहरूलाई हेर्दा कम्युनिष्ट पार्टीले सधैं बहुदलीय प्रजातन्त्रलाई स्वीकारेकै देखिन्छ । जननेता क. मदन भण्डारीको प्रस्तावमा पनि "एकदलीय तानाशाहीको विरोध गर्ने र बहुदलीय प्रजातान्त्रिक शासन प्रणाली अपनाउने" कुरा नै छ । कम्युनिष्ट पार्टीले आजसम्म आफ्नो प्रजातन्त्रप्रतिको प्रतिबद्धतालाई कहिल्यै धोका दिएको छैन । तर पनि नेपाली कांग्रेसले आफू 'कोमिन्ताङ्ग' नबन्ने नाममा कम्युनिष्ट पार्टीसँग न्यूनतम समझदारी बनाउन अस्वीकार गर्नुको परिणाम आज मुलुकले भोगिरहेको छ । यतिबेला खासगरी २०५९ जेठ १९ को दरवार हत्याकाण्डपश्चात् विकसित परिस्थिति र २०६० आश्विन १८ को शाही प्रतिगामी कदमपछि नेपाली कांग्रेसको युवा विद्यार्थी पंक्तिमा संवैधानिक राजतन्त्रप्रतिको मोहभंग भइसकेको अवस्था छ । अहिले सडकमा गणतन्त्रको नारा बुलन्द भइसकेका छन् । कांग्रेसका केही नेताहरूले पनि अब फेरि प्रजातन्त्रका लागि राजासँग कहिल्यै संघर्ष गर्नु नपर्ने गरी यो आन्दोलनलाई टुंग्याउनुपर्छ भनिरहेका छन् । कांग्रेसको बारबारको सम्झौतापरस्त तथा ढुलमुले चरित्र हेर्दा यो सत्ताको लागि सौदावाजी गर्ने धम्कीमात्र पनि हुन सक्दछ । यदि त्यस्तो होइन र भित्री हृदयदेखि नै कांग्रेसले इतिहासबाट पाठ सिकेको हो भने, नेपाली कांग्रेसले कम्युनिष्ट पार्टी र त्यसले अगाडि सारेको जनताको बहुदलीय जनवादको

विरोध गर्दछ भने पनि उससँग मोर्चाबन्दी गरेर जानुपर्दछ । हामीले अक्टोबर क्रान्तिपश्चात् विकसित नयाँ युगमा बुर्जुवाहरूले पूँजीवादी गणतन्त्रको लागि लड्न सक्दैनन् भनेर जडसूत्रवादी बन्न आवश्यक छैन । यस सन्दर्भमा क. मदन भण्डारी भन्नुहुन्छ- "राजतन्त्रको अन्त गर्ने खास कामको निम्ति कम्युनिष्ट पार्टीको विरोध गर्ने र नयाँ जनवादसँग असहमत हुने नै भए पनि राजतन्त्रको विरोध गर्ने राजनीतिक शक्तिसँग पनि राजनीतिक एकता कायम गर्नुपर्छ र मोर्चा बनाउनुपर्छ ।" (नेपाली क्रान्तिको वर्तमान कार्यक्रम पृष्ठ ४४) ।

अहिलेको विश्व परिस्थितिलाई हेर्दा अक्टोबर क्रान्तिपछि पूँजीपति वर्गले पूँजीवादी-जनवादी क्रान्ति सम्पन्न गर्न सक्दैन र त्यो दायित्व पनि मजदूर वर्गले पूरा गर्नुपर्छ भन्ने जुन मान्यता छ, अहिले पनि आधारभूत रूपमा त्यो सही नै देखिन्छ । नेपालमा नेपाली कांग्रेसलगायतका बुर्जुवा सुधारवादी पार्टीहरूले आफ्नो वर्ग आधारको रूपमा सामन्त वर्ग, दलाल नोकरशाही पूँजीपति वर्गको उदारतावादी हिस्सा र मध्यम वर्गको दक्षिणपन्थी हिस्सालाई संगठित गरेको हुनाले पनि त्यसले पूँजीवादी-जनवादी क्रान्तिलाई पूरा गर्न सक्दैन । तर अक्टोबर क्रान्तिपश्चात् पनि अर्धसामन्ती, अर्ध औपनिवेशिक देश भनेर कम्युनिष्ट पार्टीले विश्लेषण गरेका कतिपय मुलुकहरूमा पूँजीवादको विकास भएको छ । ब्राजिल, सिंगापुर, मलेशिया आदि देशहरू अहिले बिना क्रान्ति पूँजीवादी राष्ट्र बनेका छन् भने दक्षिण अफ्रिकामा कम्युनिष्ट पार्टीसँग सहकार्य गरी समाजवाद उन्मुख नीतिहरू अख्तियार गरेका छन् । त्यसैले नेपालका बुर्जुवा सुधारवादीहरूले पनि इतिहासबाट शिक्षा लिएर सन्यात् सेन र नेल्सन मण्डेलाको जस्तो क्रान्तिकारी नीति लिन्छन् भने अहिलेको आन्दोलनले नयाँ ऐतिहासिक मोड लिन सक्दछ र यसले प्रजातन्त्रलाई पूर्णता प्रदान गर्न सक्दछ । अहिले नेपाली कांग्रेसलगायतका बुर्जुवा सुधारवादी पंक्तिभित्र शाही प्रतिगमनपश्चात् गणतन्त्रका भ्रुणहरू देखापरेको मात्र होइन इतिहासमा पहिलोपटक १८ बुँदे न्यूनतम अग्रगामी कार्यक्रमको आधारमा राजनीतिक प्रकृतिको संयुक्त मोर्चा बनेको छ । २०४६ सालको कार्यगत एकताभन्दा एककदम अगाडि बढेर राजनीतिक सुधारकै लागि भए पनि पाँच पार्टीबीच मोर्चा बन्नु नेपाली राजनीतिमा भएको सकारात्मक विकास हो ।

कुनै पनि देशको अधिरचना (उपरी ढाँचा) त्यहाँको सामाजिक-आर्थिक आधारमा उभिएको हुन्छ । २०४६ सालको जनआन्दोलनले राजनीतिक अधिरचना परिवर्तन गरे पनि त्यसको सामाजिक-आर्थिक आधार अर्धसामन्ती अर्ध औपनिवेशिक नै रह्यो । त्यसको कारण २००७ साल र २०४६ सालमा स्थापित प्रजातन्त्रले पूर्णता प्राप्त गरेन । संवैधानिक राजतन्त्र नै रहेका ब्रिटेन, स्वीडेन, डेनमार्क, जापान आदि देशमा त्यहाँको सामाजिक-आर्थिक व्यवस्था पनि पूँजीवादी नै रहेको हुँदा त्यहाँका राजामा तानाशाही रूपमा शासन गर्ने भोक जागेन । यद्यपि त्यो पनि क. मदन भण्डारीले भनेजस्तै सामन्तवादकै अवशेष हो । नेपालमा सामन्तवादको जग अझै बलियो रहेको हुँदा राजामा एकतन्त्रको भावना प्रवल छ । त्यसैले वर्तमान आन्दोलनले राजालाई पूर्णरूपमा संवैधानिक बनायो भने पनि यदि सामाजिक-आर्थिक ढाँचामा नै परिवर्तन हुने गरी राज्यसत्ताको पुनर्संरचना गरिएन भने प्रजातन्त्र दीगो हुन सक्दैन । त्यसैले पनि हाम्रो पार्टीको ध्यान राजनीतिक सुधारको आन्दोलनलाई आमूल परिवर्तनको कडीसँग जोड्ने कुरामा केन्द्रित हुनुपर्दछ । तर वर्तमान राजनीतिक शक्ति सन्तुलनको अवस्थालाई अध्ययन गर्दा अहिले नै मुलुकमा आमूल परिवर्तन हुने तहसम्म जनआन्दोलनको विकास भएको छैन । नेताहरूको मनोगत चाहनाले मात्र आन्दोलनको शक्ति सन्तुलन आमूल परिवर्तन गर्ने तहसम्म विकास हुने पनि होइन । त्यसको लागि भौतिक परिस्थिति परिपक्व हुनुपर्दछ । आन्दोलन अगाडि बढ्दै जाँदा घटनाक्रमहरूले मुलुकलाई त्यस दिशामा लैजान पनि सक्दछ । कतिपय देशहरूमा रोटीको मूल्यबृद्धि हुँदा भएको आन्दोलनमा पनि पछि मागहरू बढ्दै जाँदा सरकार मात्र होइन सत्ता नै परिवर्तन भएका उदाहरणहरू छन् । नेपालमा पनि समयमै राजाले प्रतिगमन सच्याएनन् भने आन्दोलनले आफ्ना मागहरू पुनर्संयोजन गर्न सक्दछ । त्यसैले पार्टी हरदम यस कुरामा सचेत हुनुपर्दछ र आमूल परिवर्तनको दिशामा अगाडि बढ्नुपर्दछ ।

क. लेनिनले सन् १९०५ मा आफ्नो प्रसिद्ध पुस्तक "दुई कार्यनीति"मा पूँजीवादी जनवादको पूर्णताको लागि रूसमा दुईवटा विकल्पहरूको चर्चा गरेका छन् । पहिलो बाटो-क्रमिक सुधारको र दोस्रो बाटो आमूल परिवर्तनको । पहिलो बाटो विश्वभरका बुर्जुवा सुधारवादीहरूले अवलम्बन गरेका छन् । नेपालका बुर्जुवा सुधारवादीहरूको आजसम्मको इतिहास हेर्दा क्रमिक सुधारको बाटो पनि अवलम्बन गर्न सकेको देखिदैन । २०४६ सालको परिवर्तनपश्चात् यिनीहरू यथास्थितिवादीको रूपमा परिणत हुनु यसको प्रमाण हो । दोस्रो बाटो नेकपा (एमाले)लगायत कम्युनिष्ट पार्टीहरूले अवलम्बन गरिरहेको बाटो हो । यो पहिलो बाटोजस्तो सुस्तरी चल्ने अर्थात् विलम्बको बाटो होइन । यो क्रान्तिकारी परिवर्तनको बाटो हो, जसले राज्यका दुषित अंगहरूलाई द्रुत गतिमा समाप्त गर्ने छ । नेपाल कम्युनिष्ट पार्टीले आफ्नो स्थापनाकालमा आमूल परिवर्तनका लागि नयाँ जनवादको बाटो अवलम्बन गरेको थियो । पार्टीको पाँचौं महाधिवेशनसम्म आइपुग्दा कम्युनिष्ट आन्दोलनको ४३ बर्षको अनुभवको संश्लेषण तथा अन्तर्राष्ट्रिय परिस्थितिमा आएको फेरबदलको आधारमा नयाँ जनवादी व्यवस्थामा बहुदलीय राजनीतिक प्रणालीलाई समेत समावेश गरी जननेता क. मदन भण्डारीले त्यसलाई जनताको बहुदलीय जनवादको रूपमा विकसित गर्नुभयो । जनताको बहुदलीय जनवाद पूँजीपति वर्गको नेतृत्वमा स्थापित हुने बहुदलीय व्यवस्था होइन, त्यसको विपरीत सर्वहारा श्रमजीवी वर्गको नेतृत्वमा स्थापित हुने बहुदलीय व्यवस्था हो । त्यसको भेद स्पष्ट पार्दै उहाँ भन्नुहुन्छ- "जनताको बहुदलीय जनवाद संसारभर आज प्रचलित बहुदलीय व्यवस्था होइन भन्ने कुरामा म जोड दिन चाहन्छु । जनताको बहुदलीय जनवादको विशेषता के हो भने यसले त्यस्तो बहुदलीय व्यवस्थाको स्थापना गर्छ, जुन शासनको हिसाबले सामन्तवाद-साम्राज्यवादविरोधी हुन्छ ।" (मदन भण्डारी संकलित रचनाहरू भाग १ पृष्ठ ३६०) नेपालजस्तो अर्धसामन्ती अर्ध औपनिवेशिक देशमा जबसम्म जनताको बहुदलीय जनवादको स्थापना हुँदैन, प्रजातन्त्रले पूर्णता प्राप्त गर्न सक्दैन ।

जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको सिद्धान्त र कार्यक्रम भएतापनि नेपाली क्रान्ति सम्पन्न गर्ने भौतिक परिस्थिति तयार नहुँदासम्म क्रान्तिपूर्व पनि निर्वाचनमा बहुमत हासिल गरी सरकार बनाउने र त्यसको माध्यमबाट प्रगतिशील सुधारको बाटो अवलम्बन गर्ने कार्यनीति अख्तियार गरेको छ । यो कार्यनीतिले क्रान्तिको परिस्थिति निर्माण गर्न मात्रात्मक

परिवर्तन गर्दछ । तर मात्रात्मक परिवर्तनले मात्र समाज अग्रगतिमा जान सक्दैन, त्यसको लागि क्रान्तिकारी फड्कोको जरूरत पर्दछ । अतः वर्तमान अवस्थामा प्रजातन्त्रको पूर्णता भन्नाले जनताको बहुदलीय जनवादको स्थापना हो । वर्तमान युगमा सामन्तवादको विरोध नगरी जनवाद प्राप्त नहुने र साम्राज्यवादको विरोध नगरी राष्ट्रिय स्वाधिनता हासिल नहुने स्थितिमा के नेपालका बुर्जुवा सुधारवादीहरूसँग मिलेर गरिने आन्दोलनबाट जनवाद प्राप्त हुन सक्दछ त ? यसको छोटो जवाफ हो-सक्दैन । तर सनयात सेनकालीन कोमिन्ताङ्ग पार्टी तथा नेल्सन मण्डेलाको नेतृत्व रहेको अफ्रिकन नेशनल कांग्रेस जस्ता बुर्जुवा क्रान्तिकारी पार्टीहरू जन्मिए वा वर्तमान बुर्जुवा सुधारवादी पार्टीहरूले नेपालको इतिहासबाट शिक्षा लिई संवैधानिक राजतन्त्रको भ्रमबाट मुक्त भई बुर्जुवा क्रान्तिकारी पार्टीमा रूपान्तरित भए भने तिनीहरू बहुदलीय जनवाद प्राप्तिको आन्दोलनमा मित्रशक्ति बन्नेछन् । वास्तवमा जवज सर्वहारा श्रमजीवी वर्गको मात्र मुक्तिको कार्यक्रम होइन, यो त मजदुरदेखि राष्ट्रिय पूँजीपतिसम्मका सबै जनताको मुक्तिको कार्यक्रम हो । कम्युनिष्ट पार्टीले अगाडि सारेको कार्यक्रम भएकोले गर्दा बुर्जुवाहरूमा यसप्रति पूर्वाग्रह रहन सक्दछ । तर बहुदलीय जनवाद राष्ट्रिय स्वाधिनता र सामाजिक मुक्तिको कार्यक्रम भएको हुँदा यसले बुर्जुवाहरूको हितको पनि प्रतिनिधित्व गर्दछ ।

सैद्धान्तिक रूपले भन्दा सर्वहारा वर्गले समाजवाद-साम्यवादमा आफ्नो भविष्य देख्छ, तर निम्न पूँजीपति वर्ग, मध्यम किसान आदिले समाजवाद-साम्यवादलाई आफ्नो आदर्श नमान्न पनि सक्दछ । वर्ग रहेसम्म वर्गीय प्रतिस्पर्धा गर्न दिनुपर्दछ भन्ने जवजको मान्यता भएको हुँदा समाजवाद-साम्यवाद नमान्ने पार्टीहरूले पनि जनवादी व्यवस्थामा प्रतिस्पर्धामा भाग लिन पाउनेछन्, अधिनायकत्व त सामन्त र दलाल-नोकरशाही पूँजीपति वर्गलाई मात्र लागू हुने कुरा हो । यस सन्दर्भमा मदन भण्डारी भन्नुहुन्छ-"के किसानहरू, निम्न पूँजीपतिहरू र मध्यम पूँजीपति वर्गका पार्टीहरू समाजवादमा पुग्ने लक्ष्य राखेर, त्यस्तो विचार लिएर त्यसतर्फ अभिमुख हुन्छन् ? यदि हुन्छन् भने यो पनि एउटा नयाँ आविस्कार नै हो । किनभने अब सामाजवाद ल्याउन सर्वहारा वर्गकै पार्टी र मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा चल्ने पार्टी नै भैरहनुपरेन । अब कम्युनिष्ट पार्टी र मार्क्सवाद-लेनिनवाद छोडे पनि समाजवादमा पुगिने भयो । यदि त्यस्तो होइन, सामन्तवाद-साम्राज्यवादविरोधी रहेका वर्गहरू किसानहरू र निम्न तथा मध्यम वर्गलाई समाजवाद अभिमुख नभएका कारणले नदिने हो भने यो कस्तो बहुदलीयता र अनि कसको पार्टीसँग प्रतिस्पर्धा ? ... त्यो कस्तो जवाद हो ? (मदन भण्डारी संकलित रचनाहरू भाग १, पृष्ठ २१५) यसरी बहुदलीय जनवाद सामन्तवाद र साम्राज्यवादको विरोध गर्ने गैर कम्युनिष्ट पार्टीहरूले पनि चुनावमा प्रतिस्पर्धा गर्न पाउने उच्चस्तरको प्रजातान्त्रिक व्यवस्था हो । जवजले क्रान्तिपश्चात् तुरून्तै समाजवादमा संक्रमण गर्ने खालको अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा देखापरेको गल्तीलाई पनि सच्याएर पहिलो चरणमा सामन्तवाद-साम्राज्यवादको अवशेष उन्मूलन गर्ने, दोस्रो चरण जनवादी राज्यसत्ताको सुदृढीकरण गर्ने र तेस्रो चरणमा अर्थात् भौतिक परिस्थिति परिपक्व भएपछि मात्र समाजवादमा संक्रमण गर्ने नीति अगाडि सारेको छ । यसरी बहुदलीय जनवादले बुर्जुवा क्रान्तिकारीहरूलाई पनि जनवादी क्रान्तिमा सामेल हुन प्रेरित गर्दछ ।

हाम्रो पार्टीले जनताको बहुदलीय जनवादलाई क्रान्तिको कार्यक्रमको रूपमा अंगीकार गरेको पनि आज बाऱ्ह बर्ष बितेको छ । जननेता क. मदन भण्डारी यस कार्यक्रमको प्रस्तोता, प्रणेता र सिद्धान्तकार हुनुहुन्छ भन्ने कुरामा अब कसैको दुईमत छैन । तर अहिले हाम्रो पार्टीभित्र जनताको बहुदलीय जनवादलाई आफ्नो क्रान्तिकारी व्यवहारमा मार्गदर्शक बनाउनु भन्दा पनि गायत्री मन्त्र जस्तो ओठमा झुण्ड्याउने शब्द भएको छ । जवजलाई त्यसको सारतत्वमा नगई जीब्रोमा झुण्ड्याउने वस्तु मात्र बनाइयो भने क. मदन भण्डारीमाथि ठूलो अन्याय हुनेछ । अतः क. मदनलाई सम्झिने भनेको उहाँको स्तुतिगान गाएर होइन, जवजलाई व्यवहारमा प्रयोग गरेर हो । जननेता क. मदन भण्डारीको अभावमा अहिले उहाँका कृतिहरू कमा र रेफ पनि परिवर्तन नहुने जडसूत्र जस्तो भएको छ । त्यसलाई बाऱ्ह वर्षको अनुभवबाट शिक्षा लिएर समृद्ध गर्ने काम हुन सकेको छैन । अहिले मदन भण्डारी बाँचिरहनुभएको भए यो बाऱ्ह वर्षको अनुभवबाट जवज अत्यन्त समृद्ध भइसक्ने थियो । अतः हामीले जबजलाई पनि जडसूत्रवादी ढंगले होइन, रचनात्मक ढंगले नै लागू गर्नुपर्दछ । अहिले मुलुकमा निरंकुश राजतन्त्र र शाही प्रतिगमनको विरूद्ध संयुक्त जनआन्दोलन चलिरहेको छ । त्यसलाई जवजको सैद्धान्तिक प्रकाशमा हिंडाउन सकेमा अहिले न्यूनतम रूपमा पनि प्रगतिशील राजनीतिक सुधारको दिशालाई मजबुत बनाउन सकिन्छ । आउनुहोस्, वर्तमान संयुक्त जनआन्दोलनलाई सफल पार्न जनताको बहुदलीय जनवादको झण्डालाई बलियो गरी समाऔं । यही नै जननेता मदन भण्डारीको एघारौं स्मृति दिवसको उपलक्ष्यमा हार्दिक श्रद्धाञ्जली !

# बिकल्परहित आन्दोलन

**' नागेन्द्र चौधरी, सदस्य, केन्द्रीय अनुशासन निरीक्षण कमिटी**

आन्दोलन हाम्रो रहर होइन, बाध्यता हो । नेपाली जनताले राष्ट्रियता, सार्वभौमसत्ता, प्रजातन्त्र, जनजीविका, मानवअधिकारका लागि सधैं संघर्ष गर्दै आएका हुन् र सफल पनि हुँदै गएका हुन् । तर, प्रतिक्रियावादी सामन्ती राजाशाहीले जहिले पनि जनताको चाहना र भावनालाई कुल्चने काम गर्दै आयो । यसै क्रममा २०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त उपलब्धीहरूलाई संस्थागत र सुदृढ गर्दै नेपाललाई सवल र सम्पन्न राष्ट्र बनाउनुपर्नेमा उल्टै सार्वभौमसत्ता सम्पन्न जनतालाई पुनः रैती बनाउने प्रतिगामी कदम चालिएको छ ।

हाल चलिरहेको संयुक्त जनआन्दोलन यसैको एउटा वाध्यात्मक परिणति हो । यसको उचाइको कुरा गर्ने हो भने २०४६ सालको जनआन्दोलन भन्दा पनि उच्चस्तरको आन्दोलन हो । यसका विरूद्धमा दिइने प्रतिक्रिया, गरिने षड्यन्त्र आदिको कुनै औचित्य नै छैन । किनभने, यो आन्दोलन तबमात्र समाप्त हुन्छ, जब जनता सम्पूर्ण अधिकार सम्पन्न हुन्छन् । यस स्तरको उपलब्धीका

लागि आन्दोलनरत ५ राजनीतिक पार्टीहरूले अझ सशक्त र प्रभावकारी कार्यक्रमहरू अगाडि ल्याउनु पर्दछ। जनता पछि हट्नेवाला छैनन्।

# अठार बुँदा छाड्नुहुँदैन

*' लालेन्द्र गौचन (घाइते), अध्यक्ष, मुस्ताङ सम्पर्क मञ्च*

प्रतिगमनविरोधी आन्दोलनमा समाहित भइरहेको बेला जनविरोधी तथा प्रतिगामी सरकारका मतियार प्रहरीहरूले निर्घातरूपमा कुटपिट गरी मलाई सख्त घाइते बनाए। मेरो देब्रे खुट्टा भाँचिएर अहिले म आराम गरिरहेको छु। तर पनि नेपाली जनतालाई सार्वभौम बनाउनका लागि संचालित संयुक्त जनआन्दोलनलाई पूर्ण सफल नबनाएसम्म संघर्षमा लागिरहने प्रण गर्दछु। साथै तमाम संघर्षमा होमिनुभएका साथीहरूलाई अझ सशक्तरूपमा आन्दोलनमा समाहित भई प्रतिगमनलाई पूर्ण परास्त गर्न अगाडि बढ्नका लागि अपिल गर्दछु। साथै पूर्ण प्रजातन्त्र प्राप्त नभएसम्म देशका तमाम जनजाति तथा पछाडिएका वर्गका आवाज तथा मागहरू उचित सुनुवाई र कदर नहुने हुनाले आजको माग प्रतिगमनको पूर्ण अन्त्य र प्रजातन्त्र प्राप्ति हो। यसै सन्दर्भमा म संघर्षरत राजनैतिक पार्टीहरूले अगाडि सारेका १८ बुँदे प्रस्तावलाई सम्झौतारहित रूपमा पूरा गर्ने दिशामा अगाडि बढ्न समेत आग्रह गर्दछु।

# मेरो सम्झनामा कमरेड आश्रित

## ' युवराज ज्ञवाली

२०५० साल जेठ ३ गते दाङ जिल्लाको पार्टी अफिसमा पार्टी कामको बारेमा त्यहाँका कमरेडहरूसँग कुराकानी गर्दै थिएँ। काठमाडौं केन्द्रीय कार्यालयबाट अचानक फोन आयो-"कमरेड मदन भण्डारी र जीवराज 'आश्रित' चढेको जीप दुर्घटनामा परी त्रिशुली नदीमा खस्यो। उहाँहरू अहिलेसम्म भेटिनुभएको छैन।" यो समाचारले हामी अत्यन्त मर्माहत भयौं। मेरो मनमा अत्यन्त चिन्ता र छटपटी शुरू भयो। अर्को दिन हामी एउटा बस रिजर्भ गरेर काठमाडौं आयौं। कमरेड आश्रितको मृत शरीर भेटिएको तर कमरेड मदन भण्डारीको शरीर फेला पर्न नसकेको खबर आयो। मनभित्रको पीडा झनै थपियो। निद्रा र भोक सबै हरायो। पछि दुवै जनाको शव काठमाडौं ल्याएपछि लाखौं जनताले उहाँहरूप्रति श्रद्धाञ्जली अर्पण गरे। शवयात्रामा अपार जनसागर उर्लियो, पशुपति आर्यघाटमा, हेर्दा-हेर्दै दुवै नेताको मृत शरीर खरानीमा परिणत भयो, उहाँहरूले सदा-सदाको लागि हामीबाट बिदा लिनुभयो।

मैले ०२८ सालतिर तानसेन त्रिभुवन कलेजमा अध्ययन गर्दा कमरेड विदुरको नाम, पाल्पामै भूमिगत रूपले पार्टी काम गर्ने कमरेडहरूबाट थाहा पाएको थिएँ। हामी तानसेनमा अध्ययन गर्दै पार्टी काम, त्यसमा पनि प्रमुखरूपले विद्यार्थी क्षेत्रको काममा सक्रियतापूर्वक लागेका थियौं। कमरेड विदुर भूमिगतरूपमा लुम्बिनी अञ्चलमै काम गर्नुहुन्थ्यो। उहाँको जिम्मा अर्घाखाँचीतिर भएकोले, उतैबाट तराइ झर्ने र बनारसतिर आउने-जाने भएकोले उहाँ तानसेनतिर अलि कममात्रामै आउनुहुन्थ्यो। एकपटक हाम्रो डेरा, जहाँ अर्को कोठामा भूमिगत पार्टी कार्यालय थियो, साँझपख झुलुक्क मैले भेटेको थिएँ। कमरेड विदुरसँगको त्यो पहिलो भेट थियो। त्यसबेला कमरेड जीवराज "आश्रित' को भूमिगत नाम विदुर थियो। सुन्दर र हँसिलो त्यो चेहरासँग पछि लामो समयसम्म मेरो भेटघाट हुन सकेन। एकैचोटी ०३३ सालमा घरबाट स्कूल जाँदै गर्दा बाटोमा भेट भयो। पछि भेटौंला भन्ने थोरै कुरा गरेर अर्को साथीसँग उहाँ अघि बढ्नुभयो।

०३३ सालमै राघवेश ज्ञवालीले मसँग भेट गरे। तानसेनमा पढ्दा हामीले उनलाई पनि विद्यार्थी क्षेत्रमार्फत् पार्टी काममा सामेल गरेका थियौं। राम्रै परिचय भएको कारणले उनले मसँग अलि खुलस्तरूपमा राजनीतिक कुराहरू राखे। उनी काठमाडौंमा अध्ययन गर्दागर्दै को.के. मा सामेल भइसकेका रहेछन्। मैले आफैं उनलाई शुरूमा कम्युनिष्ट राजनीतिमा लाग्न प्रेरित गरेको हुनाले पनि कुरा हार्दिकतापूर्वक भयो। तर उनका कैयौं कुराप्रति मेरो गम्भीर असहमति रह्यो। त्यसको केही समयपछि कमरेड सिद्धिनाथ ज्ञवाली गुल्मी भट्कुवा मेरो घरमा आएर को.के.मा सामेल हुनुपर्ने राय व्यक्त गर्नुभयो। उहाँसँग पनि धेरै कुरामा छलफल भएपछि क. विदुरलाई पठाइदिन्छु र उहाँसँगै विस्तृत कुरा गर्नुहोला भनेर केही दस्तावेज दिएर सिद्धिनाथ हाम्रो घरबाट बिदा हुनुभयो। ०३४ सालको शुरूतिर एकदिन कमरेड जीवराज आश्रित, रिडी बजार नजिकै रहेको हाम्रो खेतको घरमा टुपुक्क आइपुग्नुभयो। "सिद्धिनाथसँग भएको कुरा अनुसार तपाईंसँग भेट्न आएको हुँ। आज दिनभरी यहीं बसेर कुराकानी गरौं" कमरेड आश्रितले भन्नुभयो। दिननभरी राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थितिलगायत, हामीले काम गर्दै आएको नेकपा (पुष्पलाल समूह)का कमी-कमजोरी एवं को-अर्डिनेशन केन्द्रको सशस्त्र संघर्षसम्बन्धी लाइन तथा पुष्पलाल समूहबाट अलग भई मुक्ति मोर्चा समूह गठन गरिएको कुरा भयो। क. "आश्रित"ले उक्त समूह को.के.मा सामेल भइसकेको कुरा बताउनुभयो। तत्कालीन को.के.ले अपनाएका कतिपय नीतिबारे मैले असहमति व्यक्त गरें। उहाँले हामीलाई पनि चित्त नबुझेका कतिपय विषयहरू छन् तर सशस्त्र संघर्ष गर्ने अब त्यो मात्र एउटा समूह भएकोले क्रान्तिको लागि तमाम मतभेदलाई अन्तरपार्टी संघर्षको विधिबाट हल गर्ने गरी तपाईं, को.के.मा सामेल हुनुपर्छ भन्दै मलाई को.के.को पक्षमा लाग्न बढी नै प्रेरित

गर्नुभयो । दिनभरको छलफलपछि मैले सहमति जनाएँ र अरू दस्तावेजहरू पठाइदिन अनुरोध गरें । त्यसपछि म को.के.को मातहत रही सक्रियतापूर्वक काम गर्न थालें ।

०३५ साल फागुन २० र २१ गते गुल्मी भड्कुवाको हाम्रै घरमा क. जीवराज आश्रित, सिद्धिनाथ ज्ञवाली र देवेन्द्र घिमिरे ३ जनाको बीचमा तत्कालीन (माले)को गुल्मी-पाल्पा जिल्ला संगठन कमिटी गठन भयो । उक्त अवसरमा एकजना नयाँ कमरेड उपस्थित हुनुहुन्थ्यो । बैठक स्थगित भएको बेला क. जीवराज आश्रितले ती नयाँ कमरेडसँग मेरो राजनीतिक पृष्ठभूमिबारे परिचय गराउनुको साथै अघिल्लो भेटमा मैले 'आश्रित' कमरेडसँग राखेको जिज्ञासा र असहमतिका विषयबारे पुनः नयाँ कमरेडसँग छलफल भयो । पछि थाहा लाग्यो त्यो नयाँ कमरेड तत्कालीन महासचिव सी.पी. मैनाली हुनुहुँदोरहेछ । त्यसपछि गुल्मी-पाल्पामा तीव्ररूपमा नेकपा (माले)को काम अगाडि बढ्यो ।

त्यसपछि नियमितरूपमा मेरो 'आश्रित' कमरेडसँग भेटघाट र छलफल हुनथाल्यो । दाङ जिल्लामा पार्टी काम गर्दागर्दै, यता पुष्पलालको नेतृत्वमा संचालित आफ्नो पार्टीले ठूलो धक्का खाएपछि, केन्द्रसँग जिल्लाको सम्पर्क पूर्णरूपमा विच्छेद भएकोले मैले अब पढाउने काम गर्दै प्राइभेटरूपमै भएपनि एम.ए. परीक्षा उत्तीर्ण गर्ने र शिक्षण पेशा गर्दै राजनीतिक काम पनि जारी राख्ने सोचाइ बनाएको थिएँ । त्यसैले घरबाटै लामो बाटो हिंडेर स्कूल आउने-जाने गर्थें । त्यसबेला एम.ए.प्रथम वर्षको परीक्षा सकेर, दोस्रो बर्षको तयारीमा लागेको थिएँ । एकदिन कमरेड 'आश्रित' ले अत्यन्त गम्भीर भएर भन्नुभयो-"एम.ए. पास गरेर के गर्नुहुन्छ ? नेपाली क्रान्तिको लागि तपाईंजस्ता मानिसको ठूलो आवश्यकता छ । तपाईंको घरको अवस्था पनि अत्यन्त अप्ठ्यारो छ, त्यसैले केही समय नोकरी गर्दै पूर्णरूपले पार्टी काममा लाग्नुस् र जतिसक्यो छिटो भूमिगत हुनुस् । तपाईंजस्तो कमरेडप्रति पार्टीको ठूलो भरोसा छ । तपाईंले आफ्नो जीवन यत्तिकै खेर फाल्नुहुँदैन ।" यस्तै-यस्तै धेरै प्रेरणादायी कुरा उहाँले गर्नुभयो । दाङमा पार्टी सम्पर्क विच्छेद भएपछि मनमा अत्यन्त ठूलो पीडाबोध गर्दै शिक्षण पेशामा लागेको व्यक्तिलाई उहाँको प्रेरणाले निकै प्रोत्साहित गऱ्यो । त्यसपछि मेरो मनमा भयंकर ठूलो द्वन्द्व मच्चियो । सानैदेखि कम्युनिष्ट पार्टीलाई माया गर्दै र काम गर्दै आएको मान्छे भएकोले मैले अब डिग्री हासिल गर्ने र जागिर खाने कुरालाई लत्याउँदै जाने विचार बनाउन थालें । तर लागेको जागिर छाडेर यत्तिकै हिंड्नु त्यति सजिलो थिएन । त्यसपछि जागिर छाड्नको लागि मैले धेरै प्रयत्न गर्नुपऱ्यो । बीचैमा एम.ए.को परीक्षा पनि छाडिदिएँ । स्कूलको पिरियड बाहेक अरू सम्पूर्ण समय पार्टी काममै बिताउन थालें । कामको क्षेत्र र जिम्मेवारी बढ्दै गयो र मा.वि.को हेडमास्टरको जागिर छाडिदिएँ । म भूमिगत भएर हिंडेको केही महिनापछि क. आश्रितसँग भेट भयो । उहाँ अत्यन्त खुशी हुनुभयो । जागिर छाडेर हिंड्न सकेकोमा म पनि अत्यन्त प्रफुल्ल थिएँ ।

म ०३८ सालमा तत्कालीन नेकपा (माले) गुल्मी जिल्ला संगठन कमिटीको सचिव थिएँ । सचिवको हैसियतले पश्चिम-दक्षिण क्षेत्रीय कमिटीको पनि सदस्य भएकोले त्यतिबेलादेखि क. 'आश्रित' सँग एउटै कमिटीमा बसेर काम गर्ने मौका मिलेको थियो । क. आश्रित उक्त क्षेत्रीय कमिटीको सचिव हुनुहुन्थ्यो । नेमकिपा, मालेमा सामेल भएपछि डी.वी. सिंह सचिव र क. आश्रितलाई पार्टीले इन्चार्जको रूपमा तोकेको थियो । मालेमा सामेल भएको केही समयपछि नै डी.वी. सिंहभित्र ट्राटस्कीपन्थी विचार देखापऱ्यो । उनले टेक नाममा पार्टीविरोधी लेखहरू लेख्न थाले । पछि कमिटीमै छलफल भयो । कमिटीमा उनका अराजकतावादी विचारको विरूद्ध मैले पनि कडा प्रतिवाद गरें । बैठक सकिएपछि क. आश्रितले मलाई डी.वी. सिंहका गलत विचारको विरूद्धमा एउटा व्यवस्थित लेख तयार गर्ने सल्लाह दिनुभयो । त्यसपछि उहाँ काठमाडौं जानुभयो र निकै धेरै किताबहरू किनेर ल्याइदिनुभयो । केही समयको अध्ययनपश्चात् डी.वी. सिंहका विचारहरू ट्राटस्कीका विचारको प्रतिलिपीबाहेक केही होइनन् भन्ने विषयको एउटा लामो लेख तयार पारी क. आश्रितलाई दिएँ । उक्त लेख सुरेश शर्माको नामबाट छलफल साप्ताहिकमा दुई अंकमा प्रकाशित भयो ।

क. आश्रितले मलाई वैचारिक काममा अघि बढ्न सधैं प्रेरित गरिरहनुभयो । कुनै पनि नयाँ र महत्वपूर्ण किताब या पत्रिका पाएमा मलाई सम्झेर लाइदिनुहुन्थ्यो । दुईजना सँगै बसेको बेला विभिन्न वैचारिक विषयमा छलफल गर्ने र मसँग सुझाव लिनुहुन्थ्यो । आफूले जतिसुकै मन पराएको कार्यकर्ता भए पनि उसका कुनै पनि गल्ती-कमजोरीलाई उहाँले किञ्चित पनि छुट दिनुहुन्नथ्यो । एउटा कार्यकर्ता निर्माण गर्न उहाँले निकै कठीन मेहनेत गरेको देखिन्थ्यो । कार्यकर्ता भनेका पार्टीका मेरूदण्ड हुन् भन्ने कुरालाई उहाँले आत्मसात गर्नुभएको थियो ।

पाँचौं महाधिवेशनपछि क. 'आश्रित' संगठन विभाग प्रमुख हुनुभयो । त्यो बेलादेखि अहिलेसम्म म निरन्तर संगठन विभागको सदस्य रहिआएको छु । क. आश्रितले संगठनात्मक कामको योजना बनाउँदा जहिले पनि वस्तुगत स्थितिको ठोस विश्लेषणको आधारमा नै अगाडि बढ्नुपर्ने कुरामा जोड दिनुहुन्थ्यो । अति महत्वाकांक्षी र हावादारी योजनाको उहाँ विरोधी हुनुहुन्थ्यो । हरेक कार्यकर्ताका सकारात्मक पक्ष र कमजोर पक्षको यथार्थ मूल्यांकन गरेर मात्र कामको जिम्मा दिने, क्रमिकरूपमा अगाडि बढाउने, केही सकारात्मक पक्षमात्र हेरेर एकै चोटी ठूलो जिम्मा दिएर उसलाई असफल पार्नुभन्दा सानो जिम्मा दिएर विस्तारै ठूलो जिम्मा दिने तरिकाप्रति उहाँको प्रतिबद्धता थियो ।

कार्यकर्तालाई अत्यन्त माया गर्ने, उसलाई कसरी टिकाएर लैजाने भन्नेबारेमा अत्यन्त गम्भीरतासाथ सोच्ने उहाँको बानी थियो तर कहिल्यै पनि आफ्ना अन्धभक्त तयार गर्ने, उनीहरूसँग लविङ गर्ने, मन परेका कार्यकर्तालाई अनुचितरूपले अगाडि बढाउने काम गर्नुभएन ।

क. आश्रित कम्युनिष्ट पार्टीमा कठोर अनुशासनको दृढ पक्षपाती हुनुहुन्थ्यो । पार्टीभित्रको संगठनात्मक अनुशासनका कुरादेखि अन्य नैतिक, आर्थिक अनुशासनको कट्टर पक्षपाती र एउटा उदाहरणीय व्यक्तित्व हुनुहुन्थ्यो । इमान्दारिता एउटा कम्युनिष्टमा हुनैपर्ने न्यूनतम गुण हो भन्ने उहाँको मान्यता थियो । अथक परिश्रम, निरन्तरको अध्ययनशीलता जस्ता गुणले उहाँ एउटा असल कम्युनिष्ट भएको पुष्टी हुन्थ्यो ।

पार्टीभित्रका अन्तर्विरोधहरूलाई ठीक किसिमले हल गर्ने कुरामा पनि उहाँमा कुशलता देखिन्थ्यो । आफ्ना हरेक कुरालाई स्पष्टरूपले कमिटीमा राख्ने र निर्णय भएपछि त्यसलाई नि:सर्त लागु गर्ने कुरालाई क. आश्रितले आजीवन दृढतासाथ पछ्याइरहनुभयो । पार्टीभित्र देखापर्ने हरेक किसिमका अराजक र अनुशासनहीन प्रवृत्तिसँग निरन्तर कठोर संघर्ष गर्नुभयो । पार्टीभित्र लविङ गर्ने, गुटबन्दी गर्ने, पार्टी निर्णयविरूद्ध या त्यसभन्दा पृथक ढंगले लेख्दै र बोल्दै हिंड्ने गलत र निम्न पूँजीवादी प्रवृत्तिको विरूद्ध सधैंभरी कडा प्रतिवाद गर्नुभयो ।

मुलुकका विभिन्न ठाउँमा आपसमा छरिएर रहेका तमाम स-साना कम्युनिष्ट समूहलाई एकीकृत गर्नमा क. आश्रितको अत्यन्त ठूलो योगदान रहेको छ । मुक्तिमोर्चा समूहमा रहँदा क. आश्रित, क. मदन भण्डारीको नेता हुनुहुन्थ्यो तर पछि उहाँले मदनलाई सहजरूपमा आफ्नो नेता स्वीकार गर्नुभयो । आफू अरूभन्दा पदीय हिसाबले माथि भए पनि हरेकको योग्यता र क्षमताको सम्मान गर्ने उहाँको अर्को महत्वपूर्ण विशेषता थियो । पार्टीभित्रका हरेक गलत विचार र प्रवृत्तिको लागि उहाँ कठोर चट्टान हुनुहुन्थ्यो भने सकारात्मक पक्षप्रति फूलजस्तै नरम र कोमल । उहाँसँग लामो संगत भएकोले, कमजोर पक्ष पनि मलाई थाहा नभएको होइन तर राम्रा र सकारात्मक कुराको तुलनामा कमजोरीहरू अत्यन्त नगन्य थिए । साँच्चै भनौं भने व्यक्तिगतरूपमा उहाँलाई अन्जानमा ज्यादै थोरैमात्र गल्ती गर्ने अत्यन्त सीमित नेताको कोटीमा राख्न सकिन्छ ।

जेठ ३ गते, जननेता कमरेड मदन भण्डारी र जीवराज 'आश्रित' को षड्यन्त्रपूर्ण हत्या भएको दिन । उक्त हत्याले नेपालको कम्युनिष्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलनमा अपूरणीय क्षति पुऱ्यायो । उहाँहरूको योगदान र गुणहरूको सम्झना गर्दा केवल उहाँहरूप्रति ओंठेभक्ति देखाएर मात्र पुग्दैन । साँचै उहाँहरूको योगदानको कदर गर्ने हो र उहाँहरूले देखाएको बाटोमा निरन्तर अगाडि बढ्ने हो भने आफ्नो दैनिक जीवन, आचरण र कार्यशैलीमा सोहीअनुसार सुधार गर्न सक्नुपर्छ । उहाँहरूको विचार र सद्गुणहरूलाई हामीले आफ्नो व्यवहारमा अनुवाद गर्न सकेका छौं कि छैनौं ? नेकपा (एमाले)का हामी प्रत्येक नेता र कार्यकर्ताले आत्मसमीक्षा गरौं । मुलुक जुन किसिमको गम्भीर संकटमा फस्दैछ, नेपाली जनता जुन किसिमको पीडा र छटपटीमा बाँच्न विवस भएका छन्, यसबाट जनताको मुक्ति कसरी हुन्छ ? यो पार्टीलाई विघटन गराउने, अराजकता र अन्योलतामा फसाउने दिशातर्फ होइन कमरेड मदन र आश्रितको रगत र पसिनाद्वारा निर्मित नेकपा (एमाले)लाई अझ सुदृढ, अनुशासित र एकताबद्ध पार्टीको रूपमा कसरी अघि बढाउने यो बेला हामी सबैले चिन्ता गर्नुपर्ने विषय यही हो । यही नै उहाँहरूप्रतिको सच्चा श्रद्धाञ्जली ठहरिनेछ ।

# राष्ट्रले खोजेको राजनेता

**' राजेन्द्र गौतम**

'सिद्धान्त, संगठन र संघर्षको बीचमा द्वन्दात्मक सम्बन्धलाई स्थापित गर्ने, कायम राख्ने र विकास गर्दै जाने सवाल क्रान्तिकारी नेतृत्व विज्ञानको गुदी हो ।" पार्टी निर्माण र संचालनका सम्बन्धमा जननेता कमरेड मदन भण्डारीले अगाडि सार्नुभएको यो भनाइलाई नै मैले यो टिपोटको प्रारम्भमा उठाएको छु । कम्युनिष्ट पार्टीको सिद्धान्त, संगठन र संघर्षको बीचको द्वन्द्वात्मक सम्बन्धलाई हामीले ठीक ढंगले बुझ्न सकिरहेको छौ कि छैनौं ? अहिले जननेता मदन भण्डारीको हत्या भएको ११ वर्ष पूरा हुँदैछ । यसबीचमा अनेकौं राजनीतिक उतारचढावहरू भएका छन् । कमरेड मदनले नै मार्गदर्शन गरेको राजनीतिक लाइनमा टेकेर नेकपा (एमाले)ले सरकार संचालन गऱ्यो । यसबीचमा स्थानीय सरकार संचालन गर्ने ठूलो अवसर पनि हामीले पायौं । यसका अलावा राष्ट्र नै कम्पित हुने गरी वहश गरेर महाकाली सन्धि पारित गऱ्यौं । यसबीचमा पार्टी विभाजन जस्तो दु:खद पनि हामीले व्यहोर्नुपऱ्यो । तर केही समय पछि त्यो विभाजनलाई पुन: एकीकरणको प्रक्रियाद्वारा त्यसलाई मिलाउने काम पनि भयो । २०५८ असोज १८ गते राजाद्वारा जारी गरिएको असंवैधानिक शाही घोषणाका कारण नेपाल अधिराज्यको संविधान २०४७ ले प्रदत्त गरेका सबै जनअधिकार खोसिएका छन् । नेपाली जनतामा निहित सार्वभौमसत्ता खोसिएको छ । हामी पुन: त्यसैको प्राप्तिको निम्ति संघर्षका मैदानमा छौं । यो हाम्रो आजको नेपालको तस्वीर हो । त्यसैले मलाई लागिरहन्छ, जननेता मदन भण्डारी भएको भए के आज मुलुकको अवस्था यस्तै रहन्थ्यो होला ।

**काम, सम्प्रेषण र सन्देश**

एउटा राजनीतिक संगठनमा व्यक्तिको भूमिका गौण हुन्छ, सांगठानिक जीवनमा व्यक्ति संगठनको मातहत हुने हुँदा यसलाई गौण मान्नु स्वभाविक हो । म मदनलाई व्यक्ति होइन, विचार मान्दछु । जसले प्रकृति, जीवन र समाजको द्वन्द्वात्मक सत्य राजनीतिमा पनि लागू हुन्छ भनी प्रष्ट भन्नुभयो । जसले बहुलता र विविधता भएको वर्गीय समाजमा पार्टी र राजनीतिक संगठनहरूको बहुलता स्वभाविक हुन्छ भन्नुभयो । त्यसैले मदन भण्डारी जे काम गर्नुहुन्थ्यो त्यसको सन्देश स्पष्ट र पारदर्शीरूपमा जनतालाई सम्प्रेषण गर्नुहुन्थ्यो । पारदर्शी ढंगले म यो काम गर्दैछु र यसको यो सन्देश जान्छ र जानुपर्दछ भनी आफ्ना भनाइ, दृष्टिकोणहरू जनताका बीचमा जनताले बुझ्ने गरी सम्प्रेषण गर्नुहुन्थ्यो । आजका नेताहरूले यो कुरा मदन भण्डारीबाट सिक्न सक्नुपर्छ । जनतालाई राजनीतिक सन्देशको सम्प्रेषण ठीक ढंगले गर्नु पर्दछ ।

**यात्रा र गन्तव्य**

कमरेड मदन भण्डारी एक राजनीतिक कमाण्डरको हैसियतले पनि त्यतिकै सचेत हुनुहुन्थ्यो । जनता र क्रान्तिको स्वार्थलाई सर्वोपरी महत्व दिएर आफ्ना कार्यकर्ताका सम्बन्धमा, आफ्नो यात्राका सम्बन्धमा र हाम्रो आन्दोलनको गन्तव्यका सम्बन्धमा साञ्है प्रष्ट हुनुहुन्थ्यो । वहाँमा कहिल्यै अन्यौल देखिएन । वहाँमा कहिल्यै द्विविधा रहेन । वहाँले जहिले पनि आफ्नो पार्टी, देश र जनताको अगुवाई गरिरहनुभयो । एउटा नेता द्विविधाविहीनरूपमा आफ्नो गन्तव्यका बारेमा स्पष्ट हुनु जरूरी छ । र, अरूलाई पनि स्पष्ट पार्ने हैसियत र क्षमता हुनु पनि जरूरी छ ।

**आत्मविश्वास र संयोजन**

मदन भण्डारी साञ्है आत्मविश्वासी हुनुहुन्थ्यो । कुनै पनि नयाँ विषयमा निर्णय लिनुपर्‍यो भने त्यसको गहिरो विश्लेषण गर्ने, राजनैतिक र सैद्धान्तिक ढंगले त्यसको चिरफार गर्ने, आफ्ना विचार र मतप्रति पूर्णतः जवाफदेही बोक्ने र गुणदोषको भागिदार बन्ने गर्नुहुन्थ्यो । त्यही आत्मविश्वासका कारण वहाँले पार्टीलाई पनि ठीक ढंगले संयोजन गर्नुभएको थियो । वहाँको व्यक्तित्व र क्षमताका कारण सबै नेताहरू वहाँको वरिपरि गोलबन्द हुने गर्दथे । पार्टीको संयोजन र संचालन ठीक ढंगले भएको थियो । वहाँको व्यक्तित्वको अगाडि सबैजना नतमस्तक हुने गर्दथे ।

कमरेड भण्डारी राष्ट्रिय समस्यासँग एकपछि अर्को गर्दै जुध्दै  चुनौतीविहीन ढंगले अगाडि बढिरहेको अवस्था थियो । वहाँकै अगुवाईमा गणेशमान सिंहजस्ता राजनीतिक हस्तीसँग पनि राष्ट्रिय सहमतिको वातावरण बनिरहेको अवस्था थियो । यस घटनाले राष्ट्रिय सहमतिको वातावरण बनिरहेको अवस्था थियो । यस घटनाले राष्ट्रिय एजेण्डाहरू तय गर्न मदन भण्डारीको अग्रसरता देखिन्थ्यो । समयमा परिस्थितिको गम्भीरतालाई बुझ्ने र त्यसैअनुरूप पार्टी, देश र जनतालाई एउटा कार्ययोजनासहित अगाडि दोहोर्‍याउनुहुन्थ्यो ।

**राष्ट्रले खोजेको राजनेता**

वैचारिक विविधताभित्र एकता र संघर्ष कार्यनीति अख्तियार गर्दै मुलुकको अग्रगतिका निम्ति समर्पित राजनेता मदन भण्डारीको अभाव अहिले पनि त्यत्तिकै छ । राजनीतिक यात्रा र संकटको मोचन गर्दाको निम्ति, आफ्नो गन्तव्यको स्पष्टताका लागि, राजनीति र दर्शनजस्ता निरस विषयलाई जनजीब्रो र जनशैलीका भाषामा सम्प्रेषण गर्नका निम्ति जनताले अहिले पनि मदन भण्डारीलाई खोजिरहन्छन्, देशले खोजिरहेको छ । विचारको विविधतालाई राष्ट्रिय सहमतिमार्फत् एकताबद्ध पारी राष्ट्रिय एजेण्डा तय गर्न र समतामूलक समाज व्यवस्थाको निर्माणका निम्ति आज पनि देशले मदन भण्डारीको खोजिगरिरहेको छ । जनताको पत्यारिलो, आस्था र विश्वासको केन्द्र बनेको भण्डारी समयको हाँकलाई बुझ्न सक्ने एक दूरदर्शी, भविष्यवेत्ता राजनेता हुनुहुन्थ्यो । मलाई लाग्छ आज जननेता मदन भण्डारी भएको भए देशले अनिर्णयको बन्दी भएर बस्नुपर्ने थिएन ।

# पहिलो पटक कम्युनिष्ट नै बन्नुपर्दछ भन्ने अठोट गरें

## ' वामदेव गौतम

घटना ४९ बर्ष पहिलेको हो-कुनै पनि व्यक्तिका जीवनमा ४९ बर्ष पहिले घटेका घटनाहरू वर्तमानमा जस्ताको तस्तै भने स्मृतिमा नआउन सक्छन । म अहिले ५६ बर्ष पूरा भइरहेको छु । त्यतिबेला म जम्मा ७ बर्षको थिएँ । मेरो परिवारको धार्मिक परम्पराअनुसार छोरा ८ वर्षमा लागेपछि मात्र ब्रतबन्ध (उपनयन) गर्नुपर्दथ्यो । तर मेरा बा, आमा र आफन्तहरूले पण्डितहरूसित सल्लाह गरेर आमाको गर्भधारणपछिको समयलाई म जन्मेपछिको ७ बर्षमा जोडेर ८ बर्ष पुगेको ठहर गरेछन् र ७ बर्षमै ब्रतबन्ध गरिदिए । घटना ब्रतबन्ध गरेकै बर्षमा भएको हुनाले मेरो सम्झनामा मेरो ब्रतबन्ध पनि उल्लेख गर्नुपर्‍यो ।

घटनाका बारेमा लेख्न लागेको हुनाले पछि उल्लेख हुने नै छ । त्योभन्दा पहिले मेरा सन्दर्भका अरू कुरा उल्लेख गर्नु उपयुक्त ठान्दछु । म २००५ साल असार २८ गते प्यूठान जिल्लाको दाँखा कुवाडी भन्ने ठाउँमा जन्मेको हुँ । मेरा बा'को नाम कविराम उपाध्याय गौतम हो । मेरी आमाको नाम पद्मादेवी उपाध्याय गौतम हो । मेरा बा ८३ वर्षको उमेरमा २०४५ सालमा बित्नुभयो, मेरी आमा अहिले पनि मसितै हुनुहुन्छ । म जन्मिंदा र जान्ने हुँदासम्म परिवार सानो र सम्पन्न थियो । मेरा बाजे (हजुरबा)का पालासम्म त्यस ठाउँमा उहाँको परिवार ठूलै सामन्त वर्गमा पर्दथ्यो । बाजेले लिनुभएको नाकाको ठेक्कामा दुर्घटनाका कारण उहाँको सम्पत्तिको ठूलै हिस्सा सरकारले हरण गर्‍यो । त्यसपछि मेरा बाहरू छुट्टिनुभयो । तर पनि उहाँहरूको आर्थिक हैसियत धनी किसान वर्गमा थियो । धनी किसान वर्गको हैसियत भएका बखत परिवारमा जेठो छोराका रूपमा मैले जन्म लिएँ । पछि सबै किसिमको खर्च बढ्दै गएको र जमिनको परम्परागत उत्पादन भन्दा अरू आयश्रोत नभएका कारण परिवारको आर्थिक हैसियत घट्दै गयो र सामाजिक हैसियतमा पनि कमी आउन थाल्यो । हाम्रो परिवार मध्यम किसान वर्गमा झर्‍यो । म त्यही परिवारमा हुर्कें ।

जनप्रिय बडाहाकिम प्रतिमानचन्द्र बोहराको सक्रियतामा स्थापना गरिएको मुक्ति मिडिल स्कुल रातामाटामा मेरो पढाई ५ बर्षको उमेरदेखि सुरू भयो । त्यो स्कूलमा मेरा साना बा टीकादत्त पन्तले पढाउनुहुन्थ्यो । मेरी सानीआमाले त्यहीँ पढ्नु पनि हुन्थ्यो । मेरो पढाईमा उहाँहरूले मार्गदिशा गर्नुभएको थियो । मेरो जन्मठाउँ झिम्रुक नदीको सानो रमणीय र अत्यन्त उर्वरा उपत्यकाका रूपमा अवस्थित छ । त्यसबेला त्यो सम्पूर्ण इलाकामा ३ वटा पार्टीको चहलपहल व्यापक थियो । नेपाली कांग्रेस, गोर्खा परिषद् र नेपाल कम्युनिष्ट पार्टीको आफ्नो कार्यक्षेत्रका रूपमा त्यस ठाउँलाई विकास गर्न खोजेका थिए । मेरो गाउँ दाखाक्वाडी गोर्खा परिषद्को व्यापक प्रभावमा परेको थियो । त्यहाँका दुई ठूला सामन्तहरू भीमबहादुर विष्ट र टंकेश्वर शर्मा गोर्खा परिषद्मा लागेका थिए । तर मेरा बा नेपाली कांग्रेसको प्रभावमा हुनुहुन्थ्यो । सायद मेरो मामा अनिरूद्ध शर्मा नेपाली कांग्रेसको नेता नभएको भए मेरो बा कांग्रेस बन्नुहुने थिएन । मेरो गाउँदेखि आधी घण्टा टाढा पर्ने पून्यखोला मेरो मावली र त्यहाँ नेपाली कांग्रेसको व्यापक प्रभाव थियो । त्यो भन्दा पूर्वतिर कम्युनिष्ट नेता मोहनविक्रमको प्रभाव क्षेत्र थियो । म जान्ने हुँदा हरेक दिन साना ठूला जुलुस र सभाहरू देखिरहन्थें ।

गोर्खा परिषद्बाहेकका नेताहरू पक्राउ परिरहन्थे र उनीहरूलाई धेरैजसो सल्यानको जेलमा पुऱ्याइन्थ्यो । नेताहरू जेलबाट छुटेर आउँदा हाम्रो गाउँबाट नेताका पक्षमा जुलुस निस्कन्थ्यो । सबभन्दा अगाडि रातो अविर र माला लगाएका नेता हुन्थे, उनको पछाडि पछाडि उनका अनुयायी हिंडेका देखिन्थे । त्यसबेला इन्क्लाव-जिन्दावाद भन्ने नारा धेरै लाग्दथ्यो । त्यहाँ धेरैजसो कांग्रेसकै जुलुस हुन्थे । उनीहरूले नेताको नामको अगाडि वीर थपेर जिन्दावादको नारा दोहोऱ्याउँथे । मानिसहरू मेरा मामा अनिरूद्र शर्मालाई नेपाली कांग्रेसका सबभन्दा ठूलो त्यागी नेता मान्दथे । मामाको पक्षमा जुलुस निस्कँदा नारा नलगाए पनि म जुलुसको पछि-पछि केही टाढासम्म जाने गर्थें । त्यस ठाउँका गोर्खेहरूले कांग्रेसीहरूको जुलुस निस्किएपछि गिज्याउने गर्थे । मेरो गाउँमा एकजनामात्र कांग्रेसका कार्यकर्ता कुलबहादुर पोखरेल (त्यहाँ गाउँका मानिसहरू कुम्भे भनेर पनि भन्दथे) थिए । मेरा मामा धेरैजसो उनकै घरमा पस्ने गर्नुहुन्थ्यो । मुक्ति मिडिल स्कूलमा शिक्षक र विद्यार्थीहरू सबै कि कांग्रेस कि कम्युनिष्ट थिए । गोर्खा परिषद्को नामोनिशान थिएन । अंग्रेजी शिक्षालाई गोर्खेहरू गाईखाने विद्या भन्थे र आफ्ना छोराछोरीलाई त्यहाँ पढ्न पढाउनु हुन्न भन्दथे । कहिलेकाहीं स्कूलमा सांस्कृतिक कार्यक्रम हुन्थ्यो । गोर्खा परिषद्का मानिसहरूले शुरूशुरूमा वडाहाकिम प्रतिमानलाई नेपाली कांग्रेसको नेता भन्दथे, पछि कम्युनिष्ट नै भन्न थालेका थिए । स्कूलमा पढ्दापढ्दै १ कक्षा मैले कहिले पास गरें सम्झना छैन । मेरो पनि पढाइमा भन्दा भौंतारिने, स्कूल छोडेर नदीमा पौडी खेल्न जाने, घरमा आएर ढाँटिदिने जस्ता क्रियाकलाप नियमित हुन थाले । त्यसबेला शिक्षालाई ज्योतिसित तुलना गरिन्थ्यो र छोराछोरीलाई शिक्षा दिन स्कूल पठाउने अभियान चलेको थियो । केटाकेटीलाई पढ्ने वातावरण मेरो घरमा भन्दा मेरो मावलीमा धेरै राम्रो थियो । त्यो बुझेर होला मेरी आमाले मावली बोई (हजुरआमा)सित सल्लाह गरेर मलाई पढ्नका निम्ति मावलीमा पठाउनुभयो । मावलीमा म धेरै खुसी हुन्थें । मलाई बोईले धेरै माया गर्नुहुन्थ्यो । म बोईलाई सम्झँदा पनि धेरै खुसी हुन्थें । तर ठूला मामा (नेता मामा) अनिरूद्रसित सबभन्दा बढी डराउँथें । मामाको नाम लिएर घरमा कसैले खबरदारी गरिदियो भने म रूँदारूँदै रून बन्द गर्थें, हाँस्दाहाँस्दै हाँस्न बन्द गर्थें, दौडदा दौडदै दौडन बन्द गर्थें । मलाई किन त्यस्तो हुन्थ्यो मलाई थाहा थिएन । मामाले मलाई गाली गरेको, पिटेको अथवा डराउन दिएको मलाई थाहा छैन । तर पनि म डराउँथें । म ठूलो हुँदै गएँ, मेरा निम्ति मेरा मामा आदर्श व्यक्ति र मेरो डरको प्रतिमूर्ति मेरा बा बन्नुभयो । मैले मेरा बाबाट कतिपय गल्ती गरेको कारण धेरै पिटाई र हप्कीदप्की खाएको छु । घरमा भन्दा मावलीमा मलाई खुसी लाग्नुको एउटा महत्वपूर्ण कारण मेरा बा हुनुहुन्थ्यो ।

२०११ सालतिर मेरो मावलीगाउँ औंनाखोलादेखि १५ मिनेट टाढा पर्ने बाग्दूला भन्ने ठाउँमा रहेको आधार पाठशालाको दुई कक्षामा म भर्ना भएँ । त्यसबेला पाठशालामा सायद ४ कक्षासम्म पढाइ हुन्थ्यो । मेरी कान्छी सानिमा, ममाको छोरा दाइ, अरू मामाहरू, सानीमाहरू, धेरै नजिकका मेरै उमेरका नातेदारहरूले पनि त्यस स्कुलमा अध्ययन गर्दथे । त्यसबेला कक्षामा म मध्यम खालको विद्यार्थी थिएँ । कक्षामा म अगुवा पनि थिइनँ र पछुवा पनि भइनँ । स्कुले जीवनभरी त्यो स्तर कायमै रह्यो । मलाई स्कूलमा मेरा नातेदारहरू सबैले माया गर्दथे । त्यहाँ बसेर स्कुलमा पढ्दासम्म खुसी खुसीमा दिनहरू बित्दै गए । मेरो घर गाउँमा गोर्खा परिषद्को बोलावाला, कांग्रेस-कम्युनिष्ट अल्पमतमा, मेरा मावली गाउँमा नेपाली कांग्रेसको बोलावाला, कम्युनिष्ट र गोर्खे अल्पमतमा । तर अहिले मैले पढ्न थालेको आधार पाठशालामा के भएर हो कम्युनिष्टको बोलावाला, कांग्रेस अल्पमतमा र गोर्खेको निशाना पनि थिएन । पाठशालामा शुक्रवार आधा समयमात्र पढाई हुन्थ्यो र आधा समय विद्यार्थीहरूको पहलकदमीमा वादविवाद, सांस्कृतिक कार्यक्रम र खेलकुद हुने गर्दथ्यो । कहिलेकाहीं त्यहाँ विद्यार्थीहरूको जुलुस निस्कन्थ्यो र इन्क्लावका नारा गुन्जन्थे । तर त्यहाँ झण्डा पनि कम्युनिष्ट पार्टीका, नारा पनि कम्युनिष्ट पार्टीकै हुने गर्दथे । कांग्रेस समर्थक विद्यार्थीहरू लुसुक्क निस्केर भागिसकेका हुन्थे । त्यसरी सुटुक्क निस्केर जानेहरूमा मेरी सानिमा, मामाका छोरा दाइ पनि पर्नुहुन्थ्यो । मलाई भने जुलुसमा झण्डा समाएर हिंड्न, खेलकुदमा भाग लिन र सांस्कृतिक कार्यक्रमहरू हेर्न मन लाग्दथ्यो । मेरो मामाकी करिब ३ पुस्ता परकी सानिमा पुतला, आफ्नै कान्छा बाजेका छोरा पूर्णप्रसाद अनि गाउँकै गोविन्द नाम गरेका एकजना विद्यार्थीहरू कम्युनिष्ट पार्टीको झण्डा समाएर जुलुसमा हिंडेको देखेपछि म पनि जुलुसमा हिंड्न थालें । मलाई १/२ पटक मेरी आफ्नै सनिमा र दाइले त्यस्ता कम्युनिष्टको जुलुसमा हिंड्नुहुन्न भनेर सचेत गराउनुभयो । हिंड्न किन नहुने भनेर मैले प्रश्न गरें भने केही भन्न सक्नुहुन्नथ्यो ।

एकदिन कम्युनिष्ट पार्टीका ठूला नेता मोहनविक्रमजी एउटा सांस्कृतिक टिम ल्याएर त्यहाँ आउनुभयो । दिउँसै जस्तो लाग्दछ स्टेज बनाएर नाचगान देखाउनुभयो । त्यहीं उहाँले थोरैबेर भाषण पनि गर्नुभयो । मोहनविक्रमजीले यति छिटो बोल्नुभयो कि मैले वाक्य नै बुझ्न सकिनँ । सबैले ताली बजाए तर मैले ताली बजाइनँ । सांस्कृतिक कार्यक्रममा मैले बुझेको र बिर्सनै नसकेको एउटा सामूहिक नाच र गीत "लेप् राइट, लेप राइट कदम बढाउ" भन्ने थियो । त्यसको केही दिनपछि शुक्रवारका दिन हापछुट्टी भयो, खाँटी कांग्रेसका छोराछोरीहरू लुसुक्क लागेर घरतिर गए, सांस्कृतिक कार्यक्रम छ भनेर, अरू विद्यार्थीहरू त्यहीं बसे । कान्छा बाजेका छोरा कान्छा मामा पूर्णप्रसादसित म पनि सांस्कृतिक कार्यक्रम हेर्ने भनेर त्यहीं बस्यौं । त्यसदिन सांस्कृतिक कार्यक्रमभन्दा पनि बाल कम्युनिष्ट पार्टीको इलाका सम्मेलन रहेछ । युवा कम्युनिष्ट लीगको जिल्लाका नेता खेमराज पण्डित हुनुहुँदोरहेछ । उहाँ त्यो सम्मेलनको प्रमुख संयोजक जस्तो हुनुहुन्थ्यो । त्यहाँ भाषण पनि भयो, वादविवाद पनि भयो र केही गीतहरू पनि गाइयो । अन्तिममा सम्मेलनबाट बालकम्युनिष्ट पार्टी इलाका कमिटीको नेताको घोषणा भयो । ती नेतालाई मैले पहिले कहिल्यै देखेको थिइनँ । तर एक किसिमको आकर्षण मैले महसुस गरें । उनी मेरो मावली गाउँ कांग्रेसको गढ भनिएको ठाउँकै थिए । ९/१० कक्षा कतिमा पढ्दै थिए, उनको नाम मैले पछि बिर्सें तर भट्ट थरका थिए । उनीप्रति भित्र दिलैदेखि मेरो सम्मान प्रकट भइरहेको थियो । मलाई आफैंले नेता चुनेजस्तो लागिरहेको थियो । त्यो सभामा म ज्यादै प्रफुल्ल भएको थिएँ । तर पनि सभामा मेरो भूमिका उपस्थिति जनाउनु भन्दा अरू केही थिएन । सभा विसर्जन भयो । धेरैले रातो अविर लगाइदिए नयाँ नेतालाई अनि सहभागीहरूलाई खेमराजजीले अविर लगाइदिनुभयो । तर मलाई अविर कसैले लगाइदिएन । त्यहाँ उनीहरूले मलाई अलग गरिरहेका थिए । उनीहरूले मलाई कांग्रेस परिवारको ठानेका थिए । त्यसो भएता पनि सभाबाट मलाई निश्कासन गरेका थिएनन् । अविर लगाउन नपाउँदा मलाई उनीहरूले अस्वीकार गरेका छन् भन्ने कता कता लाग्यो । मन खिन्न भयो र दुःखी पनि भएँ तर व्यक्त गर्न सकिनँ । कार्यक्रम सकेर घर फर्कदां झमक्क साँझ परिसकेको थियो ।

त्यो दिन २०११ साल चैत अथवा २०१२ साल बैसाखतिरको जस्तो लागिरहेछ । मावलीमा मलाई असाध्य माया गर्ने मेरी बोई ( हजुरआमा) हुनुहुन्थ्यो । साइँला मामा पनि हुनुहुन्थ्यो । ठूलो मामा अनिरूद्र शर्मा त्यसबेला घरमा हुनुहुन्थेन । म भन्दा उमेरले सानो कान्छा मामा पनि हुनुहुन्थ्यो । माइजू त्यसबेला एउटीमात्र हुनुहुन्थ्यो ठूली माइज्यू । स्कूलबाट कान्छी सानिमा र मामाका छोरा दाइ

म भन्दा धेरै पहिले घरमा पुगिसक्नुभएको थियो । सधैंभरी जस्तो त्यस दिन म घरमा पुग्दा वातावरण पहिले जस्तो थिएन । अँध्यारोले च्यापिरहेको थियो । भित्र टुकी र बाहिर लाल्टिन बालिसकिएको थियो । पुरानो किसिमको घरमा पश्चिमपट्टि पाली थियो र पिंढीमा उक्लँदाविक्तिकै साइँली सानिमाले मलाई खवरदारी गर्नुभयो । म रोकिएँ । साइँली सानिमा मैले ज्यादै सम्मान गर्ने व्यक्ति, उहाँको बोली सुन्नासाथ म ज्यादै खुसी भएँ । तर त्यो खुसी एकछिन पनि टिक्न सकेन । उहाँले मेरो कान समाउनुभयो र दिनभर कम्युनिष्टको सभामा किन बसेको भनेर गम्भीर र आदेशात्मक प्रश्न राख्नुभयो । मैले कुनै जवाफ दिन सकिनँ । मलाई के महसुस भयो भने दिउँसो अर्की सानिमा र दाइले मेरोबारेमा पोल लगाइदिइसक्नु भएको छ । दिउँसो मलाई त्यो सभामा बसेकोमा त्यति धेरै गम्भीर समस्या वन्ला भन्ने लागेकै थिएन । लागेको भए सायद म नवस्न पनि सक्ने थिएँ । यत्तिकैमा सानिमाले मलाई दुई चड्कन गालामा लगाइदिनुभयो । तैपनि म बोलिनँ, तर मलाई भित्रभित्रै सानिमा र मावलीका अरू सवै सम्मानित व्यक्तित्वहरूलाई चोट पुग्ने व्यवहार गरेकोमा कता कता दुःख लाग्न थालेको थियो । त्यसपछि सानिमाले अव त्यस्तो गलत काम गर्छस् कि गर्दैनस् भनेर अर्को प्रश्न राख्नुभयो तर म बोलिनँ । त्यसबेला मलाई उहाँको प्रश्नभन्दा बढी पिटाइको चिन्ता हुन लागेको थियो । मेरो मावली परिवार कांग्रेस भएकोमा र त्यसमा पनि मेरो आफ्नै मामा कांग्रेसको जिल्लाकै प्रमुख नेता भएकोमा ठूलै गौरव गरिन्थ्यो । त्यसबेला कांग्रेसले नराम्रो गरेको पनि थिएन, उसले राणाशाही शासनलाई उल्टाइदिएको थियो, जनतालाई बोल्ने, लेख्ने र भाषण गर्ने स्वतन्त्रता ल्याइदिएको थियो, बाहुनहरूले हलो जोत्ने, सामाजिक सुधारको काम गरेको थियो, छुवाछुत, उँचनीच गर्नु हुन्न भनेर सामाजिक चेतना जगाउन थालेको थियो, ठाउँ ठाउँमा स्कूलहरू खोलेर छोराका सरह छोरीलाई पढाउने अभियान पनि चलाइएको थियो । त्यसवेला कांग्रेसले ठूला साहु वदमासहरूको विरोध गर्दथ्यो । झण्डै झण्डै कम्युनिष्टको वरावरीको सामाजिक सुधारमा लागिरहेको थियो । मामालाई भेट्न कांग्रेस मात्र होइन कम्युनिष्ट नेता मोहन विक्रमले पनि भेटेर लामो छलफल गरेको सवैले देखेका थिए । मेरो मावली परिवारले व्यापक जनताबाट सामाजिक सुधारका साथै क्रान्तिकारी सम्मान पनि पाइरहेको थियो । त्यस्तो परिवारमा सदस्य भएर रहेको मैले कम्युनिष्ट पार्टीको कार्यक्रममा भाग लिनु भनेको एउटा ठूलो विद्रोह ठान्नु भयो र त्यसलाई समाप्त गर्न मलाई कारवाही गर्न थाल्नुभयो । म सात वर्षको अवोध बालक कम्युनिष्टको विरोधमा मैले बुझेको पनि थिइन । कम्युनिष्ट नै वन्नु पर्दछ भनेर समर्पणको भावना पनि ममा त्यतिवेला आइसकेको थिएन । तर आधार पाठशालामा पढ्न थालेदेखि किन हो किन कम्युनिष्ट नेता, कम्युनिष्टका कार्यकर्ता, कम्युनिष्टको जुलुश, कम्युनिष्टको सभा, कम्युनिष्टको नाच मन पर्न थालेका थिए । सानिमाले मलाई सोधीरहनु भएको थियो सभामा, किन गइस् अव जान्छस्की जान्नस् ? म वोल्न सकिरहेको थिइन । त्यस पछि सानिमाले मेरा साना हातहरू पछाडि लगेर नजिकै रहेको एउटा रस्सीले बाँधी दिनु भयो । त्यसपछि म बेस्सरी चिच्याएर रून थाले, भूइँमा पल्टीएर खुट्टा बजार्न थाले, मेरो त्यो अवस्था देखेर कान्छा बाजेका घरबाट पनि देखिइ रहेको थियो तर मलाई सहयोग गर्न कोही आएन, कान्छी सानिमा र दाई कता लुकिसक्नु भएको थियो । वहाँहरूले कुरा लगाएर त्यस्तो भएकोमा सायद वहाँहरूलाई दुःख लागिरहेको थियो, मेरी मायालु वोइ म रोएको सुने पछि भान्साबाट दौडेर बाहिर आउनु भयो मलाई भुँईबाट उठाएर काखमा लिनु भयो रस्सी खोलिदिनु भयो र मेरो आँसु पुछिदिनु भयो । त्यस वेला मैले यति धेरै पिडा र अपमान महसुस गरे कि मेरो रूवाइ पनि वन्द भएन र आँसु पनि वन्द भएन । वोइले मलाई फकाउन थाल्नु भयो र कारण पनि बुझ्नु भयो । हाम्रो परिवारमा वोइ दयालु, निश्पक्ष, ममतामयी, तरून्त न्याय दिन सक्ने न्यायमूर्ती हुनुहुन्थ्यो । वहाँले सानिमौ अगागि भनिदिनु भयो “सानिमाले साच्चिकै अन्याय गरिन् उनले सजाय पाउनु पर्छ । मेरो छोरा कांग्रेसको ठूलो नेता छ अव मेरो या सानो नाती कम्युनिष्ट पार्टीमा लाग्छ र मामा जस्तै ठूलो कम्युनिष्ट नेता बन्छ ।” सानिमा चुप लाग्नु भयो । वोइले मलाई उठाएर डोऱ्याउँदै भित्र लैजानु भयो । खाना खाइसके पछि वहाँले मलाई कोठामा सुल लैजानु भयो । टुकीको मधुरो उज्यालोमा विस्तारामा म पल्टीए र सोच्न थालें कम्युनिष्ट पार्टीमा लाग्ने, आज दिउँस चुनिएको नेता जस्तै चुनिने, खेमराज पंडीतले जस्तै भाषण गर्ने, मोहनविक्रमसित संगै हिड्ने, सबै साना केटा केटीहरूलाई वाल कम्युनिष्ट पार्टीमा सामेल गर्ने, हसिया हतौडाको झण्डा बनाउने, जुलुशमा हिड्ने आदि आदि । सोच्दा सोच्दै म निदाए र मैले सपना देखे, म स्कूल जाँदा बाटोमा लुकेर आफूले लेख्ने गरेको कपिको एउटा पन्ना च्याते । त्यसैमा वेरें, वेल फुटाएर त्यसको चोपले झण्डा काठको झिंजामा टासे अनि बाटोमा निस्केर मैले झण्डा माथि उठाउँदै नारा लगाए इन्कलाव - जीन्दावद ! वाल कम्युनिष्ट पार्टी - जीन्दावाद ! मैले नारा लगाएको सुनेपछि अरू केही केटा केटीहरू मतिर नारा लगाउँदै आउँदै थिए त्यत्तिकैमा पछाडिबाट “बाबु भतिजा” भनेर बोलाएको आवाज आयो फर्केर हेर्दा त साहिंली सानिमा मेरो झण्डा खोस्न भनि म तिरै दौडिनु भएको छ । त्यो देखेर म झण्डा बोकेरै भाग्न थाले, भाग्दा भाग्दा एउटा ठूलो ढुंगा आयो म त्यसमा चढे सानिमा त्यसमा पनि चढ्न थाल्नु भयो । त्यसपछि म हात फैलाएर उड्न थाले, मेरो सानो झण्डा हावामा फरर फहरायो, उड्दा उड्दा म एउटा पहाडको टुप्पोमा पुगे । त्यहाँ पुगेर पनि नारा लगाउन शुरू गरें । त्यत्तिकैमा फेरि मलाई पहिले जस्तै गरी कसैले बोलायो, मैले भाग्ने विचार गर्दै थिए तर मेरो निन्द्रा खुल्यो नजिकै साहिली सानिमा बसेर मलाई उठाइरहनु भएको थियो । म उठें वहाँले मलाई काखमा लिनु भयो । मैले वहाँको काखमा शीर राखिदिएर सुक्क सुक्क रून थालें । हिजो रातीको मानसिक पीडा मेरो गएको थिएन, सानिमा नवोलिकन रूनु भयो । वहाँको तातो आँसु मेरो गालामा झऱ्यो । वहाँले आदेशात्मक भाषमा भन्नु भयो बाबु उठ, घाम लागिसक्यो, हातमुख धो, किताव कापी लिएर पढ्न जा, उ त्यहाँ सवै बसेर पढ्दै छन् । मेरि सानिमा असाध्य माया गर्ने हुनाले म माथि पुरा हक जनाउनु हुन्थ्यो । वहाँले नै मलाई अक्षर चिनाउनु भएको, विद्यार्थी बन्ने शीप शिकाउनु भएको, पढन शिकाउनु भएको र परिवारमा मर्यादा र माया गर्न सिकाउनु भएको मैले आदेशको पालना गरे ।

त्यस दिन देखि स्कूलमा मलाई कसैले पनि वाल कम्युनिष्ट पार्टीमा नलाग भनेर भनेन । अरू केही साथीहरूसित मिलेर कपीको पन्ना च्यातेर रातो रंगले रंग्याएर झण्डा बनाउने र बाटो घाटो जहाँतही गाड्ने, नारा लगाउने हिड्ने काम दिनहुँ जसो गर्न थालियो । तर घरमा मलाई राम्रो गरेको छौ भन्ने कोही भएन । दिन दिनैका त्यस्ता कामहरूबाट म आफ्नो मनमा कम्युनिष्ट नै बन्नु पर्दछ भन्ने अठोट गर्न थालें । त्यस पछिका दिनहरूमा धेरै उथल पुथल पूर्ण भए । म २ कक्षा पास गरेपछि मावलीबाट घर गएँ । पढाइ छुट्यो, भौतारिन थालियो, फेरि पढाइ शुरू भयो, अगाडि बढियो । मुलुकको राजनीतिक परिस्थिति पनि तिव्र गतिमा तल माथि भइरह्यो । संसद आयो, संसद गयो । २०१८ सालदेखि पून पढाइ शुरू भयो । २०२१ सालमा मैले पहिलो पटक कम्युनिष्ट पार्टीको सदस्यता वाग्लुङ्गबाट प्राप्त गरे । वाग्लुङ जिल्लाको भीमगिठे गा.प.को असोर भन्ने गाऊँमा प्राइमरी स्कूलको प्र.अ. भएका बखत

भीमगिठे गाऊँकै निम्न माध्यामिक स्कूलको प्र.अ. गोविन्द बहादुर के.के.बाट मैले पहिलो पटक कम्युनिष्ट पार्टीको संगठनात्मक शिक्षा प्राप्त गरें। गोविन्द के.के.को प्रस्तावमा नेकपाको वाग्लुङ जिल्ला कमिटीले मलाई पहिलो पटक पार्टीको सदस्यता प्रदान गर्‍यो। त्यसवखत पार्टी भूमीगत भएकाले सदस्यता कार्ड दिने चलन थिएन। यीनै कुराहरू मलाई के.के.ले त्यसैवेला बताउनु भएको हो। जीवनका अनेकौ मोडहरू, उकाली र ओरालीहरू धेरै धेरै छन्। ती सबै यहाँ एउटै स्मरणमा लेख्न पनि सकिन्न। यसपछिका मेरो जीवनमा घटेका विभिन्न घटनक्रमहरू फेरि फेरी अरू संस्मरणमा लेख्दै जाउला।

यो स्मरण सक्दा नसक्दै पाठकहरूमा केही जानकारी भने गराई हालौं की मैले सवभन्दा पहिले मानेको वाल कम्युनिष्ट पार्टीको स्थानीय नेता भट्टजी चुनिएको केही महिनापछि अचानक विरामी पर्नु भयो र विति पनि हाल्नु भयो। मलाई त्यो समाचारले ज्यादै दुखी बनायो। बाल कम्युनिष्ट पार्टीको जिल्लाको नेता खेमराज पंडीत अनेक उथल पुथल पछि अहिले राप्रपाको नेता हुनु भएको छ। पुतली सानिमा परिपक्व भए पछि कांग्रेस वुन्नुभयो र अहिले पनि कांग्रेसमा हुनुहुन्छ। मेरी कान्छी सानिमा योगमाय आस्थाले कांग्रेस भएरै पहिले वितिसक्नु भयो। मेरा मामा अनिरूद्ध १५ सालमा एम. पी. बन्नु भयो। लामो समय निर्वासित भए पछि पंचायत प्रवेश गर्नुभयो अहिले वृद्ध हुनु हुनछ। प्रजातन्त्रको पूनस्थापना पछि पून कांग्रेसमा हुनुहुन्छ। मेरो दाई कृष्णप्रसाद शर्मा पंडीत अहिले पनि नेपाली कांग्रेसको कार्यकर्ता हुनुहुन्छ। मलाई माया गर्ने साहिली सानिमा विद्यापति पन्त लामो समय शिक्षक बन्नु भयो। अहिले आत्म ज्ञान धार्मिक कार्यकर्ता हुनुहुन्छ। अहिले पनि म तपाईहरूकै साथमा छु। मैले धेरै पुराना घटनामा आधारित संस्मरण यति धेरै वर्ष पछि लेखेको छु। ४९ वर्ष अगाडिका घटनाक्रमहरू लाई सतप्रतिशत जस्ताको तस्तै स्मरण गरी उतार्न निकै गाह्यो विषय पनि हो। यस सन्दर्भमा यो स्मरणमा केही तलमाथि पनि भएका नहोलान भन्न सकिन्न। त्यसैले पाठक वृन्द्धहरूले त्यति पुरानो मेरो आफ्नो स्मरणका विषयहरू त्यही हिसावले बुझिदिनु हुनेछ। तर यी स्मरणहरू आधारभूत रूपमा यथार्थपरक नै हुन।

# जनआन्दोलन २०४६ को इतिहास

**' कियोको ओगुरा** (जापानी पत्रकार)

चैत २१ को मंगलबारको दिन काठमाडौं उपत्यकामा फैलेको एउटा हल्लाले आतंक मच्चायो। सो हल्लाको स्रोत एउटा सानो पर्चा थियो। त्यसमा लेखिएको थियो, 'नेपालीहरूले छद्म नाममा विदेशी ब्याङ्कमा राखेको पैसा झिकेर सरकारले त्यसलाई जनआन्दोलन दबाउने काममा प्रयोग गर्न लागेको छ। यसले गर्दा नेपालका ब्याङ्कहरू केही हप्तामै टाट पल्टनेछन्। त्यसैले आफूले खाईनखाई ब्याङ्कमा जम्मा गरेको पैसा जोगाउने हो भने त्यसलाई चाँडोभन्दा चाँडो झिक्न दाजुभाइ तथा दिदीबहिनीहरूसँग अनुरोध गर्दछौं।' परिस्थिति नै मानिसहरूले ठण्डा दिमागले सोच्न नसक्ने भएकोले बचतकर्ताहरूले धमाधम ब्याङ्कबाट पैसा झिक्न थाले। सरकारले रेडियो र टेलिभिजनमार्फत् उक्त हल्ला झूटो हो भनी जनतालाई आश्वस्त पार्ने प्रयास गर्‍यो, तर यसको परिणाम उल्टो निस्क्यो। सरकारप्रति आमजनताको विश्वास एकदमै छिटो हराउँदै गएको थियो। त्यो हल्ला साताको अन्त्यसम्मै चल्यो र त्यसले राष्ट्रको अर्थतन्त्र पूरै पङ्गु बनाइदियो। उक्त हल्ला जसले फिंजाएको थियो, सरकारको छवि बिगार्न त्यो हल्ला सफल भयो।

यति बेलासम्म आन्दोलनले सरकारी र अर्धसरकारी संस्थानका कर्मचारीहरूलाई पनि तान्न थालिसकेको थियो। २० चैतमा शाही नेपाल वायुसेवा निगमका इन्जिनीयरहरूले आफ्नो कार्यस्थलमै बसेर तीन घण्टा हड्ताल गरे। त्यसै दिनदेखि नै नेपाल आयल निगम, विमानस्थल शाखामा दैनिक आधादिने हड्ताल सुरू गरियो। चैत २१ गतेका दिन सरकारी अथवा सरकारसँग सम्बद्ध संस्थाका सबै कर्मचारीहरूलाई चैत २३ गतेको दिन राष्ट्रव्यापी दुईघण्टे कलम बन्द कार्यक्रममा सहभागी हुन आह्वान गरियो।

अन्य प्रभावशाली पेशागत संगठनहरूले पनि हड्ताल गर्ने निधो गरे। शाही नेपाल वायुसेवा निगमको आन्तरिक उडानका पाइलटहरूले चैत २२ गते आधा दिन हड्ताल गर्ने निधो गरे। त्यो निर्णय आन्तरिक उडानका बरिष्ठ पाइलट ३४ वर्षीय फिजुनाथ नेपालीको नेतृत्वमा चैत २१ गते साँझ अचानक गरिएको थियो र आफ्नै संस्थाका इन्जिनियरहरूले गरेको हड्तालबाट पनि प्रेरित थियो। धेरैजसो पाइटलहरू काठमाडौं उपत्यकामा हुने दिन पारेर हड्तालको दिन रोजिएको थियो। धेरै पाइटलहरू उपत्यकाबाहिर भएका खण्डमा हड्तालको समन्वय गर्न कठीन हुने थियो।

हड्ताल गर्ने निर्णय गरिसकेपछि फिजुनाथले त्यस दिन डयुटी नभएका आफ्ना साथी रवीन्द्र ढकाललाई सम्पर्क गरे अनि आन्तरिक उडानका सबै पाइलटहरूलाई फोन गर्न घर गए। यसअघि कहिल्यै नभएको हड्ताल हुनेवाला थियो। यो यस्तो खालको हड्ताल थियो जसमा संलग्न मानिसहरूको संख्या सानो भए पनि त्यसको प्रभाव भने ठूलो हुने थियो।

हड्ताल शान्तिपूर्ण थियो। त्यसमा प्रदर्शन गरिएन न त राजनैतिक नारा नै लगाइयो। यसमा नेपालको त्यसबेला रहेको एकमात्र विमानसेवा शाही नेपाल वायुसेवा निगमका पाइलटहरूले मात्र भाग लिएका थिए। काठमाडौं बाहिर रहेका पाइलटहरूलाई यो हड्तालबारे अघिल्लो रात खबर गरिएको थियो। उनीहरू बिहान ७ बजे त्रिभुवन विमानस्थलमा भेला भए र पत्रकार सम्मेलन गर्न आन्तरिक टर्मिनल भवनमा गए। उनीहरूले एउटा प्लेकार्ड मात्र बोकेका थिए जसमा लेखिएको थियो, 'हामी पाइटलहरू मानवअधिकार उल्लंघनको विरोध गर्दछौं।' हड्ताल गर्ने पाइलटहरू प्रायः सबै युवा थिए र उनीहरू सोझै राजनैतिक संलग्नता नदेखाउन सजग देखिन्थे।

पाइलटहरू हड्ताल गर्नका लागि टर्मिनल भवनबाट अन्तर्राष्ट्रिय उडानको एप्रोनतिर गए। पहिले मध्यान्हदेखि काम सुरू गर्ने उनीहरूको योजना भए पनि हड्ताल दिनभरका लागि लम्ब्याएमा अझ प्रभावकारी हुने ठानेर दिनभर हड्ताल गर्ने निधो गरे। आन्तरिक उडानहरू सबै रद्द भएका थिए र अन्तर्राष्ट्रिय उडानहरू पनि थोरैमात्र आउने-जाने गरिरहेका थिए। तीमध्येको एटउा चाहिँ दिल्लीबाट आएको शाही नेपाल वायुसेवा निगमको आर.ए. २०६ उडान थियो। त्यो विमान अवतरण गरेर टारम्याकमा हड्ताली पाइलटको अगाडि आएर रोकियो। पाइलटहरू ताली बजाउन थाले। त्यसैबेला उनीहरूले ककपिटको झ्यालमा केही कालो चीज देखे। त्यो पाइलटहरूको 'म्यानुअल' थियो। कालो किताब देखाएर त्यस उडानका पाइलटहरूले हड्तालप्रति समर्थनको संकेत

दिएको हड्ताली पाइलटहरूले बुझे । अन्तर्राष्ट्रिय उडानका बरिष्ठ पाइलटहरूले हड्ताललाई कसरी हेर्ने हुन् भन्ने विषयमा द्विविधमा रहेका कनिष्ट पाइलटहरूले उनीहरूको त्यस समर्थनको हार्दिकतासाथ स्वागत गरे ।

पाँच बजे पाइलटहरूले हड्ताल समाप्त गरे । त्यसअघि उनीहरूले एउटा वक्तव्य निकाले जसमा भनिएको थियो, 'हामी मानवअधिकार संरक्षणका लागि भएको आन्दोलनको समर्थन गर्दछौं ।' अन्तर्राष्ट्रिय उडानका केही पाइलट र प्रशासनिक कर्मचारीहरूले उनीहरूलाई हड्ताल जारी राख्न जोड गरेका थिए । तर यात्रुहरूलाई ज्यादा दुःख दिन् उनीहरूले उचित ठानेनन् । उनीहरूले भने, 'हामीले दिन चाहेको सन्देश दिइसक्यौं ।'

निश्चय नै यो निर्णय उनीहरूको पेशागत परिपक्वताको प्रमाण थियो । सम्पूर्ण नेपाली आकाशलाई विमानविहीन बनाउन यी ५५ जना पाइलटले गरेको त्यो काम नै पर्याप्त थियो ।

– *'जनता जागेको बेला'बाट*

# संसारकै गरीब देशः सबभन्दा धेरै सुविधा !

## ' सूर्य थापा

**वि** विश्वकै दोस्रो गरीब देश नेपालका राजाले एकमुष्ट राज्यकोषबाट लिने सुविधा रकम जनवादी गणतन्त्र चीनका राष्ट्रपतिको भन्दा २ हजार ४ सय २६ गुणा बढी, गणतन्त्र भारतका राष्ट्रपतिको भन्दा ३ सय १८ गुणा बढी, गणतन्त्र पाकिस्तानका राष्ट्रपतिको भन्दा ३ सय १ गुणा बढी, गणतन्त्र रूसका राष्टपतिको भन्दा १ सय ७३ गुणा बढी, गणतन्त्र फ्रान्सका राष्ट्रपतिको भन्दा ५७ गुणा बढी, बेलायतका प्रधानमन्त्री टोनी ब्लेयरको भन्दा १५ गुणा बढी र विश्वकै सबभन्दा सम्पन्न राष्ट्र अमेरिकाका राष्ट्रपतिको भन्दा १० गुणा तथा नेदरल्याण्ड र जापानका महारानी र राजाको भन्दा डेढ गुणा बढी रहेको देखिन आउँछ । यो रकम मौसुफलाई नेपाली जनताले दिएको वा स्वीकृत र अनुमोदन गरेको कदापी होइन । २०५९ जेठ ८ गते प्रतिनिधिसभाको विघटन भइसकेपछि मौसुफ स्वयंले आफ्ना लागि अध्यादेश जारी गरेर लिइबक्सेको रकमप्रति जनस्तरबाट भएको तिखो आलोचनापछि २८ करोड ९९ लाख २५ हजार रकम घटाएर मौसुफद्वारा मनोनीत सरकारले विनियोजन गरी यसबर्ष कायम भएको सुविधा हो यो ।

नेदरल्याण्डका नागरिकहरूको औसत प्रतिव्यक्ति आय १७ लाख २५ हजार १ सय २० रूपैयाँ छ, त्यहाँकी ६३ वर्षीया महारानी बेट्रीक्सले बर्षेनी २२ करोड ३२ लाख रूपैयाँ राज्यकोषबाट बुझ्ने गर्छिन् । यसरी औसत प्रतिव्यक्ति आयभन्दा महारानीको सुविधा १ सय ३० गुणा धेरै छ ।

विश्वकै सबैभन्दा धनी देश अमेरिकाका राष्ट्रपति जर्ज डब्लु बुसको बार्षिक तलव ३ करोड २४ लाख रूपैयाँ हुन आउँछ । त्यसमा पनि उनले १ करोड १५ लाख २० हजार अर्थात् आम्दानीको ४० प्रतिशत रकम कर तिर्नुपर्छ र ३६ लाख रूपैयाँमात्र राष्ट्रपतिले कर नतिर्नुपर्ने गरी पाउँछन् । अमेरिकाको प्रतिव्यक्ति आम्दानी २५ लाख २४ हजार ३ सय २० रूपैयाँ रहेको छ । यसप्रकार नागरिकको सरदर आम्दानीको तुलनामा राष्ट्रपतिको तलव तेह्र गुणा बढी हुनजान्छ । अमेरिकी राष्ट्रपतिको तलव सुविधा सन् २००१ मा बढेर २ लाख बाट दोब्बर अर्थात् चार लाख डलर भएको हो । त्यहाँ राष्ट्रपतिको सुविधा बर्षेपिच्छे बढ्दैन । सन् १७८९ मा २५ हजार, सन् १९४९ मा १ लाख, सन् १९६९ मा २ लाख र सन् २००१ मा बढेर ४ लाख हुन पुगेको तथ्यले स्पष्ट गर्दछ-पछिल्लो पटक ३२ बर्षपछि मात्र राष्ट्रपतिको तलव सुविधा बढेको हो ।

संसारको दोस्रो धनी देश जापानमा राजा अकिहितोले बर्षेनी २२ करोड २३ लाख ५२ हजार ८ सय ३० रूपैयाँ राज्यकोषबाट लिने गर्छन् । त्यहाँको सरदर प्रतिव्यक्ति आय २४ लाख १५ हजार ६ सय रहेको छ । यसरी नागरिकको सरदर आम्दानीभन्दा राजाको तलव ९२ गुणा धेरै रहेको देखिन्छ ।

विश्वमा सबभन्दा धेरै जनसंख्या भएको उदीयमान शक्तिराष्ट्र चीनको सरदर प्रतिव्यक्ति आय ६७ हजार ६ सय ८० रूपैयाँ छ । जबकि त्यहाँका राष्ट्रपति हु जिन्ताओले बार्षिक १ लाख ३५ हजार ६ सय ४८ रूपैयाँ तलव बुझ्छन् । यसरी राष्ट्रपतिको तलव नागरिकको सरदर आम्दानीभन्दा दुई गुणामात्र बढी हुन्छ ।

विश्वकै सबभन्दा ठूलो प्रजातान्त्रिक मुलुक भनिने भारतको औसत प्रतिव्यक्ति आम्दानी ३४ हजार ५ सय ६० रूपैयाँ छ । त्यहाँका राष्ट्रपति परमाणु वैज्ञानिक एपीजे अब्दुल कलामको बार्षिक तलव १० लाख ११ हजार ६ सय रूपैयाँ रहेको छ । यसप्रकार भारतीय जनता र राष्ट्रपतिको सरदर आम्दानीमा २९ गुणाको अन्तर देखिन्छ ।

फ्रान्सका राजा लुई सोन्हौं र उनकी रानी एन्टोनीको विलासिताको सीमै थिएन । सन् १७८९ ताक राजाको सौखका लागि दरवारमा करिब २ हजार घोडा, दुईसय रथ, सोन्ह हजार नोकरचाकर, दुई हजार कृपापात्रहरू र रानीका लागि मात्र पाँचसय सुसारेहरू थिए । तिनको निम्ति राज्यकोषबाट ठूलो धनराशी खर्च हुन्थ्यो । अहिले फ्रान्सका राष्ट्रपति ज्याक सिराकले राज्यकोषबाट बार्षिक ५७ लाख ९६ हजार रूपैयाँ पाउँछन् । जवकि त्यहाँको प्रतिव्यक्ति आम्दानी १५ लाख ८४ हजार ७ सय २० रूपैयाँ छ । यसरी त्यहाँका नागरिकको भन्दा राष्ट्रपतिको आम्दानी करिब चार गुणामात्र बढी हुन्छ ।

पाकिस्तानी राष्ट्रपतिले मासिक ३६ हजार ८ सय रूपैयाँ तलव बापत पाउँथे । जनरल परवेज मुसर्रफले सैनिक कू गरी सत्ता हत्याएपश्चात् सन् २००१ को मे मा उक्त रकम बढाएर ९१ हजार २ सय पुऱ्याए । यसरी उनको बार्षिक आम्दानी १०

लाख ९४ हजार ४ सय पुगेको छ । त्यहाँको प्रतिव्यक्ति आम्दानी २९ हजार ५ सय २० रूपैयाँ छ । पाकिस्तानी जनताको भन्दा राष्ट्रपति मुसर्रफको सरदर वार्षिक आम्दानी ३७ गुणा बढी रहेको देखिन्छ ।

बेलायतकी महारानी एलिजाबेथ द्वितीयाले राज्यकोषबाट कुनै तलव सुविधा पाउने गर्दिनन् । उनी संसारकी धनी राष्ट्रप्रमुख हुन्, तर खर्बपति चाहिँ होइनन् भन्ने जोन पिट्मैनको एक रिपोर्टमा उल्लेख छ र विश्वका खर्बपतिहरूको होम पेजमा सन्

२००१ सम्म उनको नाम पाइँदैन । महारानी एलिजाबेथको जम्मा ३० अर्ब २४ करोड रूपैयाँ बराबरको सम्पत्ति छ, त्यसको लगानी वापत प्राप्त गर्ने मुनाफा नै उनको आम्दानी हो र उनले राज्यलाई त्यसबापत कर पनि तिर्ने गर्दछिन् । राष्ट्रप्रमुखको रूपमा उनले गर्ने राजकीय भ्रमणबापतको खर्च भने राज्यले व्यहोर्छ । तर बेलायती महारानीले प्रयोग गर्ने गहनासमेत राष्ट्रको सम्पत्ति मानिन्छन् । बेलायतका प्रधानमन्त्री टोनी ब्लेयरले सन २००२ देखि २ करोड १९ लाख ५८ हजार ९ सय १२ रूपैंया पाउँछन् ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको तलव मासिक १ लाख ५८ हजार ५ सय ९० रूपैयाँले बार्षिक १९ लाख ३ हजार ७४ रूपैयाँमात्र हुन्छ ।

बेल्जियमका राजा अल्बर्ट दोस्राले त्यहाँको निजामती सेवाको तलव सूचीअनुरूप मात्र तलव र सुविधा पाउने गर्दछन् । जबकि बेल्जियमको प्रतिव्यक्ति आम्दानी नै १६ लाख ७४ हजार रहेको छ ।

नेपालको प्रतिव्यक्ति आम्दानी १६ हजार ५ सय ६० रूपैयाँमात्र छ । नेपालका राजाले यसबर्ष ३२ करोड ९१ लाख ७५ हजार रूपैयाँ राज्यकोषबाट लिएको सरकारी विनियोजनले देखाएको छ । अघिल्लो बर्ष यो रकम ६१ करोड ९१ लाख थियो । यसरी नागरिकको भन्दा दरवारको खर्च यसबर्ष १९ हजार ८ सय ७८ गुणा बढी रहेको छ । गत बर्ष यो रकम ३७ हजार ३ सय ८५ गुणा बढी थियो । राज्यकोषबाट नगद लिएको रकमको मात्र लेखाजोखा गर्दा नागरिक र राष्ट्र प्रमुखको सुविधामा यति ठूलो अन्तर संसारमा अरू कहीँ, कसैको पाइँदैन ।

नेपालको संसदले २०५८/०५९ मा वर्तमान राजपरिवारको लागि ११ करोड ६३ लाख रूपैयाँ विनियोजन गरेको थियो । उक्त रकम नागरिकको सरदर आम्दानी भन्दा ७ हजार २२ गुणा बढी थियो । यसबाहेक वर्तमान महाराजकी एकमात्र छोरी प्रेरणाको विवाहमा राज्यकोषबाट मात्र ५ करोड रूपैयाँ र अन्य सबै जोड्दा १० करोडभन्दा बढी खर्च भएको थियो । जबकि नेपालीका छोराछोरीको विवाहमा सम्पूर्ण खर्च १ लाखभन्दा बढी गर्न नपाउने बाध्यात्मक कानूनी व्यवस्था सामाजिक व्यवहार सुधार ऐन-२०३३ ले गरेको छ । साथै, राजाकी यिनै छोरीको उपचारका लागि बेलायतमा जाँदा राज्यकोषबाट करिब ९ करोड खर्च गरिएको तथ्य विभिन्न स्रोतले उल्लेख गरेका छन् ।

नेपालको राजतन्त्रले संसदीय प्रजातन्त्रलाई देखी नसहनु र २००७ सालयता पटक-पटक प्रजातन्त्रको गला निमोठेर आफ्नो निरंकुश र सक्रिय शासन लाद्न चाहनुका पछाडि आर्थिक स्वार्थले नै प्रमुखरूपमा काम गरेको छ । २०४७ पछिको १० बर्षमा तीनवटा आमनिर्वाचनबाट ७ सय ९५ जना विधायक चुनिए । यस अवधिमा राज्यले उनीहरूलाई क्रमशः ५ हजार ६ सय, ७ हजार १ सय र १५ हजार २ सय रूपैयाँ पारिश्रमिक उपलब्ध गराएको देखिन्छ । सांसदहरूको सम्पूर्ण सुविधालाई क्रमशः १५ हजार, २४ हजार र ३२ हजारको हिसावले गणना गर्ने हो भने पनि दश बर्षमा मोटामोटी हिसाव गर्दा **जम्मा ९० करोड** भन्दा बढी राज्यले व्ययभार बोक्नुपरेको छैन । यसमा राज्यले असुल गर्ने कर हालको प्रतिसांसद प्रतिमहिना ५ हजार २ सय, स्वकीय सचिवको पारिश्रमिक ७ हजार ५ सय, घरभाडा, पानी विजुली, अतिथि सत्कार, पत्रपत्रिका र विविध खर्चसमेत जोडिएको छ । २०५३ सालअघि सांसदहरूलाई स्वकीय सचिव लगायतका सुविधाहरू दिइएको थिएन ।

श्री ५ ज्ञानेन्द्रको राज्यारोहणपश्चात् २०५८ साल जेठ २२ यता पहिलो बर्ष ११ करोड ६३ लाख, दोस्रो बर्ष ६१ करोड ९१ लाख, यस बर्ष ३२ करोड ९१ लाख ७५ हजार, ५ वटा रोल्सरोयस गाडी खरिद गर्नका लागि २५ करोड, अधिराजकुमारी प्रेरणाको विहेका लागि १० करोड, बेलायतमा छोरीको उपचारका लागि ९ करोड, युवराजाधिराज पारसको भारत भ्रमणको लागि ९६ लाख रूपैयाँ गरी **कूल जम्मा १ अर्ब ५० करोड ४६ लाख ७१ हजार रूपैयाँ** राज्यले खर्च व्यहोरेको विवरण सार्वजनिक भइसकेको छ । यो रकम १० बर्षको अवधिमा भएका ७ सय ९५ सांसदहरूले राज्यवाट प्राप्त गरेको एकमुष्ट सुविधा भन्दा पनि डेढ गुणा बढी रहेको देखिन्छ । जवकि यसमा राजारानीले करिब एक महिना बेलायतमा बसी आफ्नो उपचारमा गरेको अपारदर्शी खर्च, राजपरिवारका अन्य सदस्यहरूको बिहेलगायत देशभरि राजारानीको अभिनन्दनका क्रममा राष्ट्रिय ढुकुटी, उद्योगपति, व्यापारी, जिल्ला-जिल्लाका सरकारी कार्यालय एवं जनसाधारणवाट असुलिएको रकम आदि तमाम खर्चहरू सार्वजनिक हुन सकेका छैनन् । वितेको अवधिमा **सांसदहरूको उपचार खर्च** वापत **करिव ५ करोड रूपैयाँ** खर्च भएको थियो । तारानाथ रानाभाट, विजयकुमार गच्छेदार लगायतका कतिपय संसदका प्रमुख जिम्मेवार, मन्त्री र कतिपय सांसदहरूले उपचार खर्च वापत प्राप्त सुविधाको दुरूपयोग गरे जसले सवै सांसदहरूलाई बदनाम गर्न अवसर मिल्यो । र, संसदीय प्रजातन्त्रको हुर्मत लिने काम भयो । तर **राजपरिवारको एकजना सदस्यको** निम्ति मात्र करिव ९ **करोड खर्च** हुँदा मौन बस्न मिल्छ र ?

अझ असोज १८ को शाही कदमअघि र पछि राजपरिवारको प्रयोगका लागि प्रत्येक एउटा गाडीको पाँच करोड रूपैयाँ पर्ने तीनवटा रोल्सरोयस गाडी खरिद गरिएको कुरा पनि सार्वजनिक भइसकेको छ ।

नेपालको राजपरिवार व्यापार व्यवसायमा संलग्न छ । वर्तमान महाराजाधिराज स्वयंको व्यापारिक पृष्ठभूमि हो । कहिल्यै राजा नहुने स्थितिमा मौसुफ २०५८ जेठ १९ अघि होटल, चुरोट, चिया, एजेन्सी व्यवसाय आदि उद्योगधन्दामा प्रत्यक्ष संलग्न होइबक्सेको थियो । ती उद्योग व्यवसाय अझ चलिरहेका छन् । मौसुफ गद्दीमा आसिन होइबक्सेपश्चात् पुरानो व्यापारिक सम्बन्धबाट अलग रहेको कुनै घोषणा गरिएको छैन, बरू आफू अधिराजकुमार हुँदा अध्यक्ष रहेको महेन्द्र प्रकृति संरक्षण कोषको नेतृत्व आफ्ना एकमात्र छोरालाई सुम्पिने काम भएको छ ।

निरंकुश र तानाशाही व्यवस्था राष्ट्रको विकास र समृद्धिका निम्ति बाधकमात्र होइन, धमिरा नै सावित भएको धेरै देशका उदाहरणले देखाउँछन् । इण्डोनेशियाका तानाशाह मोहम्मद सुहार्तोले आफ्नो निरंकुश शासनकालमा १० खर्ब ८० अर्वदेखि २५ खर्ब २० अर्ब बराबरको राष्ट्रिय सम्पत्ति लुटेर आफ्नो निजी बनाएको कुरा ट्रान्सपरेन्सी इन्टरनेशनलको एक अध्ययनले देखाएको छ । उक्त अध्ययनबाट फिलिपिन्सका निरंकुश शासक फर्निनाण्ड मार्कोसले ३ खर्व ६० अर्ब देखि ७ खर्ब २० अर्ब बराबरको लुट मच्चाएर राष्ट्रको सम्पत्ति आफ्नो व्यक्तिगत बनाएको तथ्य खुलेको छ । उनले स्वीट्जरल्याण्डको बैंकमा राखेको

उल्लेखित धनराशी पछि फिलिपिन्स सरकारले खोजी गऱ्यो र फिर्ता ल्याई हाल त्यहाँको भूमिसुधार कार्यक्रम सफल पार्न खर्च गर्ने काम चलिरहेको छ। यसैगरी पेरूका राष्ट्रपति अल्वर्टो फुजिमोरीले छोटो शासनकालमै ४३ अर्ब २० करोड रूपैयाँ कुम्ल्याएर अन्तिममा देशै छोडेर जापान पलायन भए भने फिलिपिन्सका राष्ट्रपति जोसेफ इस्ट्राडाले राष्ट्रको ५ अर्ब ७६ करोड रूपैयाँ लुटिसक्दा जनता जुरूक्कै उठेर भ्रष्टाचारी सावित गरेर संधैका लागि ढालिदिए। तानाशाहहरूले अपारदर्शी, भ्रष्ट र निरंकुश शासनको आडमा राष्ट्रलाई कसरी लुटेर भित्रभित्रै खोक्रो पार्दारहेछन् तथा हरेक तानाशाहलाई निरंकुशता किन प्रिय लाग्दोरहेछ भन्ने कुरा उल्लेखित दृष्टान्तहरूले देखाउँछन्।

*(प्रस्तुत् रिपोर्टमा नेपालको प्रतिव्यक्ति आम्दानी २३० डलर, अन्य देशको प्रतिव्यक्ति आम्दानी सन् २००४ को विश्वबैंकको वर्ल्ड डेभलपमेन्ट रिपोर्टमा आधारित सन् २००२ को हो र नेपाली मुद्रामा २०६१ वैशाख १५ को सटही दर १ डलर बराबर ७२ रूपैयाँको आधारमा गणना गरिएको छ।)*

| **मुलुक** | **राष्ट्रप्रमुख वा प्रधानमन्त्री** | **खाईपाई आएको (नेरुमा)** | **प्रतिव्यक्ति आय** |
|---|---|---|---|
| नेपाल | श्री ५ ज्ञानेन्द्र | ३२,९१,७५०००।- | १६,५६०।- |
| नेदरल्याण्ड | रानी बैट्रिक्स | २२,३२,००,०००।- | १७,२५,१२०।- |
| जापान | अकिहितो | २२,२३,५८,८३०।- | २४,१५,६००।- |
| अमेरिका | जर्ज डब्लु बुस | ३,२४,००,०००।- | २५,२४,३२०।- |
| बेलायत | प्रधानमन्त्री टोनी ब्लेयर | २,१९,५८,९१२।- | १८,१६,२००।- |
| फ्रान्स | ज्याक सिराक | ५७,९६,०००।- | १५,८४,७२०।- |
| रूस | भ्लादिमिर पुटिन | १९,०३,०७४।- | १,५४,०८०।- पाकिस्तान परवेज मुसर्रफ |
| | १०,९४,४००।- | २९,५२०।- | |
| भारत | एपीजे अब्दुल कलाम | १०,११,६००।- | ३४,५६०।- |
| चीन | हु जिन्ताओ | १,३५,६४८।- | ६७,६८०।- |

*- प्रतिव्यक्ति आय स्रोत: विश्वबैंक वर्ल्ड डेभलपमेन्ट रिपोर्ट- २००४*

# नेपालको निर्यात व्यापारका चुनौती

' डा. गोविन्दबहादुर थापा

**नि**र्यात प्रवर्द्धन आर्थिक समृद्धि हासिल गर्ने सर्वाधिक महत्वपूर्ण उपाय हो। सिंगापुर, ताइवान, हङकङ, कोरिया, चीन, मलेशिया आदि मुलुकहरूको आर्थिक विकास र समृद्धि यसका ज्वलन्त उदाहरण हुन्। किनभने निर्यातबाट मुलुकको अर्थतन्त्रलाई आधुनिकीकरण गर्नुको अतिरिक्त अर्थतन्त्र जतिसुकै सानो भएतापनि त्यसले विशाल विश्व बजारबाट लाभ लिन सक्दछ। त्यसबाट मुलुकमा चाँडो औद्योगिकरण हुन्छ। अत्याधुनिक प्रविधिको प्रयोग हुने भएकोले अर्थतन्त्र प्रतिस्पर्धी पनि हुन्छ। नेपाल विश्व व्यापार संगठनको सदस्य भइसकेको सन्दर्भमा नेपालले निर्यातमा फड्को मार्न सक्यो भनेमात्र त्यो सदस्यताबाट नेपाल लाभान्वित हुन सक्दछ। आयातका लागि मात्र हो भने त्यसको लागि त्यो संगठनको सदस्यता लिनु आवश्यक हुने थिएन।

तर नेपालको आयात व्यापार स्थायी प्रकृतिको छ र आयतन पनि ठूलो छ। तर निर्यात भने अस्थिर र अस्थायी प्रकृतिको छ। साथै यसको आयतन पनि सानो छ। यसले गर्दा बैदेशिक व्यापारमा नेपाललाई ठूलो घाटा हुने गरेको छ। आ.व. २०५९/६० मा नेपाललाई रू. ७६ अर्ब ३१ करोड बराबरको ब्यापार घाटा भएको थियो। त्यस बर्ष नेपालको कुल निर्यातले कुल आयातको ३९.२ प्रतिशत अंशमात्र पूर्ति गर्न सकेको थियो। पेट्रोलियम पदार्थ, औद्योगिक मेशिनरी र कच्चा पदार्थ, रसायनिक मल आदि नेपालमा उपलब्ध नभएका तर मुलुकका निमित्त नभई नहुने बस्तुहरू भएकाले मुलुकमा यी बस्तुको माग पूर्णतः आयातबाट पूर्ति भइरहेको छ। निर्याततर्फ भने कहिले ऊनी गलैंचा र तयारी पोशाक देखा पर्दछन् भने कहिले पस्मिना देखापर्दछ। अहिले यी तीनवटै बस्तुहरूको निर्यात खस्कँदै गएको छ भने यत्तिकै महत्वपूर्ण नयाँ बस्तुहरू देखा परिरहेका छैनन्। तयारी पोसाकमा संयुक्त राज्य अमेरिकाले दिंदै आएको कोटा सन् २००५ देखि खारेज भएपछि तयारी पोसाकको निर्यात पूर्णतः सुक्ने लगभग निश्चित छ। हस्तकलाका सामान, सुनचाँदीका गहना, हाते कागज, प्रशोधित छाला, दाल आदि नेपालमा निर्यातयोग्य अन्य महत्वपूर्ण बस्तुहरू हुन् र यी बस्तुहरू श्रममूलक (लेवर इन्टेन्सिव) बस्तुहरू भएकोले पनि नेपालको निमित्त यी बस्तुहरू अत्यन्त महत्वपूर्ण छन्। तर यी बस्तुहरूको निर्यात त्यति उल्लेख्य परिमाणमा भइरहेको छैन। त्यसैले नेपालको निर्यात व्यापार अस्थिर र अस्थायी प्रकृतिको छ र नेपालको पहिचान झल्काउने खालका स्थायी बस्तु छैनन्।

नेपालको भारततर्फको निर्यात झनै समस्यायुक्त छ। नेपाल–भारतबीचको सन् १९९६ को बाणिज्य सन्धिले नेपालका औद्योगिक उत्पादनहरूलाई बिना भन्सार भारत प्रवेश गर्न पाउने व्यवस्था गरेको थियो। यो व्यवस्थाले नेपालको भारतसँगको व्यापार घाटा घटाउन ठूलो सहयोग पुऱ्याएको थियो। यस अवधिमा भारततर्फको निर्यात आ.ब.२०५३/५४ को रू. ५ अर्ब २३ करोडबाट बृद्धि भई आ.ब. २०५८/५९ मा रू. २७ अर्ब ९६ करोडसम्म पुगेको थियो। त्यसैगरी नेपालको भारततर्फको निर्यातले त्यहाँबाट हुने आयातको आ.ब. २०५३/५४ मा जम्मा २१.० प्रतिशतमात्र अंश पूर्ति गरेकोमा आ.ब. २०५८/५९ मा सो अंश बढेर ६३.४ प्रतिशतसम्म पुगेको थियो। बाणिज्य सन्धिको त्यो व्यवस्थाबाट भारततर्फ विशेषगरी वनस्पति घ्यूको

निर्यात उल्लेख्य मात्रामा बढेको थियो । आ.ब. २०५४/५५ मा रू. एक अर्ब ५८ करोड मूल्य बराबरको बनस्पति घ्यू भारततर्फ निर्यात भएकोमा पछिल्ला बर्षहरूमा त्यो बढ्दै गएर आ.ब. २०५८/५९ मा रू. ७ अर्ब ८ करोडसम्म पुगेको थियो । यसको निर्यातमा महसुल फिर्ता (ड्युटी ड्र ब्याक) को व्यवस्था भएको, आयातित कच्चा पदार्थमा आधारित भएकोले गुणस्तर उच्च भएको र तुलनात्मकरूपमा सस्तो पनि भएकोले भारततर्फ यसको निर्यात त्यसरी बढेको थियो । तर भारतले वनस्पति घ्यू लगायत एक्रेलिक यार्न, जिंक अक्साइड र तामाको तारको निर्यातमा सन्धिले व्यवस्था गरेको सुविधाको नेपालले दुरूपयोग गरेको ठान्यो । त्यसको फलस्वरूप मार्च २००२ मा त्यो सन्धि नवीकरण गर्दा यी चार बस्तुको आयातमा भारतले परिमाणात्मक बन्देज लगायो ।  त्यसपछि यी चार बस्तुको निर्यातमा आ.ब. २०५९/६० देखि ठूलो गिरावट आयो । फलस्वरूप यी चार बस्तुका उद्योगहरू लडखडाए । केहीअघि स्थापना भएका उद्योगहरूले लगानी उठाएर लाभ पनि आर्जन गरे होलान् । तर पछि स्थापना भएका उद्योगहरू मर्कामा परे । यसले गर्दा आ.व. २०५९/६० मा नेपालको भारततर्फको निर्यात अघिल्लो बर्षको तुलनामा ३.७ प्रतिशतले घट्यो । तर त्यस बर्ष भारतबाट भएको आयात भने २७.२ प्रतिशतको उच्चदरले बृद्धि भएकोले त्यस बर्ष नेपाललाई भारतसँगको व्यापारमा भएको घाटा ८०.७ प्रतिशतले बढेर रू. २९ अर्ब २० करोड पुग्यो । त्यसै अनुरूप निर्यातको आयात धान्ने क्षमता आ.ब. २०५८/५९ को ६३.४ प्रतिशतबाट आ.ब. २०५९/६० मा ४८.० प्रतिशतमा झर्‍यो ।

भारतले यी चार बस्तुमा परिमाणात्मक बन्देज लगाएकोमा यी बस्तुका नेपाली उत्पादक तथा निर्यात कर्ताहरूलाई दोष दिने ठाउँ छैन । किनभने आयआर्जनका सबै सम्भावनाहरूको उपयोग गर्ने त निजी क्षेत्रको धर्म नै हो । सन्धिको व्यवस्थाअनुसार भारततर्फ निर्यात बढाएर उनीहरूले आफ्नो धर्म निभाए । भएको व्यवस्थाबाट निजी क्षेत्रले उत्पादन र निर्यात गरिरहेको अवस्थामा सरकारले गर्नसक्ने कुरा पनि केही थिएन । त्यसैले भारतीय उपभोक्ताहरूको हितलाई दृष्टिगत गरेर र सन्धिले गरेको व्यवस्थाको सम्मान गरेर भारतले या त आफ्नो आन्तरिक नीतिमा सुधार गरेर आफैं उत्पादन गर्ने वा आयात गर्ने व्यवस्था गर्नुपर्ने थियो या त सन्धिको व्यवस्थालाई यथावत छोडी दिनुपर्ने थियो । तर त्यसो नगरी ऊ आयातलाई नै नियन्त्रण गर्न अग्रसर भयो । अर्थात् उसले जबर्जस्ती गर्‍यो, एकपटक दिइसकेको सुविधालाई पाँच बर्षमै फिर्ता लियो । फिर्ता लियोमात्र होइन सुरूको अवस्थाभन्दा पछाडि हट्यो । आखिर नेपालले तयारी बस्तु नै आयात गरेर त्यसमा “नेपालमा बनेको” भन्ने लेभल टाँसेर भारत निर्यात गरेको त थिएन । त्यसमा भ्यालु एड जति भए पनि प्रशोधन र परिमार्जन गरेरै उत्पादन गरेको थियो । साथै नेपालको निर्यात बढोस् र भारतसँगको व्यापारमा नेपाललाई भइरहेको ठूलो घाटा घटोस् भनेर नै सन् १९९६ को सन्धिमा त्यो व्यवस्था गरिएको थियो । नेपालको निर्यात बढाउने उद्देश्यले गरिएको सन्धिको व्यवस्थाले निर्यात साँच्चै नै बढाएकोमा त सन्धिको उद्देश्य पूरा भइरहेको रूपमा लिइनुपर्दथ्यो । तर उसले त्यसो गरेन । त्यसैले भारतले नेपालप्रति सद्भाव राख्दछ भन्ने कुरालाई स्वीकार गर्न गाह्रो छ ।

हुन त नेपालका उत्पादनहरूलाई भन्सार माफीमा भारत प्रवेश गर्न दिन भारत बाध्य छैन । साथै यी चार बस्तुबाहेक अन्य सम्पूर्ण बस्तुहरूमा यस्तो छुट अहिले पनि कायम भएतापनि नेपालले विविध औद्योगिक बस्तुहरू उत्पादन गरेर भारततर्फ निर्यात बढाउन सकिरहेको छैन । यस्तो अवस्थाको मुलुकलाई संयुक्त राष्ट्रसंघ, आइ.एम.एफ., विश्व बैंक र विश्व व्यापार संगठनदेखि सार्कसम्मले विशेष छुट र सुविधा दिइरहेको अवस्थामा भारतले कन्जुस्याँई गर्दछ भने त्यसलाई सद्भाव मान्न सकिंदैन । साथै चिया, अदुवा, अम्रिसो आदि जस्ता नेपालका नितान्त आन्तरिक उत्पादनहरूको निर्यातमा पनि कहिले विशेष शुल्क, कहिले अतिरिक्त शुल्क र कहिले विलाशिता शुल्क लगाएर र कहिले क्वारेन्टाइनको झमेला खडा गरेर भारतले नेपालको निर्यातलाई निरूत्साहित गर्ने कार्य निरन्तररूपमा गर्दै आइरहेको छ । यसले गर्दा नेपाली उद्यमी तथा व्यवसायीहरूले भारतीय बजारलाई लक्षित गरी कुनै पनि बस्तुको उत्पादन र निर्यात गर्नसक्ने स्थिति रहेन । किनभने कुनै पनि बस्तुको निर्यात १५-२० प्रतिशतले बढ्ना साथ भारतले कुनै न कुनै किसिमको बखेडा झिकिहाल्दछ । त्यसैले एक अर्बभन्दा बढी जनसंख्या भएको भारतीय बजार खुला सिमाना भएर पनि नेपालका उत्पादनहरूको निमित्त कौवालाई पाकेको बेलसमान भइरहेको छ । खुला सिमानाको लाभ भारतले मात्र एकलौटी रूपमा लिइरहेको छ, नेपाल त्यस्तो लाभ लिनबाट बन्चित भइरहेको छ ।

नेपालको निर्यातको अर्को बिडम्बना के रहेको छ भने नेपालका कुनै पनि ठूला र प्रतिष्ठित व्यापारिक घराना निर्यात व्यापारमा संलग्न भएको पाइँदैन । उनीहरू सबैजसो आन्तरिक उपभोगका लागि आयात प्रतिस्थापन गर्ने उद्योगहरू र पैठारी व्यापारमा संलग्न भएको पाइन्छ । निर्यातमा संलग्न भएतापनि सानातिना बस्तुको सीमित निर्यातमा मात्र संलग्न छन् । प्रारम्भिक कालमा यसो हुनु स्वभाविक भएतापनि अहिलेसम्म त्यो परम्परा कायम रहनुलाई बिशेषरूपमा लिनुपर्ने हुन्छ । निजी क्षेत्रको विकास तथा विस्तार हुन नसकेको र जे जति विकास भएको छ त्यसलाई मुलुकमा उपलब्ध उद्योग, व्यापार, व्यवसायहरू नै भ्याई नभ्याई भइरहेको छ । उदाहरणका लागि केही पुराना, ठूला र अनुभवी व्यापारिक घरानाहरू एक्लैले केही उद्योगहरू, आन्तरिक र आयात व्यापार, होटल, रेष्टुरा, बैंक, बीमा, बिद्यालय, नर्सिङ्ग होम, अस्पताल, यातायात, आवास गृह आदि व्यवसायहरू संचालन गरिरहेका छन् । यिनैबाट उनीहरूलाई मनग्य भइरहेको छ । यसरी उनीहरूले विभिन्न समयका नीति र आधुनिकीकरणको क्रममा  सिर्जना भएका अवसरहरू छोपिरहेका छन् । तर विशेषज्ञता र पहिचान भने कुनै पनि बस्तु र सेवामा आर्जन गर्न सकिरहेका छैनन् ।

तेस्रो मुलुकतर्फ निर्यात हुने नेपालका प्रमुख निर्यात बस्तुका रूपमा रहेका ऊनी गलैंचा र तयारी पोसाकको उत्पादन र निर्यातमा यस्ता पुराना, ठूला र अनुभवी व्यापारिक घरानाहरू संलग्न भएको पाइँदैन । यिनमा जो संलग्न छन्, उनीहरू व्यापार, व्यवसायमा तुलनात्मक रूपमा नयाँ र बाहिरिया व्यक्तिहरू छन् । त्यसैले उनीहरू स्थापित निर्यात घराना (एक्स्पोर्ट हाउस) भइसकेका छैनन् । उनी गलैंचा र तयारी पोसाक निर्यात व्यवसायमा संलग्न ब्यक्ति वा परिवारहरूलाई स्थायी र स्थापित व्यापारिक घराना मानिंदैन । उनीहरूलाई नयाँरूपमा देखापरेको व्यवसायमा भल छोप्न आएका व्यक्ति वा परिवारको रूपमा लिइन्छ ।  त्यसैले यी बस्तुको निर्यात सुक्यो भने उनीहरू पनि व्यवसायबाट स्वतः बिलाउँछन् भन्ने धारणा राखिएको पाइन्छ ।

यसले के देखाउँछ भने नेपालमा निर्यात व्यापार एउटा स्थायी, स्थापित र प्रतिष्ठित व्यवसायको रूपमा स्थापित हुनसकेको छैन । यसले गर्दा निर्यात गरिने वस्तुहरूको स्थायित्व र पहिचानको पनि विकास हुन सकिरहेको छैन ।

यसअघि संरक्षणवादको जमाना थियो । त्यसैले उद्योगहरूलाई सरकारी संरक्षण प्राप्त हुने भएकोले सानो निजी क्षेत्र आयात प्रतिस्थापन गर्ने उद्योगहरूतर्फ लाग्नु स्वभाविक थियो । त्यस अतिरिक्त भारत अझ बढी संरक्षित र विशाल बजार भएकोले भारतीय बजारलाई दृष्टिगत गरी आयात गर्नु निजी क्षेत्रको लागि अर्को आकर्षणको क्षेत्र बन्यो । सीमित शहरी र सानो आधुनिक अर्थतन्त्रमा उपलब्ध उद्योग, व्यापार तथा व्यवसायका अवसरहरूसमेत स्वदेशी निजी क्षेत्रले सम्हाल्न नभ्याएर छिमेकी मुलुकको निजी क्षेत्र समेत त्यसमा संलग्न हुन आयो । यसले गर्दा नेपालको निर्यात व्यापार स्थायी र दीगोरूपमा विकसित हुन सकेन ।

वास्तवमा नेपालमा निर्यात प्रवर्द्धनको बिषय सन् १९९० देखि उदार आर्थिक नीति लागु गर्ने कार्यले गति लिन थालेदेखि मात्र बढी चर्चा र छलफलमा आउन थालेको हो भन्नुपर्दछ । आयात व्यापारलाई ओ.जी.एल. प्रणालीमा लगी चालु खातालाई सुरूमा आंशिक र पछि पूर्ण परिवर्त्य गर्नु र भन्सार दरहरूमा व्यापक कटौती गर्दै लगिएपछि आयात प्रतिस्थापक उद्योगहरू धर्मराउन थालेकाले यस्ता उद्योगहरूको आकर्षण घटेको, आयात उच्चदरमा बृद्धि हुदै गई व्यापार घाटा बढ्दै गएको, नेपाली मुद्राको अवमूल्यन भई निर्यात प्रोत्साहित हुन पुगेको, निर्यातबाट आर्जित आयात निर्यातकर्ताले विदेशी मुद्रामा नै नेपाली बैंकमा आफ्नै नाममा खाता खोली राख्न पाइने व्यवस्था गरिएको आदि कारणले नेपालमा निर्यात बढाउनुपर्ने विषयमा सरकार तथा निजी क्षेत्र दुबैको ध्यानाकृष्ट हादै गयो । त्यसको साथै त्यतिखेर ऊनी गलैंचा, तयारी पोसाक र केही बर्षपछि पस्मिनाको निर्यातले फड्को मारेकोले पनि निर्यात आकर्षणको विषय बन्न पुग्यो ।

खुला व्यापार प्रणाली लागु गरिएपछि अन्तर्राष्ट्रिय व्यापारमा सापेक्षिक लाभ (कम्प्यारेटिभ एड्भ्यान्टेज) को बिषय पनि क्रमिकरूपमा चर्चामा आउन थाल्यो । त्यसैक्रममा केही नेपाली ठूला व्यापारिक घराना नेपालको सापेक्षिक लाभ रहेको चियाखेती र विशेषगरी अर्थोडक्स चियाको उत्पादन र निर्यातमा विस्तारै प्रवेश गरे । त्यसैबीच भारतीय कम्पनी डावर नेपालको अर्को अधिक सापेक्षिक लाभ भएको जडीबुटी खेती र त्यसबाट औषधि तथा प्रशाधनका सामान उत्पादन तथा निर्यात गर्ने कार्यमा संलग्न हुन आयो । अर्को एउटा ठूलो व्यापारिक घराना पनि जडीबुटी क्षेत्रमा प्रवेश गर्न लागेको जानकारी हालै सार्वजनिक भएको छ । नेपालको निर्यात क्षेत्रमा यो अर्को सकारात्मक पाइला हो । यसैबीच कुन कुन बस्तु र सेवामा नेपालको सापेक्षिक लाभ छ भन्ने विषयमा अध्ययन भई बस्तुहरूको पहिचान पनि क्रमिकरूपमा भइरहेका छन् । यही अनुरूप नेपालको निजी क्षेत्र निर्यात व्यापारतर्फ अभिमुख हुन सक्यो भनेमात्र विश्व व्यापार संगठनको सदस्यता लिएबाट मुलुकले फाइदा लिन सक्नेछ ।

# महिलाहरूद्वारा भेटघाट

काठमाडौं । राजासँग दर्शनभेट गरी फर्केका महिलाहरूको एक समूहले नेकपा(एमाले) स्थायी समिति सदस्य भरतमोहन अधिकारीसँग गत बैशाख २४ गते पार्टी केन्द्रीय कार्यालयमा भेटघाट गर्‍यो ।

अनुराधा कोइरालाको नेतृत्वमा आएको सो समूहले राजासँगको दर्शनभेटमा भएका कुराहरू बताएको थियो । राजा राजनैतिक पार्टीका नेताहरूसँग जतिसक्दो चाँडे भेट गर्न प्रतीरक्षारत रहेको, भेटघाटपश्चात् राजनैतिक पार्टीहरूकै सहमतिमा प्रधानमन्त्री र मन्त्रिमण्डल निर्माण गर्न तयार रहेको बताउँदै सो प्रतिनिधिमण्डलले राजाले जतिसक्दो चाँडै निर्वाचन सम्पन्न गरेर संविधानको रक्षा गर्नुपर्ने कुरा गरेको जानकारी दिएको थियो । त्यसैगरी राजा कसरी प्रतिगमनबाट बाहिर निस्कने र वर्तमान राजनैतिक समस्या समाधानको स्पष्ट निकास के हो भन्नेमा चिन्तित रहेको बताएको थियो ।

सो अवसरमा स्थायी समिति सदस्य अधिकारीले सबैभन्दा पहिले राजाले स्वेच्छाले नियुक्त गरेका प्रधानमन्त्रीलाई हटाउनुपर्ने धारणा राख्दै आाफ्नो दायित्वलाई रक्षा गर्न नसकेर संविधानमा राजाले गरेको हस्तक्षेपप्रति आपत्ति भएको स्पष्ट पार्नुभयो । यस अगाडि पनि राजासँग सात पार्टीले संयुक्त भेट गरेर दिइएको निकासको कुरालाई समेत लत्याइएको हुनाले अहिले जनताले समेत भरोसा गर्न नसकेर हामीलाई राजासँग भेट गर्न समस्या भएको हो भन्दै अधिकारीले राजाले यसअगाडि नै विश्वास गुमाइसकेको हुनाले अब यसपटक आफूले भन्दा पनि राजाले भेटघाटको प्रष्ट विषय पठाउनुपर्ने बताउनुभयो । सो टोलीमा डा. दुर्गा पोखरेलगायतका महिलाहरू सहभागी हुनुहुन्थ्यो ।

# कपिलबस्तुमा कम्युनिष्ट आन्दोलन

**' बलराम अधिकारी**

**प्रा**चीन शाक्य गणतन्त्रात्मक राज्य तथा शान्तिका दूत गौतम बुद्धको गृहभूमि कपिलवस्तु हाल पूर्वमा कोठी नदी, पश्चिम र दक्षिणमा भारत, उत्तरमा दाङ जिल्लाको बीच १७८३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । २०५८ को जनगणनाअनुसार ४,८१९७६ जनसंख्या रहेको यस जिल्लालाई राजनैतिक हिसाबले चार संसदीय क्षेत्र, १५ इलाका, ७७ गाविस

र १ नगरपालिकामा विभाजन गरिएको छ। यस जिल्लालाई शैक्षिक आन्दोलनको आरम्भ वि.सं. १९९३ मा पशुपति प्रताप पुस्तकालय स्थापना गरी भयो भने वि.सं. १९९५ मा राणाविरोधी भाषण गरेर प्रजातान्त्रिक आन्दोलनको सुरूवात भएको थियो।

२००७ सालतिर टेकबहादुर पन्थीले कम्युनिष्ट पार्टीको प्रचार-प्रसार गरेको पाइन्छ। त्यसपछि प्रचारक टेकबहादुर पन्थी, चिन्तामणि ज्ञवालीलगायतका अन्य प्रजातन्त्रप्रेमीहरू मिली सामन्तविरोधी आन्दोलन चलाएका थिए। त्यसैक्रममा पञ्चायती सरकारद्वारा गरिएको मालपोत बृद्धि र अनिवार्य बचत संकलनका विरूद्ध अजिगरा लगायतका विभिन्न ठाउँमा जनसभाहरू गर्ने अभियान संचालन भएको थियो। कम्युनिष्ट पार्टीको पहिलो जिल्ला संगठन कमिटी भने २०२५ सालको भदौ महिनामा मोहनलाल आचार्यको उपस्थितिमा टिकाराम अर्याल सचिव, केशव घिमिरे र कृष्ण घिमिरे सदस्य रहने गरी गठन भएको थियो। २०२७ सालमा शिव पुरी, महेश्वर ज्ञवालीलाई पनि सोही कमिटीमा समावेश गरियो। त्यस संगठन कमिटीले १२ वटा एरिया कमिटी र केही सेल कमिटीहरूसमेत निर्माण गर्ने काम गरेको थियो। मोहनविक्रम सिंहको नेतृत्वमा भएको पार्टी विभाजनको कारण तत्कालीन जिल्ला नेतृत्व प्रभावित भएकाले जिल्लामा पनि पार्टी विभाजित बन्यो। त्यसपछि पुष्पलाल समूहको तर्फबाट कमरेड जीवराज आश्रितले शिव पुरी सचिव, महेश्वर ज्ञवाली र तिलकराम पोखरेल सदस्य रहेको जिल्ला संगठन कमिटी गठन गर्नुभयो।

सोही कमिटीको आयोजनामा २०२९ सालको हिउँदमा करिब ६० जना प्रतिनिधिको उपस्थितिमा प्रथम जिल्ला सम्मेलन भयो। त्यस सम्मेलनले शिव पुरी नै सचिव रहेको प्रथम जिल्ला कमिटी गठन गऱ्यो। जीवराज आश्रित र देवेन्द्र घिमिरेको मार्गदर्शनमा कमिटीले संगठन निर्माणको काम अगाडि बढायो। यसै कमिटीको अगुवाइमा भेलाइ, बिमिया, पिपरा, बरवालगायतका ठाउँमा जमिन्दारविरोधी आन्दोलन भयो। पिपरामा भएको स्थानीय फटाहा अग्निधर गौतमविरोधी आन्दोलनको कारण प्रशासनले चर्को दमन गऱ्यो। त्यस दमनपछि पुष्पलाल समूहका साथीहरू सम्पर्कविहीन भएर बस्नुभयो भने मसाल समूहका साथीहरू पनि जिल्लाका एकाध ठाउँमा सीमित रहनुभयो।

२०३४ सालमा को.के. लाइन लिएर संगठन गर्न आउनुभएका कृष्णनगरका अशोक न्यौपाने छोटै अवधिमा पार्टी कामबाट अलग्गिनुभएपछि क. मोदनाथ प्रश्रित कपिलवस्तुको जिम्मेवारी बहन गरी जिल्लामा आउनुभयो। तर उहाँ जिम्मेवारी प्राप्त गरेको लगत्तै गिरफ्तार हुनुभएकोले संगठन निर्माणको काम अघि बढन् सकेन। उहाँपछि भीमनारायण थारूमार्फत् नेकपा (माले)को सम्पर्क आयो। २०४० सालमा बलराम अधिकारी, शिवहरि खनाल, झविलाल पोखेल, कमल पौडेल, हरि पाण्डेसमेत रहनुभएको जिल्ला सम्पर्क कमिटी बन्यो। २०४२ सालदेखि २०४५ सालसम्म भीमनारायण थारूको ठाउँमा कैलाशसिंह आउनुभयो। त्यस अवधिसम्म शिवगढी, पिपरा, कोपवा र गुगौलीमा एक-एक युथलिग बनेका थिए। धनबहादुर थापा, खुम आचार्य, लक्ष्मण पोखेल, टामर्जन राना, झमन सिंह पोखेल, जगत रेग्मी, घनश्याम सापकोटालगायतले पार्टी सम्पर्कमा रही कार्यक्रममा सरिक हुँदै आउनुभएको थियो। २०४५ सालमा कैलाश सिंहमाथि अञ्चलले अनुशासनको कारबाही चलाएपछि भीमनारायण थारू पुनः जिम्मेवारी लिएर आउनुभयो। २०४७ वैशाख १८ मा भीमनारायण थारू सचिव, भूमिश्वर ढकाल उपसचिव र कमल पौडेल, लक्ष्मण पोखेल, बलराम अधिकारी, झविलाल पोखेल, धर्म अधिकारी सदस्य रहनुभएको जिल्ला पार्टी सक्रिय दल गठन गरियो। त्यस सक्रिय दलले जिल्लालाई ६ इलाकामा विभाजन गरी संगठनहरू निर्माण गर्न थाल्यो। २०४७ साल जेठमा शिवहरि खनाल, प्रेमचन्द्र भुसाल, कुलचन्द्र अर्याल, जंजीरप्रसाद चौधरीलाई जिल्ला पार्टी सक्रिय दलमा समावेश गरियो। सोही साल साउन ६ मा तत्कालीन अञ्चल इन्चार्ज क. के.पी. ओलीको उपस्थितिमा बेदुराम भुसाल सचिव र सदस्यहरूमा कमल पौडेल, लक्ष्मण पोखेल, बलराम अधिकारी, प्रेमचन्द्र भुसाल, झविलाल पोखेल, धर्मराज अधिकारी, कुलचन्द्र अर्याल, शिवहरि खनाल, टीकाराम अर्याल र लक्ष्मण अर्याल समेत रहेको पुनर्गठित जिल्ला पार्टी सक्रिय दल बन्यो।

२०४७ पुसमा आएर बेदुराम भुसालकै नेतृत्वमा जिल्ला पार्टी सक्रिय दलका सबै सदस्यहरूसमेत खुम आचार्य र बाबुराम खनाललाई समेत समावेश गरी नेकपा (माले) जिल्ला संगठन कमिटी बन्यो। त्यस संगठन कमिटीले जिल्लाका २६६ जनालाई पार्टी सदस्यता प्रदान गरी जिल्लालाई ८ वटा इलाकामा विभाजन गरी कामलाई अगाडि बढाउने काम गऱ्यो। जसअनुसार इ.नं. १, २, ३, ४, ६, ७ र ८ मा क्रमशः शिवहरि खनाल, झविलाल पोखेल, कुलचन्द्र अर्याल, टीकाराम अर्याल, लक्ष्मण पोखेल, प्रेमचन्द्र भुसाल र बलराम अधिकारी सचिव रहेको इलाकास्तरका कमिटी तथा तौलिहवामा तीर्थराज आचार्य र कृष्णनगरमा बाबुराम खनाल सचिव रहेको नगरस्तरका कमिटी बने।

२०४७ सालमै माले-मार्क्सवादी एकीकरणपश्चात् बी.डी. मिश्रा सचिव, बेदुराम भुसाल उपसविच र कमल पौडेल, लक्ष्मण पोखेल, प्रेमचन्द्र भुसाल, बलराम अधिकारी, झविलाल पोखेल, शिवहरि खनाल, धर्मराज अधिकारी, बाबुराम खनाल, खुमप्रसाद आचार्य, टीकाराम अर्याल, लक्ष्मण अर्याल, रूक्मिणी कुँवर, धनबहादुर थापा, गिरबहादुर राना, कुलचन्द्र अर्याल, बिश्राम चौधरी, अहमद अब्दुल रउफ, जयप्रकाश विश्वकर्मा, नन्दकिशोर खरेल, माधव न्यौपाने, रामचन्द्र चौधरी, बाबर खा, लालगोपाल उपाध्याय, इफ्तेखार अहमद खा, ध्रुव रूपाखेती, साधुराम खनाल, यमनाथ पोखेल, नारायण भुसाल, खम्ब ब. शाह, खेमराज मरासिनी, केशरीनारायण चौधरी, उषा पौडेल, महेश्वर ज्ञवाली र त्रिलोचन अर्याल रहने गरी ३६ जनाको जिल्ला संगठन कमिटी बन्यो। पछि बी.डी. मिश्रालगायतका केही व्यक्तिहरूले पार्टी परित्याग गरेको हुनाले २०४८/१/१५ मा बेदुराम भुसाललाई कार्यवाहक सचिव बनाउने काम भयो।

२०४८/६/१ मा अञ्चल कमिटीका सचिव सिद्धिनाथ ज्ञवाली र सदस्यद्वय बेदुराम भुसाल तथा हरि सापकोटाको उपस्थितिमा सम्पन्न भेलाबाट हरि सापकोटा सचिव, माधव पन्थी उपसचिव र सदस्यहरूमा क्रमशः कमल पौडेल, लक्ष्मण पोखेल, प्रेमचन्द्र भुसाल, बलराम अधिकारी, झविलाल पोखेल, शिवहरि खनाल, बाबुराम खनाल, खुमप्रसाद आचार्य, लक्ष्मण अर्याल, रूक्मिणी कुँवर, कुलचन्द्र अर्याल, नन्दकिशोर खरेल, रामचन्द्र चौधरी, लालगोपाल उपाध्याय, खेमराज मरासिनीसहितको जिल्ला अधिवेशन आयोजक कमिटी गठन भयो। २०४८ साल फागुन १६ र १७ गते तत्कालीन केन्द्रीय संगठन विभाग प्रमुख

जीवराज आश्रितको प्रमुख आतिथ्यतामा प्रमथ जिल्ला अधिवेशन बाणगंगाको पिपरामा सम्पन्न भयो । उक्त अधिवेशनद्वारा भानुप्रकाश श्रेष्ठ सचिव, हरि सापकोटा उपसचिव र सदस्यहरूमा माधव पन्थी, कमल पौडेल, लक्ष्मण पोखेल, बलराम अधिकारी, झविलाल पोखेल, रूक्मिणी कुँवर, खम्बबहादुर शाह, खेमराज मरासिनी, तीर्थराज आचार्य, डम्बर शर्मा र नेत्रराज अधिकारीसहितको जिल्ला कमिटी गठन भयो । केही समयपछि हरि सापकोटा आफ्नो गृहजिल्ला चितवन र कमल पौडेल बसाई सराई गरी रूपन्देही जानुभएकाले कमिटीबाट बिदा दिइयो ।

२०४९ वैशाख ६ मा तत्कालीन नेकपा संयुक्तको जिल्ला समिति एमालेमा प्रवेश गरेको हुनाले त्यस समितिका अकवाल अहमद शाह र राघवशरण सिंह साथै अञ्चलबाट पुनः यही जिल्ला खटाइएका बेदुराम भुसाल र खुमप्रसाद आचार्यलाई कमिटीमा राखी बेदुराम भुसाललाई उपसविच बनाउने काम भयो । २०५९ चैत १९ देखि २० मा सम्पन्न दोश्रो जिल्ला अधिवेशनले बेदुराम भुसाल सविच, लक्ष्मण पोखेल उपसचिव, बलराम अधिकारी, भानुप्रकाश श्रेष्ठ, झविलाल पोखेल, माधव पन्थी, डम्मर शर्मा, टीकाराम अर्याल, टामर्जन राना, अकवाल अहमद शाह, कुमार मधु बेलवासे, रूक्मणी कुँवर, राघवशरण सिंह सदस्य रहेको जिल्ला कमिटी कपिलवस्तु गठन गऱ्यो । पछि विभिन्न मितिमा नित्यानन्द ज्ञवाली, रामलौटन तिवारी, मेघराज ज्ञवाली, विष्णु पन्थी, कृष्ण भुसाल र दशरथ पासीलाई कमिटीमा समावेश गरियो ।

२०५४ वैशाख १ र २ गते तेस्रो जिल्ला अधिवेशन तौलिहवाको बालमन्दिरमा सम्पन्न भयो । उक्त अधिवेशनले सचिवमा बेदुराम भुसाल, उपसचिवमा लक्ष्मण पोखेल र सदस्यहरूमा अकवाल अहमद शाह, उपेन्द्र खनाल, कृष्ण पौडेल, कृष्ण भण्डारी, कृष्ण भुसाल, खुमप्रसाद आचार्य, झविलाल पोखेल, टामर्जन राना, टेकराज पौडेल, डम्मर शर्मा, बलराम अधिकारी, विष्णु पन्थी, भानुप्रकाश श्रेष्ठ, रामलौटन तिवारी, रूक्मिणी कुँवर, सिताराम रविदाससमेतको जिल्ला कमिटी चयन भयो । २०५४ फागुनमा पार्टी विभाजनका कारण केही व्यक्तिहरू मालेतिर लागे पनि अधिकांश कमरेडहरू पार्टी पक्षमा नै उभिनुभयो । पार्टी कामलाई व्यवस्थित गर्न २०५४ चैतमा चक्रपाणि अर्याल, बाबुराम खनाल, दानबहादुर चौधरी, कृष्णप्रसाद भट्टराईलाई कमिटीमा समावेश गरियो । यहीबीच बेदुराम भुसाल अञ्चल समन्वय कमिटीको सचिवमा निर्वाचित हुनुभएकोले २०५५ साल जेठ २६ गते बलराम अधिकारीलाई सचिवमा निर्वाचित गरियो । २०५६ वैशाखमा उपसचिव क. लक्ष्मण पोखेलको असमायिक निधन भएकोले २०५६ जेठ २५ गते झवि पोखेललाई उपसचिवमा निर्वाचित गरिनुको साथै डिल्लीराज भुसाललाई जिल्ला कमिटीमा समावेश गरियो । पार्टी विभाजनमा मालेतिर लाग्नुभएका टीकाराम अर्यालसहित ९० जना ०५६ भदौमा पुनः मूलघरमा फर्केपछि ०५६/८/१० मा टीकाराम अर्याललाई जिल्ला कमिटीको सदस्यमा समावेश गरियो । चौथो जिल्ला अधिवेशन २०५७ वैशाख १० देखि १२ सम्म तौलिहवाको बालमन्दिरमा सम्पन्न भयो । उक्त अधिवेशनले बलराम अधिकारी सचिव, झविलाल पोखेल उपसचिव र डम्बर शर्मा, कृष्ण पौडेल, बाबुराम खनाल, के.पी. आचार्य, चक्र अर्याल, डम्मर शर्मा चापागाईं, डिल्लीराज भुसाल, दानबहादुर चौधरी, धर्मराज भुसाल, पिताम्बर खनाल, प्रभा पौडेल, विश्व कार्की, यमप्रसाद पोखेल, साधुराम खनाल र सीताराम रविदास सदस्य रहेको जिल्ला कमिटी चयन गऱ्यो भने २०५७ वैशाख १६ मा टामर्जन राना र गणेश घिमिरे कमिटीको पूर्ण सदस्यमा, २०५७/३/३ मा मोती पासी, २०५७/७/१९ मा वि.आर. आचार्य र वैकल्पिक सदस्यमा भेषराज पाण्डेलाई मनोनयन गरियो । एमाले र मालेबीच २०५७ फागुनमा एकीकरण भएपछि २०५८/१२/२ को जि.क.को बैठकले तत्कालीन मालेका ताराजन घिमिरे, कमल अर्याल, रूक्मिणी कुँवर, क्षेत्रबहादुर खत्रीलाई जि.क. मा समावेश गर्नुका साथै वैकल्पिक सदस्यद्वय भेषराज पाण्डे र मोती पासीलाई पूर्ण सदस्यमा सहबरण गरियो । २०५९ चैत २९ देखि ०६० वैशाख १ मा सिद्धार्थ क्याम्पसमा पाँचौं जिल्ला अधिवेशन सम्पन्न भयो । उक्त अधिवेशनले बलराम अधिकारी सचिव, डम्मर शर्मा उपसविच र झविलाल पोखेल, कृष्ण पौडेल, बाबुराम खनाल, टेकराज पौडेल, चक्र अर्याल, भेषराज पाण्डे, बिमला घिमिरे, नेत्र गिरी, गणेश घिमिरे, नित्यानन्द ज्ञवाली, बी.आर. आचार्य, डम्मर शर्मा चापागाईं, दानबहादुर चौधरी, उपेन्द्र खनाल, टीकाराम अर्याल, पिताम्बर खनाल, प्रभा पौडेल, कृष्ण भट्टराई, नेत्रराज अधिकारी, प्रमोद सुवेदी, सुशीलकुमार श्रीवास्तव पूर्णसदस्य र कृष्णबहादुर सोमै, विश्राम चौधरी, रूपेश श्रेष्ठ, अब्दुल अहमद रउफ वैकल्पिक सदस्य रहेको २७ सदस्यीय जिल्ला कमिटी चयन गऱ्यो । पार्टीको संशोधित नियमावली २०६० को मर्म र कामको आवश्यकतालाई ध्यानमा राखेर मिति २०६०/११/२ को जि.क.को बैठकले धर्म भुसाल, यमप्रसाद पोखेल, साधुराम खनाल, सिताराम रबिदासलाई पूर्ण सदस्य र हिरालाल पौडेल, भोजराज थारू, सहसराम यादव, मोहम्मद हुसेनलाई वैकल्पिक सदस्यमा मनोनयन गरियो ।

त्यस्तै गरी २०४९ को स्थानीय निर्वाचन गा.वि.स. अध्यक्ष, उपाध्यक्ष ३, इलाका सदस्य १ मात्र विजयी गराउन सफल भएतापनि २०५४ को स्थानीय निर्वाचन गाविस अध्यक्ष २३, उपाध्यक्ष १८, इलाका सदस्य ४, वडाध्यक्ष १६४, महिला सदस्य १९०, वडा सदस्य ५५७ गरी ९५७ स्थानमा विजयी गराउन सफल भयौं । २०५६ को संसदीय निर्वाचनमा क्षेत्र नं. १ बाट दानबहादुरी चौधरी विजयी हुनुभयो । हाल यस जिल्लामा संगठित सदस्य संख्या १३४३ रहेको छ । १५ वटै इलाका, ७७ गाविस र १ नगरपालिकामा पार्टीका कमिटीहरू बनेका छन् ।

यस जिल्लाको कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउने सम्बन्धमा विभिन्न कार्यक्रममा क. मनमोहन अधिकारी, मदन भण्डारी, जीवराज आश्रित, माधव नेपाल, प्रदिप नेपाल, के.पी. ओली, झलनाथ खनाल, अमृत बोहरा, अष्टलक्ष्मी शाक्य, सहाना प्रधान, केशव बडाल, विष्णु पौडेल, प्रदीप ज्ञवाली, शंकर पोखेल, विद्या भण्डारी, मोदनाथ प्रश्रित, वाचस्पति देवकोटा, त्रिलोचन ढकाल, बामदेव गौतम, सी.पी. मैनाली, सिद्धिनाथ ज्ञवाली, देवेन्द्र घिमिरे, भरतमोहन अधिकारी, युवराज ज्ञवालीसमेतको उपस्थितिले कार्यकर्तामा उर्जा थप्दै रह्यो । यसरी निरन्तर पार्टी काम अगाडि बढिरहेको छ ।

# पञ्च 'विस्मृत'का तीन कविता

# शताब्दीको आगमनमा

तिमी
जतिसुकै हर्षले कराऊ !
हृदय खोलेर चिच्याऊ !
या उत्सव मनाऊ !
या जतिसुकै नवयुगको उद्घोष गर !

हरेक साँझ
मेरी बुढी आमा हराएको आफ्नो अनुहार खोज्छिन्
मेरी सखी मृत सपनाको चिहान ठड्याउँछिन्
छोरी-गुमेको आफ्नो इज्जत खोज्छिन्
र मेरा काले, भुन्टे र नेप्टेहरू
हराएका आफ्ना क, ख सोध्छन्
आ-अफ्ना देश सोध्छन्
पल्लागाउँका हर्के-खर्केहरू ......
आ-आफ्नै इतिहासको कुम्लो कसेर
बेहिसाब सगरमाथा चढ्छन्-ओर्लन्छन्

यही माटो हो-तिमीले उभेको
मैले उभेको, हामी सबैले उभेको
बेपत्ता छाडेर अरूलाई- अविराम नदौड
ढाँडमात्र देखाएर 'यता'- बौलाहाको अनुहार नखोस !

# समय

सायद-बाटो नहेरी हिंड्न खोज्दा
आफ्नै शालिकमा
ठोक्किएर
यसबेला- समय
समय
कसैको घडी बन्द हुँदैमा रोक्किन
कोही रोकिँदैमा रोकिन्न
तर
यतिले झैं
खुट्टाका पञ्जा पछिल्तिर फर्काएर
हिंडिरहेछ
यसबेला-समय ।

# जीवन हराएको छ

आजकल
हरेक साँझ
कवितामा जन्मन्छु
पोखिन्छु
कलमको टुँडोबाट ।
काखी च्यापिरहेथें
अहिले
सपना हराएको छ
त्यहीं सोधिरहेछु
हो ! आजकल
जीवन हराएको छ
त्यहीं खोजिरहेछु

*- बसन्तटार, देउली, धनकुटा*

# महिला र मताधिकार

**' कमल कोइराला**

**ने**पालमा जन्मेका विश्वप्रसिद्ध महापुरूष गौतमबुद्धले महिलाहरूलाई पनि संघको सदस्यताको अधिकार पच्चीस बर्षअगाडि नै प्रदान गरिसकेका थिए । यूरोप र अमेरिकाका महिलाहरूलाई एकसय बर्षअघिसम्म भोट दिने अधिकार दिइएको थिएन ।

सबै बालिग महिलाहरूलाई सर्वप्रथम देशव्यापी मताधिकारको अधिकार दिने देश न्यूजिल्यान्ड हो । जसले, सन् १८९३ मा महिलाहरूलाई यो अधिकार दिएको थियो । त्यसअघि अमेरिकाका सबै महिलाहरूलाई होइन, केवल वायोमिङ भन्ने धेरै सानो ( त्यतिबेला एकलाख जनसंख्या पनि नभएको) प्रान्तमा मात्र सन् १८६८ मा मतको अधिकार दिइएको थियो । तर, अमेरिकाका अरू राज्यहरूमा सबै बालिग महिलाहरूलाई भोट दिने अधिकार थिएन ।

मलाई संसारभरिका सबै देशहरूको इतिहास थाहा छैन । तर थाहा भएसम्म अनुसार ऋगवेदकाल, त्यसपछि गौतम बुद्धको समय, जैनधर्मका वर्धमान महावीरको समय, सम्राट अशोक वा मौर्यको समयसम्म महिलाहरूलाई धार्मिक, सामाजिक, शैक्षिकलगायत अधिकार पुरूषसरह भएको देखिन्छ ।

जुन हिन्दु धर्ममा पछि जिउँदै महिला जलाउने सती प्रथा, विधवाले बिहा गर्न नपाउने प्रथाजस्ता कुरीति, महिलाहरूले बेद पढ्न वा शिक्षा लिन नपाउने वातावरणहरू आयो भने पुरानो समय मौर्यकालसम्म विधवा विवाह त के पति जीवित रहँदा पनि पत्नीहरूले सा-साना कारणहरू देखाएर पति छाडी अर्को पुनर्विवाहसमेत गर्न पाउँथे । सबै धार्मिक अनुष्ठानमा भाग लिने, शिक्षा प्राप्त गर्ने लगायतका उदाहरणहरू पनि पाइन्छन् ।

मौर्य सम्राट अशोककी पत्नी कारूवकीले अशोकसरह सबै धार्मिक अनुष्ठानमा सहभागी भएको देखिन्छ । अशोकका छोरीहरू संघ मित्रा र चारूमती धर्म प्रचार गर्दै हिंडेका दृष्टान्तहरू पनि छन् । यसरी संसारका अरू ठाउँभन्दा प्राचीन समयमा दक्षिण एशियाका महिलाहरू ऋगवेद, बौद्ध र जैनधर्मको उदयकालमा समानता, समान अवसर र समान अधिकारहरूबाट बञ्चित देखिँदैनन् ।

बेदहरूपछिका पौराणिक ग्रन्थहरूको समयमा पनि बिदेह (नेपालको कोशी र गण्डकमध्येको भूभागलगायत)का राजा जनकको कथामा गार्गी बाचकनवीले आफ्नो समयको सबैभन्दा विद्वान मानिएका यज्ञवाल्क्यसँग धर्म र दर्शनका विषयमा बृहदारण्यको पनिषद्मा अर्को घटना पनि पाइन्छ जसमा महिलालाई शास्त्रको ज्ञान पाउनबाट नरोकिएको देखिन्छ । त्यो के भने, आफ्नो पत्नी मैत्रेयीलाई स्वयं यज्ञवाल्क्यले शिक्षा प्रदान गरेको पाइन्छ ।

बौद्धसंघका महिलाहरूले रचना गरेको कविताहरूको संग्रह (थेरी-गाथा)हरू पनि छन् । जैनधर्मले पनि पुरूषसरह महिलाहरूलाई पनि साध्वी हुने अधिकार दिएको थियो । धेरै पछिसम्म पनि दक्षिण एशियामा कैयौं महिला रचनाकारहरू पाइन्छन् । जसमध्ये शिला भट्टारिकाको रचना चर्चित छ । केही भारतीय इतिहासकारहरू कौमुदी-महोत्सव नाटक पनि महिलाको लेखाई मान्दछन् । यी सब उदाहरणहरूबाट के देखिन्छ भने विश्वका अरू देशहरूमा महिलाहरूलाई शिक्षादीक्षा नभएको प्राचीन समयमा पनि यस क्षेत्रमा त्यस्तो थिएन । तर, पछि-पछि महिलाहरूलाई समान अधिकार दिने बुद्ध धर्म र जैनधर्महरू भारतीय उपमहाद्वीपमा लोप हुँदै गए र महिलाहरूलाई धार्मिक अनुष्ठानका (विवाह छोडी) सबैजसो अधिकार यस भूभागमा नव-हिन्दुवाद र अझ पछि घोर महिलाविरोधी मान्यताहरू राख्ने इस्लामको बोलवालाले समाप्त गर्दै गयो ।

यसरी विश्वको यस भागबाट पनि डेढ हजार-दुई बर्षहरूमा महिलाहरूका शैक्षिक, धार्मिक, पारिवारिक र सामाजिक अधिकारहरू लोप भए । केही अपवाद क्षेत्र र ठाउँहरू छोडी हामीहरू विश्वको इतिहास हेर्दा के देख्दछौं भने, सबैजसो ठाउँमा महिलाहरू अधिकारविहीन र सबै प्रकारले पुरूषहरूको अधिनमा हुन पुगे ।

तर पनि, विगत दुई सय बर्षहरूदेखि फाट्टफुट्ट महिला जागरण र महिला-आन्दोलनहरू अधिकार प्राप्तिका लागि संसारभरी उठ्दै जाँदैछन् । आज केही मात्रामा विश्वका धेरैजसो देशहरूमा प्राप्त राजनीतिक अधिकार पनि महिलाहरूले आफैं संघर्ष गरी प्राप्त गर्दै गएको देखिन्छ ।

आजभन्दा एक सय बत्तीस बर्षअघि सन् १८७२ मा आज आधुनिक र महिला समानता कानूनी रूपले स्वीकार गरेको अमेरिकामा, मतदाता सूचीमा नाम लेखाएको र भोट दिएको अपराध भनी सुसन एन्थोनीलाई पक्राउ गरिएको थियो । यूरोपको नेदरल्याण्डमा सन् १८८२ मा मतदाता सूचीमा आफ्नो नाम सामेल गर्ने प्रयास गर्दा एलेटा ज्याकोब्सको दरखास्त अस्वीकार गरिएको थियो । तर संसारका ठाउँ-ठाउँमा महिलाहरूले पुरूषसरह भोट दिने अधिकारका लागि आवाज उठाउन थाले ।

सन् १८९३ मा अर्थात् आजभन्दा एकसय एघार (१११) बर्ष पहिले मात्र न्यूजील्याण्ड संसारको प्रथम देश हुन पुग्यो जसले महिलाहरूलाई पनि पुरूष सरह बालिग मताधिकार प्रदान गऱ्यो । आधुनिक बीसौं शताब्दीको यूरोपमा पनि बल्लबल्ल फिनल्याण्डले सन् १९०६ मा महिलाहरूलाई पुरूष सरह मताधिकार दियो ।

संसदीय प्रजातन्त्रकी आमा भनिएको ब्रिटेनमा पनि महिलाहरूले काफी संघर्ष गरेपछि बल्ल प्रथम विश्वयुद्ध बितेका दस बर्षपछि सन् १९२८ मा पुरूषसरह सबै २१ बर्ष पुगेका महिलाहरूले पनि मताधिकार पाए ।

नेपालमा सन् १९५१ अर्थात् २००७ सालमा राणा शासनको अन्त भएपछि महिलाहरूले मताधिकार पाए । अझै संसारभरि महिलाहरूले विभिन्न देशहरूमा विभिन्न प्रकारले पुरूषहरूभन्दा असमान व्यवहार नै पाइराखेका छन् । बीसौं शताब्दीले धेरै देशहरूमा महिलाहरूलाई राजनीतिक रूपमा समानता प्रदान गर्‍यो । तर अझै कैयौं क्षेत्रहरू छन् जसमा समानताका लागि महिलाहरू नेपाललगायत हरेकजसो देशमा लडिराखेका छन् । आज महिलाहरू समान व्यवहार, समान कानूनी स्थिति र समानताका लागि लड्दा केही प्राप्त गरिसकेका छन्, केही प्राप्त गर्दैछन् र कैयौं प्राप्त गर्न अगाडि बढ्दैछन् ।

# मजदुर वर्गको राष्ट्रिय महाधिवेशन

काठमाडौं । नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आज नेपाल ट्रेड युनियन महासंघ (जिफण्ट) को चौथो राष्ट्रिय महाधिवेशनको उद्घाटन गर्नुभयो । त्यस अवसरमा उहाँले अन्तर्राष्ट्रिय श्रम संगठनले बालश्रमविरूद्ध तयार पारेको प्रशिक्षण सामग्री 'ट्रेड युनियन तथा बालश्रम' को नेपाली रूपान्तरणसमेत विमोचन गर्नुभएको थियो ।

प्रमुख अतिथिको रूपमा सम्बोधन गर्नुहुँदै महासचिव नेपालले राष्ट्रिय राजनीतिको सन्दर्भमा भन्नुभयो- 'प्रतिगमन लाद्ने कामलाई कुनै नेपालीले स्वीकार्न सक्ने छैनन् ।' पाँच प्रमुख राजनीतिक दलद्वारा शान्तिपूर्णरूपमा सञ्चालित संयुक्त जनआन्दोलनले जनव्यापी र मुलुकव्यापी आकार ग्रहण गरिसकेको बताउँदै उहाँले यस स्थितिमा कुनै पार्टीले खुट्टा कमाएको खण्डमा जनताको आक्रोशको सामना गर्नुपर्ने चेतावनी दिनुभयो ।

सरकारले सिंहदरवार, नारायणहिटी र निर्मल निवास रहेको इलाकालाई 'दंगाग्रस्त क्षेत्र' को रूपमा घोषणा गर्नुलाई 'लाजलाग्दो' भन्नुहुँदै महासचिव नेपालले प्रश्न गर्नुभयो- यसको अर्थ ती क्षेत्र जनताको प्रहारको केन्द्र बन्दैछन् भन्ने सरकारको आशय हो ?

दर्शनभेटको क्रमका सन्दर्भमा उहाँले जेजस्ता अनुहारका मान्छे दरबारमा पुग्दैछन् तिनबाट समस्या समाधान हुने विश्वास कसैमा नभएको जनाउँदै उहाँले भन्नुभयो-'अहिले हामीले हस्तिनापुर मागेका छैनौं, पाँच गाउँमात्र मागेका हौं ।' सिंहदरबार नेपाली जनताको भएकोमा जोड दिनुहुदै महासचिव नेपालले स्पष्ट शब्दमा भन्नुभयो- 'हामी टिके प्रधानमन्त्री बन्न चाहन्नौं ।'

यसअघि नेपाली काँग्रेसका महामन्त्री सुशील कोइरालाले जतिसुकै बर्बर प्रहार र दमन भएपनि जनताले प्रजातन्त्रको लडाई छाड्ने छैनन् भन्नुभयो । जनमोर्चा, नेपालका अध्यक्ष अमिक शेरचनको प्रश्न थियो- गरिब देश, गरिब जनताबाट उठेको राजस्वको करोडौं रकम राजाले खाइरहेका छन्, त्यस्तो राजाबाट मुलुकको हविगत कस्तो हुन पुग्ला ?

आफूहरूले प्रधानमन्त्रीको कुर्सीमा कुनै व्यक्तिको अनुहार बदल्नकै लागि मात्र जनतालाई सडकमा जान भनको होइन भन्दै नेता शेरचनले प्रतिबद्धताका साथ आन्दोलनलाई उत्कर्षमा पुर्‍याउने बताउनुभयो । नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का केन्द्रीय सदस्य खुशीलाल मण्डलले विगत ६ दशकदेखि नेपालमा प्रजातन्त्र र सामन्ती शक्तिबीच संघर्ष जारी रहेको बताउँदै नेपालको विकासको लागि प्रजातन्त्र अपरिहार्य छ भन्नुभयो ।

महाधिवेशनलाई शुभकामना दिने क्रममा विश्वका विभिन्न ट्रेड युनियन केन्द्रका सहभागी प्रतिनिधिहरूले पनि नेपालमा चालु जनआन्दोलनप्रति ऐक्यबद्धता जाहेर गरेका थिए । डेनमार्कको बोमेन वर्कर्स युनियनकी प्रतिनिधिले नेपालमा शान्ति र प्रजातन्त्रको पक्षमा आफ्नो समर्थन रहेको जनाउँदै नेपालमा भइरहेको प्रजातन्त्र पुनः बहालीको संघर्षलाई सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गर्नुभएको थियो ।

यसैगरी डेनमार्ककै अर्का प्रतिनिधिले नेपालको वर्तमान स्थितिप्रति आफू दुःखित रहेको बताउँदै एक्काइसौं शताब्दीमा पनि नेपालमा प्रजातन्त्र र प्रजातान्त्रिक संस्था रहन नदिनु सहन नसकिने कुरा हो भन्नुभयो । उहाँको भनाइ थियो- संसदीय व्यवस्थामा मात्र प्रजातन्त्र फूल्छ-फल्छ ।

आइएलओ दक्षिण एसियाका प्रतिनिधिले नेपालको मानवअधिकार स्थितिमा चिन्ता व्यक्त गर्नुभएको थियो भने दक्षिण कोरियाका एक प्रतिनिधिले प्रजातन्त्रको लागि नेपाली जनता राजाको दबावलाई चिर्दै आन्दोलनरत रहेको आफूले पाएको बताउनुभयो । अर्का कोरियाली प्रतिनिधिले आफूले अहिलेको आन्दोलनको डकुमेन्ट्री हेरेको बताउँदै नेपाली जनताको आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गर्नुभएको थियो । नेपाली जनतालाई उहाँको आह्वान थियो- आफ्नो संघर्ष जारी राख्नुस् ।

दक्षिण कोरियाकै शक्तिशाली मजदुर संगठन केसीटियुका प्रतिनिधिले काठमाडौंमा आफूले सडक संघर्ष देखेको बताउँदै संघर्षमा ऐक्यबद्धता जनाउनु भएको थियो । आफूले नेपाली जनताको शक्ति र प्रजातन्त्रप्रति उनीहरूको अनुराग महसुस गरेको भनाइ उहाँको थियो । जनताको प्रतिनिधि जनता नै हुनुपर्नेमा जोड दिंदै उहाँले हिंसक दमन तत्काल बन्द गर्न माग गर्नुभएको थियो ।

नेपालका लागि आइएलओका निर्देशक लैला टेग्मो रेड्डीले नेपाल अहिले प्रजातन्त्रको लागि संघर्षरत रहेको विचार व्यक्त गर्नुभयो र यस दौरान मजदुर नेताहरूसमेत गिरफ्तारीमा परेको प्रसंग उठाउनुभयो ।

पेशागत महासंघ नेपालका अध्यक्ष प्रा. हर्षनारायण धौभडेलले प्रतिगमनविरोधी आन्दोलन अब पाँच दलको मात्र नरहेर सम्पूर्ण जनताको आन्दोलन भइसकेको धारणा व्यक्त गर्नुभयो । 'प्रजातन्त्र हाम्रो प्राण हो' भन्नुहुँदै उहाँले आन्दोलनमा राजनीतिक दलहरूप्रति निःशर्त ऐक्यबद्धता प्रकट गर्नुभयो ।

नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष लक्ष्मण बस्नेतले प्रतिगमनविरोधी आन्दोलनमा मजदुरहरूको ऐक्यबद्धता रहेको जनाउँदै प्रतिगमनलाई सधैंका लागि समाप्त गर्न जुर्मुराउन आह्वान गर्नुभयो ।

उद्घाटन सत्रको अन्त्यको लगत्तै वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँबानेश्वरबाट निस्केको मजदुरहरूको विरोध ऱ्याली पुरानो वानेश्वर, मैतीदेवी, डिल्लीबजार, पुतलीसडक, प्रदर्शनीमार्ग, शहीदगेट हुँदै नयाँसडकसम्म पुगेको थियो । उक्त जुलुसको नेतृत्व नेपाल ट्रेड युनियन महासंघका अध्यक्ष मुकुन्द न्यौपाने, महासचिव विष्णु रिमाल, नेकपा (एमाले) का नेताहरू अमृतकुमार बोहरा, सुवास नेम्वाङ, अष्टलक्ष्मी शाक्य, राजेन्द्रप्रसाद पाण्डेलगायतले गर्नुभएको थियो । उक्त जुलुस डिल्लीबजारबाट बागबजारतर्फ लाग्न खोज्दा प्रहरीले रोकेर पुतलीसडक भृकुटीमण्डपतर्फ पठाएको थियो ।

**नेपाल ट्रेड युनियन महासंघको चौथो राष्ट्रिय महाधिवेशनद्वारा पारित केही प्रस्तावहरू :**

- श्रमिक वर्गको अधिकार, राष्ट्रियता र प्रजातन्त्र प्राप्तिको संघर्षमा शहादत प्राप्त गर्नुहुने सम्पूर्ण शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्दछ ।
- प्रतिगमनविरूद्ध प्रजातन्त्र प्राप्तिको लागि पाँच राजनीतिक पार्टीहरूद्वारा संयुक्त जनआन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै आन्दोलनमा सक्रिय सहभागिताको लागि सम्पूर्ण श्रमजीवी जनसमुदायमा हार्दिक आह्वान गर्दछ ।
- जारी संयुक्त जनआन्दोलनमाथि भएको बर्बर दमनको घोर निन्दा गर्दै राजाद्वारा नियुक्त वर्तमान सरकारको अविलम्ब खारेजी र अधिकार सम्पन्न सर्वदलीय सरकार स्थापनाको लागि जोडदार माग गर्दछ ।
- देश अब यथास्थितिमा चल्न नसक्ने हुँदा जनताको सार्वभौमसत्तालाई पूर्णरूपमा सुनिश्चित गर्दै प्रजातन्त्र सुदृढीकरण र सामाजिक-राजनीतिक अन्तविरोधको समाधान सँगसँगै अघि बढाउनका लागि आन्दोलनरत पाँच पार्टीद्वारा अघि बढाउनका लागि आन्दोलनरत पाँच पार्टीद्वारा अघि सारिएका विषयहरू तथा नेकपा (एमाले) द्वारा प्रस्ताव गरिएको राष्ट्रिय सहमतिका बुँदाको आधारमा आधारभूत विषयमा राष्ट्रिय सहमतिको प्याकेज तयार गर्न र इमान्दारिकासाथ लागू गर्न सबै सम्बद्ध पक्षहरूसँग माग गर्दछ ।
- देशमा जारी हत्या, हिंसा र सशस्त्र द्वन्द्वको स्थायी समाधानका लागि शान्तिपूर्ण माध्यम अपनाउन राज्य तथा विद्रोही दुवै पक्षलाई आह्वान गर्दछ ।

## निर्वाचित नेतृत्व

अध्यक्ष मुकुन्द न्यौपाने, उपाध्यक्ष ललितकुमार बस्नेत, विष्णु रिमाल, महासचिव विनोद श्रेष्ठ, उपमहासचिव बिन्दा पाण्डे, हरिदत्त जोशी, संयोजक केममवि बिना श्रेष्ठ, संयोजक, क्षे.सं.क. पूर्वाञ्चल ओम कोइराला, संयोजक, क्षे.सं.क. मध्यमाञ्चल उद्धव के.सी., संयोजक, क्षे.सं.क. पश्चिमाञ्चल चुडामणि जंगली, सचिव बुद्धि आचार्य, विदुर कार्की, जितेन्द्र जोन्छे, जितेन्द्र श्रेष्ठ, पेम्बा लामा, माधव न्यौपाने, रमेश बडाल, संयोजक-क्षेत्रममवि पूर्वाञ्चल अमला श्रेष्ठ, संयोजक- क्षेत्रममवि मध्यमाञ्चल गोमा तिमिल्सना, संयोजक-क्षेममवि पश्चिमाञ्चल रेणुका पाण्डे, अञ्चल अध्यक्ष, मेची- राजीव घिमिरे, अञ्चल अध्यक्ष, कोशी-जोगीलाल यादव, अञ्चल अध्यक्ष, सगरमाथा- त्रिविक्रम ज्ञवाली, अञ्चल अध्यक्ष, जनकपुर- सुरेन्द्र राई, अञ्चल अध्यक्ष ना.पू.- कमलेश झा, अञ्चल अध्यक्ष, ना.प.- मधुसुदन खतिवडा, अञ्चल अध्यक्ष, लुम्बिनी- कमल गौतम, अञ्चल अध्यक्ष, गण्डकी- सूर्यमोहन सुवेदी, अञ्चल अध्यक्ष, भेरी- केशवराज गिरी, अञ्चल अध्यक्ष, सेती- देवबहादुर बम, अञ्चल अध्यक्ष, महाकाली- धर्मानन्द पन्त, अञ्चल अध्यक्ष, बागमती- दीपक पौडेल, सदस्यहरू दिनेश राई, बलराम खत्री, नरनाथ लुईटेल, मोहन नेपाली, जनक चौधरी, सन्त राई, विष्णु लम्साल, छविलाल उप्रेती, कार्यालय सचिव कविन्द्रशेखर रिमाल रहेका छन् ।

# किसान योद्धाको जीवनी

कमरेड एकदेव आले नेपाली कम्युनिष्ट आन्दोलनका एकजना प्रतिबद्ध र स्वाभिमानी सिपाहीको नाम हो । तल्लो वर्गबाट उठेर जीवनभर शोषित-पीडित र निमुखा जनताको पक्षमा निडरता र निर्भिकताका साथ आवाज उठाउने उहाँले नेपाली कामगरी खाने आम किसानको पक्षमा गरेको आजीवन संघर्ष अहिले पनि त्यत्तिकै सम्मानयोग्य र स्मरणीय छ । उहाँको यही संघर्षशील जीवनगाथालाई दधिराज सुवेदीले पुस्तकमा लिपिबद्ध गर्नुभएको छ । 'क. एकदेव आले, संक्षिप्त जीवनी' नामक सो पुस्तकले उहाँको जीवनका समग्र पक्षहरूको अनावरण गरेको छ ।

तनहूँ जिल्लाको साधारण किसान परिवारमा जन्मिनुभएका आलेको जीवन स्वयंमा संघर्षको पर्याय हो भन्दा अत्युक्ति हुँदैन । लेखकका अनुसार, गाई चराउने गोठालो, हली, किसान, सेना, किसान नेता र पार्टीको कार्यकर्ता हुँदै संघर्षको मैदानबाट नेपाल कम्युनिष्ट पार्टीको एक सरल, प्रतिष्ठित, इमान्दार र लोकप्रिय नेताको रूपमा उहाँ स्थापित हुनुभयो । यो नै एक नागरिकको जीवनको सफलता हो । जीवनभर आफू र आफ्नो इमानप्रति दृढ रहनु वास्तवमा व्यक्तिको जीवनको सबैभन्दा ठूलो सफलता हो । त्यो सफलता आलेले पाउनुभएको छ । त्यसैकारण नै मृत्युको ३६ बर्षपछि पनि उहाँका समकालीन मात्र होइन, उहाँको बारेमा सुन्नेसमेत उहाँको नाम त्यत्तिकै श्रद्धा र सम्मानका साथ लिने गर्दछन् ।

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलालको सामिप्यमा रहेर लामो समय काम गर्नुभएका आलेले मार्क्सवादको मार्गदर्शनमा स्थानीय बर्गसंघर्ष उठाउन ऐतिहासिक योगदान दिनुभएको छ । समाजको सामन्ती संरचना परिवर्तन गर्न भूमिहीन, गरिब र निमुखा किसान जनताको पक्षमा उहाँले गर्नुभएको आन्दोलन नै नपाली कम्युनिष्ट आन्दोलनले उहाँको नामसँग जोडेर भोलिसम्म सम्झिरहने सम्पत्ति हो ।

पार्टीको निर्णय र निर्देशनमा कमरेड आलेले पश्चिमाञ्चलमा किसान आन्दोलनलाई ऐतिहासिक उचाइमा पुऱ्याउनुभएको थियो । उहाँकै नेतृत्वमा कम्युनिष्ट पार्टीले बेनीपाटन जोत, किपट जग्गा फिर्ता, जाली तमसुक तथा राजीनामा च्यात,

सुकुम्वासी, नाजायज तमसुक तथा अनुचित ब्याजविरोधी, आधाबाली वा अधियाँ, बाँधा तथा कमाराकमारी, निमेक, भूमिहीन, तिरो बहिस्कारलगायतका आन्दोलनहरूको अगुवाइ सफलतापूर्वक गरेको थियो । प्रस्तुत पुस्तकमा यी सबै आन्दोलनहरूको लेखकले सबिस्तार चर्चा गर्नुभएको छ ।

यसका अतिरिक्त उहाँको बैयक्तिक जीवनका उकाली-ओरालीहरूको जानकारी पनि पुस्तकले दिन्छ । उहाँको बारेमा समकालीन सहकर्मीहरूको धारणा पुस्तकमा समेटिएको छ, जसले पाठकलाई उहाँको समग्र व्यक्तित्व र योगदानका बारेमा बुझ्न सहयोग पुऱ्याउँछ । पुष्पलाल, मनमोहन अधिकारी, सहाना प्रधान, वामदेव गौतम, चन्द्रप्रकाश मैनाली आदिले गरेको मुल्यांकनले पनि उहाँको व्यक्तित्व उजागर गर्दछ । उहाँकी जीवनसंगिनी दलीसरा आलेको मूल्याकंन यस्तो छ -'म त उसको श्रीमती मात्र भयो । मलाई पालेन बरू मैले पाल्यो । ऊ त हाम्रो नेता पुष्पलालको साथी हो । पुष्पलाललाई पनि हाम्रो आलेले भोकभोकै रेलस्टेसनमा पत्रिका ओछ्याएर सुताउँथ्यो । कैले एक मुठी चना खाएर सुत्यो । त्यस्तो गरेपछि रोग लाग्दैन त ? त्यसैले दुबै बेला नभई मरेर गए ।'

विवेक सिर्जनशील प्रकाशनद्वारा प्रकाशित ६४ पृष्ठको सो पुस्तकको मूल्य ३० रूपैयाँ रहेको छ । यस्ता किसिमका पुस्तकले अरू पनि ओझेलमा परेका योद्धाहरू र उनीहरूका योगदानलाई चिरस्थायी बनाउन प्रेरणा दिने विश्वास गर्न सकिन्छ ।

# जेल जीवनका संस्मरणहरू

राजनीतिक कार्यकर्ताको गतिशीलता र क्रियाशीलताको नियोजनको लागि तयार गरिएको अखडा हो-जेल । राज्यसत्ता जब नागरिकको आवाजबाट आतंकित हुन्छ, तब ऊ नागरिकको आस्थालाई जेलका चार दिवारभित्र कैद गरेर सुरक्षित हुने आत्मरतिमा रमाउँछ । नेपालमा नागरिकका अधिकारहरू बहाली गर्न र जनतालाई रैतीबाट नागरिक बनाउन धेरै युवाहरूले आफ्ना जीवनको ऊर्जाशील समय खर्चेका छन् । यस्तै एक राजबन्दी हुनुहुन्छ -रामचन्द्र उप्रती । नेकपा(एमाले) झापाका नेता उप्रेतीले आफ्ना जेल जीवनका संस्मरणहरूलाई लिपीबद्ध गरेर पुस्तकाकार रूपमा सार्वजनिक गर्नुभएको छ । 'जेल डायरी' नामक सो पुस्तकमा उहाँले पञ्चायती कालरात्रीले जनताका सपनामाथि बलात्कार गरेर कसरी आफ्नो भूस्वर्गलाई अजम्वरी बनाउन खोजेको थियो र त्यसका विरूद्ध कसरी युवाहरूले संघर्ष गरे भन्नेबारे आफ्ना अनुभवहरू समेट्नुभएको छ ।

सभा, सम्मेलन, संगठन गर्ने, आफ्ना आवाज र भावनाहरूलाई एक आपसमा बाँड्ने र स्वाभिमानपूर्वक शिर उठाउन पाउने नागरिक अधिकारमाथि बन्देज लागेको बेला देशभरिका अरू सचेत र स्वाभिमानी कम्युनिष्ट योद्धाहरूले झै रामचन्द्र उप्रेतीले पनि झण्डा उठाउनुभएको थियो । त्यही अभियोगमा उहाँले झण्डैं दुई बर्षको कारावासको सजाय भोग्नुपऱ्यो । तत्कालीन नेकपा(माले)को योजनाअनुसार जनपक्षीय मञ्च गठन गरेकोमा उहाँलाई पञ्चायती सत्ताले उहाँलाई विष्णु प्रसाई,डिल्लीकुमार मैनाली, शंकर मेचे, गोपाल शिवाकोटी र गोविन्द पराजुलीसँगै पक्रेको थियो । अनेक बहाना र आरोप लगाउँदै त्यसपछि उहाँहरूलाई झापा, इलाम, राजविराज हुँदै सिरहा जेलसम्म पुऱ्यायो । जेलको निरस जीवनमा पनि उहाँहरूले देख्नुभएको परिवर्तन र स्वतन्त्रताको सपनाका विविध आयामहरू उप्रेतीले उद्घाटन गर्नुभएको छ ।

०४५ असार २८ देखि ०४७ जेठ २ गतेसम्म उहाँले राजबन्दीको रूपमा जेलमा जीवन बिताउनुभएको थियो । पुस्तकमार्फत् उहाँले त्यस अवधिको मुलुकको राजनीतिक अवस्था, आन्दोलन र आफ्नो लक्ष्यका बारेमा गरेका अनुभूतिहरूलाई लिपीबद्ध गर्नुभएको छ । जेलभित्र गरिने कडाइका बावजुद आफूहरूसँग भएको एउटै रेडियोबाट दुई कोठामा भएका राजबन्दीहरू कसरी सूचनाको नजिक पुग्थे भन्नेबारे उहाँको संस्मरण यस्तो छ- 'जेलभित्र सानासाना गतिविधिमा पनि जेल प्रशासनको निगरानी हुने भएकोले उनीहरूले थाहा नपाउने गरी ढोकाको मुनिबाट धागो छिराएर दुबै कोठामा सम्पर्क स्थापित गऱ्यौं । राती एघार बजेसम्ममा समाचारको सार तयार पारेर लेखी कागजको टुक्रालाई सानो पारेर सलाईको बट्टामा राख्ने र उक्त सलाईको बट्टालाई धागोमा बाँधिदिने गऱ्यौं । सवा एघार बजेपछि पल्लो कोठाका साथीहरूले बिस्तारै धागो तानेर बट्टालाई हातमा पारी समाचार पढ्ने गर्नुहुन्थ्यो ।'

यतिबेला फेरि जनताका अधिकार खोसिएका छन् । जनअधिकार र नागरिक स्वतन्त्रतामाथि फेरि एकपटक हमला गरिएको छ । यस्तो अवस्थामा हामीले मानसिक रूपमा जस्तोसुकै जटिलताको पनि सामना गर्न तयार गर्नुपर्ने अवस्था सिर्जना भएको छ । त्यसैले पनि यो र यस्ता अनुभवहरूको सान्दर्भिकता झन् बढेको छ । १२३ पृष्ठको उप्रेतीको यो पुस्तक राजनीतिक कार्यकर्ताका लागि पठनीय छ ।

# कम्युनिष्ट आन्दोलनका प्रेरक व्यक्तित्व-मोहन कोइरी

## ' कृष्ण पौडेल

मुलुकको कम्युनिष्ट आन्दोलनमा शुरूमै संगठित भई आजीवन निरन्तररूपले त्यो आन्दोलनलाई सही दिशामा अगाडि बढाउन सक्रियतापूर्वक क्रियाशील रहनुभएका आदरणीय कमरेडहरूको भौतिक उपस्थिति र सक्रियता अब सायदै भेट्न सकिन्छ । वि.सं. १९८१ कार्तिक २७ गते बारा जिल्लाको महेशपुरमा ग्रामीण र सर्वहारा किसान परिवारमा जन्मनुभई २००६ सालमा किसान संघमा आवद्ध भई २००८ सालमा कम्युनिष्ट पार्टीको सदस्यता लिएर हालसम्म कम्युनिष्ट आन्दोलनमा सक्रियरूपले क्रियाशील रहिरहनुभएका कमरेड मोहन कोइरी अहिले नेकपा (एमाले) बारा जिल्ला कमिटीका सल्लाहकार सदस्य हुनुहुन्छ । २००८-११ मा बारा-रौतहटमा भएको किसान आन्दोलनको नेतृत्वकर्ता र जिउँदा शहीदको रूपमा चिनिनुहुन्छ-कमरेड

मोहन कोइरी । ८० वर्षको उमेर पार गरेर पनि कमरेड मोहन कोइरी जिल्लाको कुनै पनि भागमा हुने पार्टीका कार्यक्रमहरू तथा आन्दोलनमा जीर्ण साइकलको सहाराबाटै पुग्नुहुन्छ । छिमेकी जिल्लामा हुने कार्यक्रममा समेत पुग्नुहुने कमरेड कोइरीलाई पार्टीका कार्यक्रमहरूमा बोलाइरहनु पर्दैन, कार्यक्रम थाहा पाउनासाथ एक्लै पुग्नुहुन्छ । चाहे कृषि मजदुरहरूलाई संगठित गर्ने मामिलामा होस्, चाहे युवा विद्यार्थीहरूलाई आन्दोलनमा सक्रिय सहभागी हुन प्रशिक्षित गर्ने क्रममा होस्, चाहे पार्टीका नियमित र आन्दोलनका कार्यक्रममा होस्, दृढ अठोट र विश्वास लिएर जीर्ण र धर्मराइसकेको बृद्ध शरीरका साथ पुग्नुहुन्छ र उत्साह, उमंग र जोशिलो पारामा कार्यकर्ताहरूलाई संगठित र आन्दोलित हुन अनुरोध गर्नुहुन्छः कमरेड मोहन कोइरी ।

कमरेड मोहन कोइरीले २००८ सालमा कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गर्नुभएको थियो । उहाँ २००६ सालदेखि नै किसानहरूलाई संगठित र शोषक-सामन्त र जमिन्दारहरूको शोषण उत्पीडनका विरूद्ध आन्दोलनमा जुट्नका निम्ति प्रेरित गर्ने कार्यमा लाग्नुभएको थियो । त्यसैक्रममा चेरवन्त शिशवामा भएको बेलामा क. मनमोहन त्यहाँ आउनुभएको र आफूलाई कम्युनिष्ट पार्टीको सदस्यता दिई जिल्ला कमिटीमा संगठित गर्नुभएको उहाँ बताउनुहुन्छ । आफ्नो कार्यक्षेत्र कलैया, बकुलहर, कटहरिया र गौरसम्म रहेको र त्यतिखेरसम्म पार्टीको पूर्णकालीन कार्यकर्ता बनिसकेको बताउनुहुन्छः क. कोइरी । यसैक्रममा उहाँको नेतृत्वमा जोकाहा, मोतिपुरदेखि कटहरियासम्म करिब १० कि.मि. र नरहीदेखि तेत्तरियासम्म करिब ५ कि.मि. बाटो खनिएको थियो । २००७ सालको आन्दोलनमा परवानीपुरमा गोली काण्ड भएको, कलैयामा बैंक लुटिएको र त्यो आन्दोलनमा सक्रिय सहभागी नबने पनि साथीहरूलाई लिएर हेर्न गएको बताउनुहुन्छ । २००६-००७ मा कलैयाको बाउन्न विघा (हाल पनि रहेको) तत्कालीन रामराजा भनिने मोहनविक्रम शाहले कब्जा गर्न खोज्दा सारा गाउँलेहरूलाई हातमा लाठीसहित उतारेको र प्रशासनको समेत मुकाविला गरी सार्वजनिकरूपमा कायम राख्न उहाँको अग्रसरता थियो ।

किसानहरूलाई संगठित र आन्दोलित गर्ने क्रममा कमरेड मोहन कोइरीले वि.सं. २००८ सालतिर महेशपुरमा अर्को एउटा आन्दोलन चलाउनुभयो । बाँध पैनी सफा गर्ने र खेतमा पानी पटाउने रोलक्रमको सन्दर्भमा जमिन्दारहरूले गरिरहेको अन्यायलाई तोड्ने सफलता उहाँहरूलाई प्राप्त भएको थियो । सयौं बिघाहा जमीन हुनेबाट पनि एकैजना र दुई चार कठ्ठा जमिन हुने पनि घरलौरी रूपले बाँध पैनी सफा गर्न सहभागी हुनुपर्ने र खेतमा पानी पटाउने बेला जमिन्दारको पहिला पालो हुने चलन चलाएका थिए । जमिन्दारको खेतमा पानी पटाउन कहिलेकाहीँ महिनौं लाग्ने भएकोले दुई चार कट्ठे किसानहरूको खेतीको समय बित्थ्यो र जग्गा बाँझै बस्थ्यो । त्यसका विरूद्ध आन्दोलन चलाएर कम जमिन हुने किसानहरूले सफलता पाए । एवं क्रमले विभिन्न गाउँहरूमा कमजोर र मोही किसानहरूका स-साना छिटपुट आन्दोलनहरू शुरू भएका थिए । गाउँका जमिन्दारहरूले गरीब किसानहरूलाई फलाना रे भनेर हेपेर बोलाउने, गरिबको सम्पत्ति लुट्ने, गरीबका छोरी-बुहारीको इज्जत लुट्ने ज्यादतीका विरूद्ध जुंगा (मोछ) उखेल्ने आन्दोलन; 'रे नहीं जी कहो', गरीब किसानहरूलाई थोरै ऋण दिई वा नदिइकन घरखेत असुल्ने गरी बनाइएका तमसुकहरू जलाउने आन्दोलन त्यतिखेर खासगरी रौतहट र बारा जिल्लामा सचेत किसानहरूले गाउँ तहमा चलाएका थिए । त्यतिखेर आन्दोलन चर्कने क्रममा रौतहटको परवा पथरामा जिल्लाका जमिन्दारहरू जम्मा भए । त्यहाँ आन्दोलनकारी किसानहरूमाथि गोली चलाइयो । त्यस घटनामा बिसा मुसहर भन्ने किसान मारिएको र आन्दोलनमा दमन बढेपछि भागेर आफूहरू बारा फर्किएको कुरा मोहन कोइरी बताउनुहुन्छ । रौतहट किसान आन्दोलनको स्मरण गराउँदै कुराकानीकै क्रममा उहाँ यस्तो गीत गाउनुहुन्छः-

*देखि धनिक लोगके दिन नियारामलवा*
*कवर खोनायाल वा ना*
*ओह चोर मोट घुसखोर*
*ले वे डेणा दोवर लेव जोड*
*यही से रौटहटमे पिटायलवा*
*केतनाके कागज फुकायल*
*केतनाके मोच उखाडायल*
*खिसके मारे गरीब से*
*बटैया खेत छिनायलवा*
*कहे मोहन अल वेला*
*धनिक से न डरेला*
*कैले बतिया गान वा लिखायल वा*

रौतहटमा किसान आन्दोलनको गतिमा केही अवरोध सिर्जना भए पनि बारामा किसान आन्दोलनलाई केही हदसम्म अगाडि बढाउने प्रयास गरिएको उहाँ बताउनुहुन्छ । कृषि मजदुर र गरीब किसानलाई सहयोग गर्ने उद्देश्यले हरेकबाट प्रति विघा एक मन धान संकलन गरी गाउँ-गाउँमा 'धर्मभकारी' (आठ पसरी सापटी दिएर सिजनमा नौ पसरी फिर्ता लिनेगरी, एक पसरीमा पाँच किलोग्राम हुन्छ) स्थापना गर्ने निधो भयो । तदनुरूप विशुनपुर्वाका मोहन पटवारीले त्यहाँको महाँवीर खाँ भन्ने साहुको ३ विघाहा खेतबाट ३ मन धान जबर्जस्ती लिई धर्मभकारीमा राखेछन् । उक्त साहुले गडहलका हृदयनारायण साह तेलीलाई भेटेर सर-सल्लाह गरी मोहन पटवारीलाई पक्राउ गरी गडहलमा ल्याई थुने । त्यसपछि गडहल गाउँ कमिटीले 'गडहल घेरो' अभियानका साथ जुलुस लिएर आउन सबैतिर पत्राचार गरेपछि बारा र रौतहटका विभिन्न स्थानहरूमा किसान संघको झण्डा-ब्यानरसहित जुलुसले गडहलमा सामन्त जमिन्दारहरूको घर घेरेको कुरा बारामा किसान आन्दोलन चर्केको क्षणलाई सम्झँदै कमरेड मोहन कोइरी भन्नुहुन्छ । उहाँ थप्नुहुन्छ-त्यतिखेरको जुलुसले जमिन्दारहरूलाई बैठक बसिरहेको बेला बाहिरबाट ढोका लगाई थुनियो । उनीहरूका हात्ती खोली धपाइयो, इनारमा सार्की र दुसातहरूलाई बसाइयो । दुई दिनसम्म थुनेपछि बाध्य भएर

जमिन्दारहरू किसानहरूको माग पूरा गर्न सहमत भई माफी मागे । त्यसपछि उनीहरूलाई छाडियो । माग पूरा भएकोले रौतहट र टाढा-टाढाका किसानहरूलाई बिदा गरियो । तर पछि ती जमिन्दारहरू वीरगञ्ज गई बडाहाकिमलाई घुस दिई दुई जीप सेना लिई आए । सेना आएपछि हामीलाई घेर्‍यो । मधु सिंह पक्राउ पर्नुभयो । धेरैलाई कुटपिट गरियो । मलाई पनि निर्घात कुटी मर्‍यो भनेर रूखको फेदनेर छाडिदिए । केही घण्टापछि इटहरी बेलाहीबाट जुलुस आयो । जुलुसको नाराबाजीले मेरो होस खुल्यो । त्यसलाई मैले रोकें । त्यसपछाडि सबै मानिसहरूलाई नरही भेला गराइयो । गडहलबाट पक्रिएका किसान नेताहरूलाई वीरगञ्ज नलैजाओस् भन्ने हेतुले बाटो भत्काउने र पुल उखेल्ने काम भयो । दुर्गादत्त सुब्बासहितको सेनाको गाडी विभिन्न तरहले नरही आइपुग्यो ।

नरहीमा त्यसपछाडिको घटना सम्झँदै कोइरी भन्नुहुन्छ-'मैले त्यहाँ भेला भएका सबैलाई सम्बोधन गर्दै भने-'हामी कोही नडराउँ, सेनाले केही गर्दैन ।' सबैले बाटो छेक्यौं । त्यसपछाडि त्यहाँ २७ राउण्ड गोली चल्यो । बृजकिशोर जमिन्दारले मतिर गोली चलायो । तर मलाई लागेन, त्यो गोली मसँगै रहेका मुखलाललाई लाग्यो । जुलुस तितरबितर भयो । सेना वीरगञ्जतिर लाग्यो । साथीहरूले मुखलालको लास उठाई जमिन्दारसँग बदला लिने उद्देश्यले उसको आँगनमा पुगे । जमिन्दारले गोली चलाएपछि जुलुस पुनः तितरबितर भयो । राति लास लिन सकिन्छ कि भनेर कोसिस गरियो तर सम्भव भएन । जनता डर र जमिन्दार-सेना आतंकका कारण आन्दोलनबाट पछाडि हटिसकेका थिए । किसानहरूको बैठक बसाइयो, म त आन्दोलनलाई अगाडि बढाउनुपर्छ भन्ने पक्षमा थिएँ । नन्दन अर्याल, देवनारायण साह र रमाकान्त लगायतका साथीहरूले आन्दोलन गर्ने स्थिति नरहेको सम्झाउँदै मलाई समेत लिएर फर्किए । नरहीमा चलेको गोली काण्ड र आफ्नो साथी कमरेड मुखलाल महतो गुमाएको घटनालाई क. मोहन कोइरी यसरी गीतमा व्यक्त गर्नुहुन्छ :-

*गोली खुब चलाया सुब्बा थानेदार ने*
*गडहल के मझार मे ना*
*जनता हाय हाय चिल्लाती, सुब्बा गोलिया बर्साती*
*आँख मुदकर ला रही बजारमे सुब्बा*
*रो रहथी मोहन भाइ ने ता सपनेमे याद आई*
*उनके टुकडे टुकडे करके फेकदिए तिहरौंके धारमे*
*जंगलो भम्कारो मे ना ।*

यसरी बारा-रौतहट किसान आन्दोलनको दुःखद् अन्त्य भएपछि संगठन पनि लामो समयसम्म व्यवस्थित हुन नसकेको कुरा मोहन कोइरी बताउनुहुन्छ । २०२५ सालसम्म आन्दोलनले खासै गति लिन सकेन । कम्युनिष्ट पार्टीहरूमा देखिएको विभाजनक्रमले पनि पार्टी केन्द्रसितको सम्पर्क पनि नियमित हुन सकेन । २०३० सालपछि शर्माजी (क. मुकुन्द न्यौपाने) आउनुभएपछि पुनः पार्टी कामको सिलसिला अघि बढ्यो र जिल्ला कमिटीमा संगठित भई पार्टी संगठनको काममा लागेको उहाँ थप्नुहुन्छ । पार्टी कामकै सिलसिलामा कमरेड पुष्पलाल श्रेष्ठ, क. मनमोहन अधिकारी, कमरेड तुलसीलाल आमात्यसँग पटक-पटक भेट भएको कुरा उहाँ बताउनुहुन्छ । २०४६ सालको जनआन्दोलनमा समेत सक्रिय भूमिका निर्वाह गर्नुभएका कमरेड मोहन कोइरी त्यस पछाडि निरन्तर पार्टी काममा क्रियाशील हुनुहुन्छ । बारा जिल्लामा किसानहरूका माझ लोकप्रिय रहनुभएका कमरेड मोहन कोइरी विशेषगरी कृषि मजदुरहरू संगठित हुनुपर्ने र आफ्नो हकहितको निम्ति आन्दोलित हुनुपर्ने कुरामा जोड दिनुहुन्छ । दुई वर्षअघि नेकपा (एमाले) बाराले कृषि मजदुरको ज्यालाको विषयलाई लिएर चलाएको आन्दोलनमा उहाँले सक्रिय भूमिका निर्वाह गर्नुभएको थियो ।

कमरेड मोहन कोइरी कम्युनिष्ट आन्दोलनमा निरन्तर पचास वर्ष पूरा गर्नुभएको र ७५ वर्षको उमेर पार गर्नुभएको अवसर पारेर नेकपा (एमाले) जिल्ला कमिटी, बाराले उहाँको सम्मानमा शहीद दिवसको अवसर पारेर दुई दिनसम्म २००८-११ को ऐतिहासिक किसान आन्दोलन उठेका स्थानहरू समेतमा उहाँलाई रथयात्रा गराई कैयन् स्थानहरूमा सार्वजनिक अभिनन्दन गरियो । विभिन्न कमिटी, व्यक्ति तथा संस्थाहरूले उहाँलाई सकेको दान पनि दिए । यो लगायत अरू विभिन्न कार्कमहरूमा नेकपा (एमाले)का शीर्षस्थ नेताहरू क. माधवकुमार नेपाल, क. के.पी. ओली, क. केशव बडाललगायतका नेताहरूबाट उहाँको अभिनन्दन भएको छ । उहाँले पद र प्रतिष्ठालाई कहिल्यै महत्व र घुर्कीको विषय बनाउनुभएन ।

कमरेड मोहन कोइरी लोहार जातिको हुनुहुन्छ । उहाँ फलामको काममा निपूण हुनुहुन्छ । कोदालो, हँसिया, फाली, करूवा, बञ्चरो आदि कृषि औजार बनाउने र काठको काममा अहिले पनि उहाँ संलग्न हुनुहुन्छ । घरमा अभावै अभाव छ, तर पनि उहाँले रथयात्रामा पाएका लत्ता-कपडा र कैयन् जिन्सी सामग्री आफूसँग राख्नुभएन, सबै अरूलाई बाँडदिनुभयो । जीवनभर नेकपा (एमाले)कै कार्यकर्ता भएर बस्ने अठोट लिनुभएका कमरेड कोइरी नेकपा (माओवादी)का गलत काम-कारबाहीले कम्युनिष्ट पार्टी बदनाम भइरहेको चर्चा गर्नुहुन्छ । कृषि मजदुरसँग समेत चन्दा मागेर, सोझा-सिधा निहत्था जनतालाई मृत्युको शिकार बनाएका माओवादीले गल्ती गरिरहेको उहाँ बताउनुहुन्छ ।

कमरेड मोहन कोइरीलाई तपाईंको आफ्नो इच्छा के छ भनी प्रश्न गर्दा 'अब यो उमेरमा मेरो के इच्छा हुने ?' भन्दै प्रतिप्रश्न गर्नुहुन्छ । मेरो व्यक्तिगत इच्छा त्यस्तो खासै केही छैन, पार्टीको सरकार बन्नुपर्‍यो, जनताको भलाई हुनुपर्‍यो, कृषि मजदुरहरूमा परिवर्तन हुनुपर्‍यो । पार्टीमा कहिलेकाहीं चल्ने गरेको झगडाले आफूलाई दुःखित तुल्याएको र नेताहरू मिलेर नगए पार्टी, देश र जनताको भलाई नहुने उहाँ बताउनुहुन्छ । अहिलेको अवस्थामा प्रतिगमनविरोधी आन्दोलनमा आन्दोलनरत पार्टीहरूका सम्पूर्ण कार्यकर्ताहरू, जनता सडकमा आउनुपर्छ तबमात्र राजा र सेनालाई ठीक ठाउँमा ल्याउन सकिन्छ भन्ने कोइरी यो आन्दोलनमा पनि त्यत्तिकै सक्रिय हुनुहुन्छ । मार्क्सवाद-लेनिनवादमा आफ्नो अटल आस्था रहेको बताउनुहुने मोहन कोइरी कार्लमार्क्स, एंगेल्स, लेनिन र माओलाई आफू सुत्दा पनि सम्झने बताउनुहुन्छ । ८० वर्षको जीर्ण र रोगी शरीर लिएर जीर्ण साइकलकै सहारामा पार्टी संगठनको काममा अहोरात्र खट्ने कमरेड मोहन कोइरी प्रत्येक कम्युनिष्ट र प्रगतिशील सामाजिक कार्यकर्ताहरूका निम्ति एक प्रेरणीय र महान् व्यक्तित्व हुनुहुन्छ । २००८-११ रौतहट-बारा किसान आन्दोलनका अग्रज एवं ज्यूँदा शहीद जसले आन्दोलनमा नै ५४ वर्ष

बिताइसक्नुभएको छ । कम्युनिष्ट पार्टीमा २-४ वर्ष लागेर केही पाइनँ भन्नेहरूलाई 'मेरो जीवनलाई हेर्नुस् र धारणा बनाउनुहोस्' भन्नुहुन्छ-कमरेड मोहन कोइरी ।

## *भ्रम टुटेको छ*

*' श्रीमाया थकाली, सांसद, मुस्ताङ*

*आन्दोलनको शुरूवात हुँदा यसलाई कतिपयले दलगत स्वार्थ र कुर्सीका लागि हो भनेर आलोचना गरेका थिए । तर यो एक बर्षको अवधिले त्यो कुरालाई गलत सावित गरिदिएको छ । सबै क्षेत्र, पेशा र तहबाट ऐक्यबद्धता, समर्थन र सहानुभूति प्रकट भएको छ । कतिपय पार्टीका कमजोरीहरूलाई नै प्रजातन्त्रका कमजोरी ठान्नेहरूको भ्रम पनि हटेको छ । राजधानीमा दिनहुँ भएका प्रदर्शन र सरकारी आदेशको अवज्ञाले पनि आन्दोलनप्रतिको जनसमर्थनलाई प्रमाणित गरेको छ ।*
*एक बर्षको अवधिमा राजा नांगिएका छन् । जननिर्वाचित सरकार हटाउने स्वेच्छाचारी कदम कति गलत र घातक रहेछ भन्ने कुरा पनि उनले बुझे होलान् । त्यतिमात्र होइन, दलहरूलाई लत्याउँदा के हुँदोरहेछ भन्ने कुरा पनि उनले अनुभव गरेको हुनुपर्छ । त्यसकारण अब यो आन्दोलनले छिट्टै सकारात्मक परिणाम निकाल्ने कुरामा म विश्वस्त छु ।*

## विष्णुप्रसाद पौडेल

*स्थायी कमिटी वैकल्पिक सदस्य*
*इन्चार्ज, लुम्बिनी अञ्चल समन्वय कमिटी*

- **जन्ममिति** :- २०१६/८/१५
- **जन्मस्थान** :- पुतलीबजार-१२, स्याङ्जा
- **माता** :- रेवती पौडेल **पिता** :- देवीलाल पौडेल
- **पत्नी**:- दोमाया पौडेल

  छोराः नविन/छोरीः प्रकृति पौडेल
- **शिक्षा**:- मातृभूमि मा.वि. स्याङ्जा
- **राजनीतिक जीवनको आरम्भ**

\+ २०३४ मा को.के.को सम्पर्क

\+ २०३५ असोजमा अ.ने.क.क्रा. को.के.को सदस्यता प्राप्त

- **जिम्मेवारी** :-

– २०३५ देखि पूर्णकालीन

– २०३७ मा भैरहवा जेल विद्रोह

– विभिन्न समयमा गुल्मी, अर्घाखांची र नवलपरासीको सचिव

– २०४७-४९ महाकाली अञ्चल इन्चार्ज

– २०४८ देखि केन्द्रीय कमिटी सदस्य

– २०४९ देखि लुम्बिनी अञ्चल इन्चार्ज

– २०५१ मा पाल्पा क्षेत्र नं. ३ बाट प्रतिनिधिसभा सदस्य

– २०५३-५४ मा युवा खेलकूद तथा संस्कृति मन्त्री

◆ **तपाईंको आदर्श –**

– असल मानिस बन्ने

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको ज्यादै दुःखको क्षण**

– जननेता मदन भण्डारीको निधन

– २०४६ को पार्टी विभाजन

◆ **हालको ठेगाना** :– बुटवल–९ रुपन्देही

## पृथ्वी सुब्बा गुरूङ

*केन्द्रीय कमिटी सदस्य*

◆ **जन्म मिति** - १२ मार्ग २०१०
◆ **जन्मस्थान** :– टक्सार, गिलुङ्ग – ८, लमजुङ्ग ।
◆ **माता** :– चीनिमाया गुरूङ **पिता** :- गंगाप्रसाद गुरूङ
◆ **पत्नी**:– मुनी गुरूङ, छोरीः स्मृति, ईश्वरी, एलिना, छोराः विज्ञान, समीक्षा
◆ **शिक्षा**:– वी. एस्सी., अमृत साइन्स क्याम्पस, त्रि. वि. वि, एस.एल.सी., इशानेश्वर प्रमोद हाइस्कूल, भोर्लेटार, लमजुङ्ग
◆ **राजनीतिक जीवनको आरम्भ**
+ २०२७ मा इशानेश्वर प्रमोद हाइस्कूलमा अखिलको तर्फबाट स्व.वि.यू. सचिवमा निर्वाचित
+ २०२६।०२७ देखि कम्युनिष्ट राजनीति प्रति झुकाव
+ २०३२ मा काठमाण्डुमा को. के. संग संपर्क
+ २०३२ को भारतमा सिक्किमको विलयको विरोधमा भएको विद्यार्थी आन्दोलनमा सहभागी
+ २०३५।०३६ को शिक्षक आन्दोलनमा सहभागी
+ २०३७ फागुन ७ गते पार्टी सदस्य
◆ **जिम्मेवारी** :–
- २०३६ मा नेपाल राष्ट्रिय शिक्षक संगठनको लमजुङ्ग जि. तदर्थ समितिको सदस्य
- २०३६ मा नेकपा मालेको मध्य–उत्तर इपासद र २०३७ मा पश्चिम–उत्तर इपासदमा संगठित
- २०४० मा ने.रा.शि. संगठनको जिल्ला अध्यक्ष
- २०४१ मा नेकपा माले, जि. संगठन कमिटी सदस्य
- २०४३ मा जनपक्षीय मंच, लमजुङ्गको संयोजक
- २०४४ मा प्रजातान्त्रिक राष्ट्रिय एकता मंचको लमजुङ्ग जिल्ला संयोजक र गण्डकी क्षेत्रीय कमिटीको कोषाध्यक्ष
- २०४८ देखि २०५४ सम्म नेकपा (एमाले), जि. क. लमजुङ्गको सचिव
- २०५४ को छैठौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रिय कमिटीको वैकल्पिक सदस्य
- २०६० देखि केन्द्रिय कमिटीको सदस्य
◆ **तपाईंको आदर्श –**
- इमान्दारीपूर्वक देश र जनताको सेवामा समर्पित हुने
- स्वतन्त्रता र सामाजिक न्याय प्राप्तिको उद्देश्यमा निष्ठापूर्वक निरन्तर लागिरहने
◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको दुःखद् क्षण-**
- ०५० मा मदन–आश्रितको दासढुङ्गा दुर्घटनामा हत्या भए पश्चातको परिस्थिति
◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको अप्ठ्यारो क्षण**
- पार्टी विभाजन पछि उत्पन्न निराशा र अन्यौलको क्षण

- २०४३ को पञ्चायती निर्वाचनको उपयोगपछि भएको दमनको कारण पार्टीमा देखापरेको निराशा र पलायनको क्षण

◆ **हालको ठेगाना** :- गिलुङ्ग गा.वि.स. - ८, टक्सार, लमजुङ्ग